वैशाख – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क २ | २०८१ वैशाख १६-३१ | पूर्णाङ्क ७६४



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ५ |
| इजलास नं. १ | ४ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | ७ |
| **जम्मा** | **२१** |

| | |
|---|---|
| इजलास नं. ४ | ७ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ६ |
| इजलास नं. ८ | २ |
| इजलास नं. ११ | ८ |
| **जम्मा** | **२७** |

**कूल जम्मा २१ + २७ = ४८**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, वैशाख – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ५** |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अनिल गुरूङ | १ |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोरखबहादुर खड्का | १ |
| ३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मुगाई महतो | २ |
| ४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. भरतकुमार लामा | ३ |
| ५. | बन्दी प्रत्यक्षीकरण | नवराज परियार वि. उच्च अदालत पाटन, जिल्ला ललितपुरसमेत | ४ |
| **इजलास नं. १** | | | **५ - ९** |
| ६. | निषेधाज्ञा | सौखी साह कलवारसमेत वि. तैयव महमद मियाँ | ५ |
| ७. | परमादेश | मालपोत कार्यालय, कलंकी, काठमाडौं वि. हेराशोभा तुलाधर | ६ |
| ८. | कुलोपानी | हरिबहादुर खत्रीसमेत वि. नरबहादुर कामीसमेत | ७ |
| ९. | करारनामा बमोजिम रजिस्ट्रेसन गरिपाऊँ | यमसुरजंङ लिम्बू वि. दिलिपकुमार लिम्बूसमेत | ८ |
| **इजलास नं. २** | | | **९ – १४** |
| १०. | बन्दी प्रत्यक्षीकरण | सुरज श्रेष्ठ (छोईला) वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत | ९ |
| ११. | बन्दी प्रत्यक्षीकरण | शरण गुरूङ वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत | १० |
| १२. | उत्प्रेषणसमेत | विष्णुप्रसाद तिमिल्सिना वि. विद्युत् महसुल निर्धारण आयोग, थापागाउँ, नयाँबानेश्वर काठमाडौंसमेत | ११ |
| १३. | वैदेशिक रोजगार कसुर | गंगा देवी गुरूङ वि. नेपाल सरकार | १२ |
| १४. | वैदेशिक रोजगार कसुर | मनोज थापा वि. नेपाल सरकार | १३ |
| **इजलास नं. ३** | | | **१४ – २०** |
| १५. | निर्णय बदर हक कायम | कृष्णा प्रधान वि. लिला कुमारी लुइटेल | १४ |
| १६. | मानव बेचबिखन तथा ओसारपसार | वसन्ता वि.क. वि. नेपाल सरकार | १५ |
| १७. | लिखत बदर, दर्ता बदर, दा.खा. दर्ता कायम | भोगेन्द्र झा वि. शिलादेवी झासमेत | १६ |
| १८. | बन्दी प्रत्यक्षीकरण | सोम शर्मासमेत वि. नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबारसमेत | १७ |
| १९. | उत्प्रेषण | प्रभुलाल राजवंशीसमेत वि. शिक्षा मन्त्रालय सिंहदरबारसमेत | १७ |
| २०. | भ्रष्टाचार | नेपाल सरकार वि. राजेन्द्र महर्जनसमेत | १८ |
| २१. | बैंकिङ कसुर | रोशन कार्की वि. नेपाल सरकार | २० |
| **इजलास नं. ४** | | | **२० – २६** |
| २२. | दर्ता बदर हक कायम | एकभक्त त्वायना वि. मधु शाह | २० |
| २३. | हक कायम दर्ता बदर दर्ता कायम | सुनर ठाकुर हजाम वि. प्रभु नारायण ठाकुर | २१ |
| २४. | निर्णय (बढ जग्गा) दर्ता बदर | ज्वालेन्द्रमान मल्ल वि. केशवकुमार उपाध्याय खनाल | २२ |
| २५. | अंश | सेर बहादुर डगौरासमेत वि. वविता चौधरी | २२ |
| २६. | कर्तव्य ज्यान | हरि भन्ने हरसिंह धामी वि. नेपाल सरकार | २३ |

| | | | |
|---|---|---|---|
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. टंकबहादुर कार्की | २४ |
| २८. | उत्प्रेषणसमेत | नेपाल पर्यटक यातायात व्यवसायी सङ्घसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | २५ |
| **इजलास नं. ६** | | | **२६ – ३१** |
| २९. | निषेधाज्ञा | डा.भाइकाजी तिवारी वि. कृष्णप्रसाद सत्याल | २६ |
| ३०. | निषेधाज्ञायुक्त परमादेश | डा.भाइकाजी तिवारी वि. हरिकला पौडेलसमेत | २७ |
| ३१. | निषेधाज्ञायुक्त परमादेश | डा.भाइकाजी तिवारीसमेत वि. अनिता पौडेल कुइँकेल | २९ |
| ३२. | उत्प्रेषणयुक्त परमादेशसमेत | हरिहर अधिकारी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ३० |
| **इजलास नं. ७** | | | **३१ – ३६** |
| ३३. | अबन्डा घर जग्गा बन्डा गरिपाऊँ | रघुवीर साह कानु वि. महावीरप्रसाद साह कानुसमेत | ३१ |
| ३४. | बैंकिङ कसुर | राजुकुमार प्रधान वि. नेपाल सरकार | ३२ |
| ३५. | उत्प्रेषणयुक्त / परमादेश | राजुकुमार प्रधान वि. बेस्ट फाइनान्स कम्पनी लिमिटेड (साबिक जनरल फाइनान्स लिमिटेड) समेत | ३३ |
| ३६. | बन्दी प्रत्यक्षीकरण | बुद्धिमान गुरूङ वि. उच्च अदालत, पाटनसमेत | ३४ |
| ३७. | उत्प्रेषणयुक्त परमादेश | विष्णुप्रसाद ढकाल वि. नेपाल सरकार, सहरी विकास मन्त्रालय सिंहदरबारसमेत | ३५ |
| ३८. | उत्प्रेषण | सचिन के. सुनुवार वि. उच्च अदालत पाटन, ललितपुर | ३६ |
| **इजलास नं. ८** | | | **३७ – ३९** |
| ३९. | किराया दिलाई घर खाली चलन | मोदनारायण झा वि. कृष्णबहादुर श्रेष्ठ | ३७ |
| ४०. | आयकर | अञ्जन श्रेष्ठ वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | ३८ |
| **इजलास नं. ११** | | | **३९ – ४६** |
| ४१. | उत्प्रेषणयुक्त परमादेशसमेत | सुशीला मरासिनीसमेत वि. जिल्ला प्रशासन कार्यालय, गुल्मीसमेत | ३९ |
| ४२. | आयकर | जयकुमार श्रेष्ठ वि. आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ बबरमहल, काठमाडौंसमेत | ४० |
| ४३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कमल भन्ने कुलप्रसाद तामाङ | ४२ |
| ४४. | गर्भपतन | कदिर साहसमेत वि. नेपाल सरकार | ४३ |
| ४५. | उत्प्रेषणसमेत | महेन्द्र राय यादव वि. जिल्ला सरकारी वकिलको कार्यालय रौतहट, गौरसमेत | ४४ |
| ४६. | जबरजस्ती करणी | जितबहादुर पाठक वि. नेपाल सरकार | ४४ |
| ४७. | बाटो निकास खुलाई चलन | मनराम भन्ने मनकुमार कुँवर वि. रामकृष्ण अधिकारी | ४५ |
| ४८. | परमादेशसमेत | सरली केवट वि. जिल्ला प्रशासन कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) समेत | ४६ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७९-**RC**-००२१, कर्तव्य ज्यान, नेपाल सरकार वि. अनिल गुरूङ*

प्रतिवादीले आफ्नै बाबुको हत्या गरेको भनी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजायको माग दाबी लिई अभियोगपत्र दायर भएको देखियो। सुरू तनहुँ जिल्ला अदालतबाट प्रतिवादीले आफ्नो बाबुलाई मार्ने मनसायले घरभित्रबाट जोखिमपूर्ण हतियार खुर्पा ल्याई सो खुर्पा प्रहार गरी मारेको हुँदा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ भनी मिति २०६९/३/३१ मा फैसला भएको देखियो। उक्त फैसला साधकको रोहमा जाँच गरी उच्च अदालत पोखराबाट सदर हुने, तर मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम निज प्रतिवादीलाई सर्वस्व गर्न मिलेन भनी मिति २०७७/४/२८ मा फैसला भएकोसमेत देखियो । सो फैसला साधक जाँचका सन्दर्भमा यस अदालतमा पेस हुन आएको देखिने।

मिति २०६८/८/२५ मा प्रतिवादीले आफ्नै बुबालाई खुर्पाले गर्दन घाँटीमा प्रहार गरेको कारण बुबाको मृत्यु भएको कुरा जाहेरी दरखास्त, लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायत स्वयम् प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतसमक्ष गरेको साबिती बयानसमेतबाट प्रमाणित भएको देखिन्छ। प्रतिवादीउपरको अभियोग दाबी शंकारहित तवरबाट पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय हुने ठहर गरेको सुरू तनहुँ जिल्ला अदालत र उच्च अदालत पोखराको फैसला मनासिब नै देखिन्छ। तथापि, निज प्रतिवादीको यही मुद्दाका सन्दर्भमा थुनामा रहँदाको अवस्थामा मृत्यु भइसकेको भनी कारागार कार्यालय काठमाडौंको च.नं. ३९०९ मिति २०७८/१२/१३ को पत्रबाट लेखी (प्रमाणित भई) आएको देखिँदा मुलुकी ऐन, अ.बं. १७६ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५८(१) बमोजिम निज प्रतिवादीलाई खत-बात नलाग्ने हुँदा थप केही गरिरहन नपर्ने।

इजलास अधिकृत : श्रद्धा विष्ट

इति संवत् २०७९ साल कार्तिक २७ गते रोज १ शुभम्।

**२**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७९-**RC**-००२९, कर्तव्य ज्यान, नेपाल सरकार वि. गोरखबहादुर खड्का*

मिति २०७७।३।२० गते गोरखबहादुर खड्काले बन्चरो प्रहार गरी गोपाल कुँवरलाई घाँटी र टाउकोमा प्रहार गरेको कारण घटनास्थलमा नै मृत्यु भएको हुँदा प्रतिवादीलाई कारबाही गरिपाउँ भन्ने बेहोराको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। शव परीक्षण प्रतिवेदनमा Cause of death is due to hemorrhagic shock due to incision of neck vessels and asphyxia due to cut down of trachea भनी उल्लेख भएको र मृतकको टाउकोको बायाँपट्टिको भागमा ५ से.मि. लामो १ से.मि. गहिरो घाउ रहेको, निधारमाथि टाउकोमा ७ से.मि. लामो २ से.मि. गहिरो घाँउ, दाहिनेतर्फ घाँटीमा १७ से.मि. लामो १० से.मि. गहिरो घाउ रहेको, बायाँ गालामा ३ से.मि. लामो १ से.मि. गहिरो घाउ रहेको, खुट्टाको घुँडामा खोस्त्री एक आलो घाउ रहेको लास जाँच प्रकृति मुचुल्काबाट देखिन्छ । यसरी मृतक गोपाल कुवँरको टाउको घाँटीमा चोट रहनु, पोष्टमार्टम रिपोर्टमा cut down of trachea उल्लेख हुनु र वारदातमा प्रयोग भएको बन्चरो बरामद हुनुले निज मृतकको मृत्यु धारिलो हतियार बन्चरोको प्रहारबाट भएको पुष्टि भएको देखिने।

प्रस्तुत मुद्दाको प्रत्यक्षदर्शी मृतक गोपाल कुँवरको श्रीमती हिरादेवी कुँवरले मिति २०७७।३।२० गते राती मेरो छिमेकी प्रतिवादी गोरखबहादुर खड्काले धारिलो हतियार बन्चरोले मेरो श्रीमान् गोपाल कुँवरको

टाउकोमा प्रहार गरेका हुन् । त्यसपछि फेरि गोपाल कुँवरको घाँटीलगायत टाउकोसमेतको भागमा धारिलो हतियार बन्चरो प्रहार गरेर श्रीमान्को कर्तव्य गरी ज्यान मारेको हो भनी घटना विवरण कागज र सोही बेहोरालाई समर्थन गर्ने गरी अदालतसमक्ष बकपत्रसमेत गरेको देखिन्छ । प्रतिवादी गोरखबहादुर खड्काको श्रीमती दुर्गा खड्काले मृतकले मादक पदार्थ सेवन गरी घरको बरन्डामा बसेर टोल छिमेकका मानिसहरूलाई गाली गरिरहेकोले प्रतिवादी गोरखबहादुर खड्काले आज म गोपाल कुँवरलाई मारिदिन्छु भनी बन्चरो लिई गएको र आफू वारदातस्थल पुग्दा गोरखबहादुर खड्काले मृतकको टाउकोलगायत घाँटीमा प्रहार गरी रक्ताम्य अवस्थामा छोडी घटनास्थलबाट भागी फरार भइसकेको थियो भनी कागज गरेको र अदालतसमक्ष सोही बेहोरालाई समर्थन गर्ने गरी वारदातको समयमा मेरो पतिले बन्चरो लिएर जाँदा नजानु भनी म अगाडि गएपछि मलाई गालामा थप्पड हानी लडाएर गएका हुन्, के कसरी प्रहार गरी मृतकको मृत्यु भयो मैले देखिनँ, पछि अन्य व्यक्तिहरूबाट सुनी थाहा पाएको हुँ भनी बकपत्र गरेको देखिँदा उक्त मिति २०७७।३।२० को वारदातमा प्रतिवादी गोरखबहादुर खड्काउपरको अभियोग दाबी समर्थित भएको पाइने ।

प्रतिवादी गोरखबहादुर खड्काले मृतक गोपाल कुँवरसँग रिस उठी घरबाट धारिलो हतियार बन्चरो लिई मृतकको घरमा गई मृतक गोपाल कुँवरको संवेदनशील अङ्ग टाउको र घाँटीमा प्रहार गरेको तथ्य स्थापित भएको छ । मिसिल संलग्न मृतकको फोटोसमेतलाई हेर्दा, मृतकलाई धारिलो हतियार प्रयोग गरी विभत्स रूपमा हत्या गरेको देखिँदा प्रतिवादी गोरखबहादुर खड्काले मृतकलाई मार्ने नियतले नै बन्चरो जस्तो धारिलो हतियारले प्रहार गरेको देखिँदा निज प्रतिवादीले आरोपित कसुर गरेको तथ्य शंकारहित तवरबाट प्रमाणित भएको देखिने ।

प्रतिवादी गोरखबहादुर खड्काको मृतक गोपाल कुँवरलाई मार्ने मनसाय राखेर घरबाट धारिलो हतियार बन्चरो लिई गई मृतकको संवेदनशील अङ्गमा प्रहार गरेको देखिएको छ । बन्चरो जस्तो धारिलो हतियारले प्रहार गर्दा ज्यान जान सक्तछ भन्ने जानकारी हुँदाहुँदै निज प्रतिवादीले टाउको र घाँटीमा प्रहार गरेको देखिँदा यसलाई मनसायप्रेरित हत्याको कसुर मान्नुपर्ने ।

प्रतिवादी गोरखबहादुर खड्काले मृतक गोपाल कुँवरलाई धारिलो हतियार बन्चरोले टाउको र घाँटी जस्तो संवेदनशील अङ्गमा प्रहार गरी विभत्स रूपमा हत्या गरेको देखिँदा निज प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) बमोजिमको कसुरमा सोही संहिताको दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैद हुने र प्रतिवादीबाट मृतककी श्रीमतीले रू. एक लाख क्षतिपूर्ति भराइपाउने गरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०७७/५/१ मा भएको फैसला सदर हुने ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७८/४/१९ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ कार्तिक २७ गते रोज १ शुभम् ।

**३**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७९-**RC**-०००७, कर्तव्य ज्यान, नेपाल सरकार वि. मुगाई महतो*

प्रतिवादी मुगाई महतोले बन्चरोको पछाडिपट्टिको भागले मृतक चुल्हाई महतोलाई दाहिने आँखामा प्रहार गरी सोपश्चात् बाँसको भाटाले समेत प्रहार गरी घाइते बनाई उपचारको क्रममा चुल्हाई महतोको मृत्यु भएको भन्ने बेहोराको किटानी जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण subdural hematoma due to head injury भन्ने उल्लेख भएको पाइयो । शव परीक्षण प्रतिवेदनलगायतका मिसिल प्रमाणबाट चुल्हाई महतोको मृत्यु कर्तव्यबाट भएको तथ्य प्रमाणित भएको

पाइने।

प्रमाणको स्थितितर्फ दृष्टिगत गर्दा मिति २०५३/३/२६ गते अं.१२ बजेको समयमा मुगाई महतो र चुल्हाई महतोबिच झगडा भएको देखी छुट्टाउन जाँदा मुगाई महतोले मृतक चुल्हाईलाई आँखा र नाकमा प्रहार गरेको चोटका कारण उपचारको क्रममा निजको मृत्यु भएको हो भन्नेसमेत बेहोराको घटना विवरण कागज देखिन्छ। मुगाई महतोले बन्चरोको पछाडिको बिटको भाग र बाँसको भाटाले मुगाई महतोलाई निर्मम तरिकाले कुटेको कारण आँखा र नाकसमेतको भागमा चोट लागी घाइते भएको र उपचारको क्रममा मृत्यु भएको हो भनी वस्तुस्थिति मुचुल्कामा बेहोरा लेखाउने मानिसहरूको भनाइ रहेको देखिन्छ। सोही बेहोरालाई समर्थन गर्ने गरी वस्तुस्थिति मुचुल्कामा बेहोरा लेखाउने मानिसहरू सहदेव मेहता, मनिलाल मेहता र रामदेव मेहताले अदालतसमक्ष पनि बकपत्र गरेको पाइयो। वारदातको अवस्थादेखि नै प्रतिवादी फरार रहेको हुँदा निजको निर्दोषितासम्बन्धी कुनै जिकिर रहेकोसमेत देखिँदैन। वारदातपश्चात् प्रतिवादी फरार रहेको देखिँदा सजायबाट बच्न निज अनुपस्थित रहेको भनी मान्न सकिने अवस्थासमेत देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा धार भएको वा नभएको जोखमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जति जना भई हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्ने र त्यस्ता कसुरदारलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने व्यवस्था रहेको देखिन्छ। प्रतिवादी मुगाई महतोले मृतक चुल्हाई महतोलाई जोखिमी हतियार बन्चरोले संवेदनशील अङ्ग आँखामा प्रहार गरेको कारण टाउकोमा चोट लागी उपचारको क्रममा मृत्यु भएको तथ्य पोष्टमोर्टम रिपोर्ट र साक्षीहरूको बकपत्रसमेतबाट पुष्टि भएको छ। प्रतिवादी मुगाई महतोले आरोपित कसुर गरेको तथ्य शंकारहित तवरबाट प्रमाणित भएको देखियो। निज प्रतिवादीलाई जन्मकैदको सजाय हुने नै देखिन्छ। तर, मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने कानूनी व्यवस्था रहेको हुँदा निज प्रतिवादीको सर्वश्व गरिरहन नपर्ने।

प्रतिवादी मुगाई महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. सपठित १३(१) नं. बमोजिम जन्मकैद सजाय हुने ठहर गरेको सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०७७/१२/१९ मा भएको फैसला सदर गरेको उच्च अदालत विराटनगरको मिति २०७८/१०/७ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

इति संवत् २०७९ साल कार्तिक २७ गते रोज १ शुभम्।

**४**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-**CR**-१०५९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. भरतकुमार लामा*

पुनरावेदक/वादी नेपाल सरकारले कागज गर्दाको अवस्थामा जाहेरवालाहरूसँग राहदानी नै नभएको भन्ने तथ्यलाई अन्यथा प्रमाणित गर्न नसकेको, प्रतिवादीले जाहेरवालाहरूका दाइ कुमार लामासँग रकम लिएकोमा फिर्ता गर्न बाँकी रहेको रकमको लागि कागज गरेको भनी जिकिर लिएको र वैदेशिक रोजगारको लागि जर्मन पठाउने भनी रकम लिएको भन्ने अभियोग दाबी पुष्टि हुने थप प्रमाण वादी पक्षले गुजार्न सकेको देखिएन। प्रतिवादीले मिति २०६८/२/१० मा करकाप गरी कागज गरेको हुँदा सो मितिको लिखत कागज बदर गरिपाउँ भनी काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा सो मितिमा कुनै कागज भएको नदेखिँदा वादी दाबी पुग्न सक्दैन भनी उक्त अदालतबाट फैसला भएको देखिन्छ। यसरी प्रस्तुत मुद्दामा पेस भएको लिखतभन्दा अर्कै मितिको लिखत बदरको माग गरेको अवस्थामा लिखत अन्यथा प्रमाणित नभएको भन्ने जिकिरसँग सहमत हुन सकिने देखिएन। मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा

पठाउने गरी रकम लिई कागज गरेको भन्ने पुष्टि हुन सकेको नदेखिँदा वैदेशिक रोजगारको लागि पठाउने सर्तमा रकम लिई कागज गरेको होला भन्ने अनुमान गरी प्रतिवादीलाई कसुरदार कायम गर्नु मनासिब नहुने हुँदा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा नदेखिने।

जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउने भनी रकम लिएको भनी दाबी लिएकोमा प्रतिवादीले सो प्रयोजनका लागि नभई जाहेरवालाहरूका दाइसँगको व्यवहारमा कागज गरेको भनी जिकिर लिएको र सो कागज भएको लामो समयपश्चात् मात्र जाहेरवालाहरूले राहदानी बनाएको देखिएको अवस्थामा सो लिखत वैदेशिक रोजगारको लागि विदेश पठाउने भनी रकम लिई गरेको पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठह-याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३/६/१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत - दुर्गाप्रसाद खनाल

इति संवत् २०७९ फाल्गुन १६ गते रोज ३ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७९-**WH**-०१७५, बन्दीप्रत्यक्षीकरण, नवराज परियार वि. उच्च अदालत पाटन, जिल्ला ललितपुरसमेत*

मेरो वास्तविक वतनमा म्याद तामेल भएको छैन मैले सुनुवाइको मौका पाइनँ भन्ने मुख्य निवेदन जिकिर रहेकोले त्यसतर्फ विचार गर्दा, काभ्रेपलाञ्चोक जिल्ला साबिक महादेवस्थान गा.वि.स. वडा नं. ९ परिवर्तित मण्डनदेउपुर न.पा. वडा नं. ७ घर भई हाल का.जि. चन्द्रागिरी न.पा. वडा नं. बस्ने भनी हालको वडा नं. खाली राखी जाहेरी दरखास्त दिएकोमा हालको वतनको वडा नं. खुलाउन लगाई अभियोगपत्र दायर गर्नुपर्नेमा साबिक वतन काभ्रेपलाञ्चोक जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ९ हाल मण्डनदेउपुर न.पा. वडा नं. ७ वतन राखी अभियोगपत्र दायर भएको देखिन्छ । म्यादवाला नवराज परियारको नागरिकता हेर्दा, जिल्ला काठमाडौं महादेवस्थान गा.वि.स. वडा नं. १ जन्म भई ऐ. चन्द्रागिरी न.पा. वडा नं. ५ मा स्थायी बासस्थान भन्ने देखिन्छ । निजको नामको तामेली म्याद हेर्दा, मण्डनदेउपुर न.पा.वडा नं. ७ लक्ष्मीप्रसाद शर्मा र ऐ.ऐ. का दुर्गाप्रसाद पौडेललाई साक्षी राखी वडा सचिव रामप्रसाद शर्माको रोहबरमा घरदैलोमा टाँस भएको बेहोरा उल्लेख गरी मिति २०७६।५।१७ मा म्याद तामेल भएको देखिन्छ । म्यादवाला व्यक्ति म्यादमा उल्लिखित वतनमा नभए निजको एकाघरको उमेर पुगेको परिवार पनि नभएको भए उक्त स्थानमा नहुनुको कारण खुलाउन लगाई घर दैलामा म्याद टाँस गर्नुपर्नेमा सो केही नगरी घरदैलोमा टाँस भएको भन्ने बेहोरा उल्लेख गरी म्याद तामेल भएको देखिन्छ । यसबाट निवेदकको नागरिकता र अभियोगपत्रमा उल्लिखित वतनमा जिल्ला नै फरक रहेको देखिन आयो। यसका अतिरिक्त हालको वतनमा वडा नं. खाली राखी जाहेरी दरखास्त दिएकोमा जाहेरवालालाई हाल बसोबास गरेको वतनको वडा नं. समेत खुलाउन लगाई अभियोगपत्र दायर गर्नुपर्नेमा अभियोजन पक्षले सो गरेको पनि नदेखिने।

निवेदक नवराज परियारका नाममा जारी भएको म्यादमा उल्लिखित वतनमा निज नभएपछि उक्त म्याद फिर्ता ल्याउनुपर्ने र अदालतबाट वादी पक्षलाई निजको वास्तविक वतन खुलाउन लगाई पुनः म्याद जारी गर्नुपर्ने, पुनः म्याद जारी गर्दा पनि प्रतिवादी हाजिर हुन नआए विद्युतीय सञ्चार माध्यमबाट वा राष्ट्रिय स्तरको कुनै दैनिक समाचारबाट समाह्वान तामेल गर्नुपर्ने विशेष ऐनले समेत स्पष्ट गरेको छ। उच्च अदालत पाटनले उपर्युक्त कानूनले व्यवस्था गरेबमोजिम कानूनी प्रक्रिया पूरा गरी समाह्वान तामेल गरेको नदेखिँदा निवेदक नवराज परियारको नाममा मिति २०७६।५।१७ मा तामेल भएको म्याद रीतपूर्वक तामेल भएको देखिएन। सो हुँदा उक्त म्यादबाट निजले आफूउपर दायर भएको अभियोगसम्बन्धी जानकारी

पाएको भन्न नमिल्ने।

नेपालको संविधानको भाग ३ मा मौलिक हकसम्बन्धी व्यवस्था रहेको छ। मौलिक हकअन्तर्गत धारा २०(१) मा "कुनै पनि व्यक्तिलाई पक्राउ परेको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन"। कुनै पनि व्यक्तिउपर परेको कुनै मुद्दाका सम्बन्धमा निजलाई सूचना दिई, प्रतिरक्षा गर्ने मौका प्रदान गरी स्वच्छ सुनुवाइ गर्नुपर्ने संवैधानिक व्यवस्था हो। सुनुवाइको मौका प्रदान गर्नुपर्ने प्राकृतिक न्यायको सिद्धान्त पनि हो। निवेदकको नाममा तामेली भएको समाह्वान म्यादबाट यी निवेदकको कानूनी हक एवं संवैधानिक हक हनन भएको देखिन आएकोले मिति २०७६।५।१७ मा निवेदकको घरदैलामा म्याद टाँस भएकोमा सो म्याद र उक्त म्यादलाई आधार मानी उच्च अदालत पाटनबाट मिति २०७६।९।१४।२ मा भएको फैसला तथा निज निवेदकलाई मिति २०७९।११।१४ मा दिइएको कैदी पुर्जी उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निज निवेदक/प्रतिवादीलाई हाल निज बसेको कारागार कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकमा पुनः म्याद जारी गरी म्याद तामेल गरी कानून अनुसारको प्रक्रिया पूरा गरी आवश्यक कारबाही गर्नु भनी परमादेशको आदेश जारी गरिदिएको छ।

गैरकानूनी रूपमा तामेल भएको म्यादलाई रीतपूर्वक तामेल भएको भनी भएको उच्च अदालतको फैसला बदर भए तापनि निजउपरको अभियोग कायमै रही मुद्दाको कारबाही बाँकी नै रहेको हुँदा बन्दिप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने नदेखिने।

इजलास अधिकृत : चिन्तामणी शर्मा

इति संवत् २०८० साल वैशाख ३ गते रोज १ शुभम्।

## इजलास नं.१

### ६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७०-CI-०२०२, ०७०-CI-०४०७, निषेधाज्ञा, सौखी साह कलवारसमेत वि. तैयव महमद मियाँ, जिल्ला बारा, कलैया नगरपालिका कार्यालय वि. तैयव महमद मियाँ*

जहाँसम्म पुनरावेदकहरूको प्रत्यर्थी निवेदकको जग्गामा पर्ने गरी नाला तथा बाटो बनाउने, विस्तार गर्ने कार्य नगरिएको भन्ने जिकिर छ सोतर्फ हेर्दा, निवेदक तैयव मियाँको हकको सो कि.नं.१४२ को दक्षिणतर्फ कि.नं. ३०५ को जग्गा रहेको र सोको पूर्वतर्फ उत्तर दक्षिण जोड्ने बाटो देखिन्छ। सो बाटोमा नाला तथा बाटो बनाउने कार्यमा निवेदकले बाधा पुऱ्याएकोले सार्वजनिक सडक खुलाइपाउँ भनी यिनै पुनरावेदक शौखी साह कलवारसमेतले बाराका प्रमुख जिल्ला अधिकारीलाई सम्बोधन गरी निवेदन दिएको यी पुनरावेदकहरूले पुनरावेदनसाथ पेस गरेको मिसिल संलग्न कागजातहरूबाट देखिन्छ। त्यस्तै माइस्थान टोल विकास संस्थाले च.नं. ३ मिति ०६९।१२।२३ मा कलैया नगरपालिकालाई लेखेको पत्रमा निवेदकले सो स्थानमा इँटा थुपारी बाटो बन्द गरेकोले बाटो खुलाइ पाउँ भनी पत्र लेखेको देखिन्छ। त्यसपछि कलैया नगरपालिकाले सो स्थानमा नापी कार्यालय बारालाई जग्गाको नाप नक्सा गरी प्रतिवेदन दिन पत्राचार गरेकोसमेत देखिन्छ। नापी कार्यालय बाराले दिएको नक्सा प्रतिवेदनमा स्थलगत वस्तुगत अवस्था झल्किने गरी प्रतिवेदन भएको देखिँदैन। तथापि सो स्थानमा निवेदक र पुनरावेदकहरूबिच बाटोको विषयमा पटक पटक विवाद र छलफल भएको मिसिल संलग्न कागजातहरूबाट देखिन्छ। सो स्थानमा साबिकदेखि भएको बाटोलाई निवेदकले समेत स्वीकार गरेको अवस्था छ। सो स्थानमा बाटो विस्तार तथा नाला खन्ने कार्यमा नयाँ योजना नरहेको भनी पुनरावेदकहरूले पुनरावेदन अदालत हेटौंडामा लिखित जवाफ फिराए पनि भइरहेको बाटोको मर्मत सुधार गर्ने योजना रहेको भनी कलैया नगरपालिकाले फिराएको लिखित जवाफबाट देखिन्छ। अर्थात् सो स्थानमा पुनरावेदकहरूले बाटो विस्तार गरी नाला बनाउने कार्य प्रारम्भ गर्न लाग्दा निवेदकले आफ्नो जग्गामा पर्ने

गरी बाटो विस्तार गर्न नदिई आफ्नो जग्गामा बालुवा, गिटी, ईँटा थुपारेपछि विवाद भई प्रस्तुत मुद्दा परेको देखिन्छ । सो स्थानमा साबिकदेखि चलिआएको बाटोमा निवेदकले बाधा अवरोध गरेको भन्ने देखिँदैन । त्यसमा हस्तक्षेप भएको भनी पुनरावेदकहरूले समेत भन्न सकेको अवस्था छैन अर्थात् आफ्नो निजी हकभोग स्वामित्वको जग्गामा नाला तथा बाटो विस्तार हुने आशंकाको विद्यमानता भएपछि प्रस्तुत निषेधाज्ञा मुद्दा दिएको देखिने ।

प्रत्यर्थी (निवेदक) को निर्विवाद हकभोगको कि.नं.१४२ को जग्गामा निवेदक तैयव महमद मियाँलाई घर बनाउने कार्य गर्न रोकी पुनरावेदकहरूबाट नाला बाटो बनाउने आशङ्काको विद्यमानता देखिएको अवस्थामा कानूनबमोजिम बाहेक सो जग्गामा कुनै हस्तक्षेप नगर्नु नगराउनु भनी पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०७०।३।५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजकुमार आचार्य
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०७९ आषाढ १७ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६९-**CI**-०२०४, परमादेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१४ खसबजार कलंकी स्थित मालपोत कार्यालय, कलंकी, काठमाडौं वि. हेराशोभा तुलाधर*

उल्लिखित जिल्ला काठमाडौं, गा.वि.स. सीतापाइला वडा नं. ९ख कि.नं. १०१ को क्षेत्रफल २-९-०-० मध्ये दक्षिणतर्फबाट १-१-०-० जग्गा वादी हेराशोभा महर्जनको नाममा दा.खा दर्ता हुने गरी यस अदालतबाट मिति २०६६।०८।०८ मा भएको फैसला अन्तिम भएर रहेको कुरामा विवाद देखिँदैन । नेपालको संविधानको धारा १२६(२) मा "मुद्दा मामिलाको रोहमा अदालतबाट दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने छ" भन्ने व्यवस्था रहेको पाइन्छ । तह तह हुँदै सर्वोच्च अदालतबाट भएको फैसलाअनुसार गरी माग्न आएपछि सोअनुसार फैसला कार्यान्वयन गरिदिनुपर्ने दायित्व भएका यी प्रत्यर्थी मालपोत कार्यालयमा यी निवेदकले निवेदन दिएपछि र फैसलाअनुसार फैसला कार्यान्वयन गरिदिनु भनी काठमाडौं जिल्ला अदालतबाट पत्रसमेत पठाइसकेपछि पनि सोतर्फ कारबाही प्रक्रिया अगाडि बढाएको देखिएन । कारबाही प्रक्रिया अगाडि नबढाएपछि बाध्य भई यी निवेदकले फैसला कार्यान्वयन गराइपाउन प्रस्तुत परमादेशको निवेदन दिएको देखिन आउँछ । उक्त परमादेशको निवेदन परेपछि फैसला कार्यान्वयनसम्बन्धी प्रक्रिया अगाडि बढाएको भन्नेसमेत मालपोत कार्यालयको लिखित जवाफ बेहोरा वा पुनरावेदन जिकिरमा नदेखिने ।

जहाँसम्म मुद्दा चल्दाका अवस्थामा जग्गा रोक्का नरहेको कारण जग्गा हक हस्तान्तरण भई जग्गाधनी परिवर्तन भएका र हस्तान्तरण भएको जग्गाको लिखत र दर्ता स्रेस्ताको कानूनी अस्तित्व कायम रहिरहेकोले फैसला कार्यान्वयन हुन नसकेको भन्ने पुनरावेदन जिकिर छ सो सम्बन्धमा अडबड वा द्विविधा परेको भए सो विषयमा मालपोत कार्यालयले पुर्जी गरिदिने सम्बन्धित जिल्ला अदालतमा लेखी पठाई निकासा लिई कारबाही प्रक्रिया अगाडि बढाउनुपर्नेमा अगाडि नबढाएको कारण प्रस्तुत परमादेश मुद्दा पर्न आएको देखियो । कानूनी राज्यमा कानून सर्वोपरि हुन्छ । कानूनले तोकेको दायित्वबाट कोही पनि पन्छिन मिल्दैन । लामो समयसम्म कारबाही अगाडि नबढाएपछि अन्तिम भएर रहेको फैसला कार्यान्वयनको कारबाही अगाडि बढाउनु भनी पुनरावेदन अदालत पाटनबाट भएको आदेशमा कुनै कानूनी त्रुटि नदेखिएको हुँदा पुनरावेदक तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस तथा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

यस अदालतबाट मुद्दा नं. २०६१ सालको दे.पु.नं. ९७६६ को मिति २०६६।०८।०८ मा फैसला भएको निर्णय दर्ता बदर मुद्दाको फैसला कार्यान्वयन गरिपाउन दिएको निवेदनमा कारबाही नभएपछि

निवेदिकाले कारबाही गरिपाउन प्रस्तुत परमादेशको निवेदन दिएको र फैसला कार्यान्वयनसम्बन्धी कारबाही गरिपाउँ भनी मिति २०६७।०४।२४ मा दिएको निवेदनमा अविलम्ब निर्णय गर्नु भनी यी पुनरावेदक मालपोत कार्यालय, कलंकीका नाममा परमादेशको आदेश जारी हुने गरी मिति २०६८।०९।०६ मा पुनरावेदन अदालत पाटनबाट भएको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिई मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजकुमार आचार्य

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ असार १७ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री कुमार चुडाल**, *०६७-CI-१३५१, कुलोपानी, हरिबहादुर खत्रीसमेत वि. नरबहादुर कामीसमेत*

पुनरावेदक र विपक्षीहरूका बाबु बाजेहरूसमेतले मिति २०१३ साल चैत्र १७ गते पानी बाँडफाँड सम्बन्धमा लक्ष्मी चन्द बालन क्षेत्रीलाई अख्तियारी दिइएको सुरू मिसिलबाट देखिएको छ । सो कागजमा उल्लेख भएबमोजिम च्याँटी खोलाको १६ आना पानी बाँध बाँधी वर्षामा कञ्चनपुरको बगरबरालाई ९ इन्चको एक मोहडा र डाँडा खेतको एक मोहडा कञ्चनपुर जिरायतमा १ मोहडा पानी दिई बाँकी पानी साँचोमा लगाई साँचोको भाग हापुरे २ भाग, पदमपुर १ भाग गरी ३ भाग पानीको १ बन्डा र पूर्व पश्चिम कञ्चनपुर १ बन्डा, हस्तीनापुर आधा बन्डा पानीको हिसाबले सनातनदेखि पानी बाँडफाँड गर्ने गरी सहमति भएको र सो सहमतिलाई पालना नगरेमा कानूनी कारबाहीसमेत चलाउनसक्ने गरी अख्तियारी दिएको पाइन्छ । निज लक्ष्मी चन्दका छोरा गम्भीर चन्द बालान क्षेत्रीले आफ्ना बुबाले प्राप्त गरेको पानी बाँडफाँडसम्बन्धी अख्तियारीबारेको बेहोरा स्वीकार गरी सुरू अदालतमा बयान गरिदिए पनि द्वन्द्वकालमा गा.वि.स.मा रहेका कागजात जलाइएकाले वि.सं.२०१३ सालमा भएको भनिएको उक्त कागज छ, छैन भन्न सक्दिँन भनी लेखाइदिएको देखिन्छ । पानी बाँडफाँड सम्बन्धमा दुवै पक्षका बिच भएको भनिएको सहमतिको सक्कल कागज पेस हुन नसकेको र अख्तियारी पाउने व्यक्ति नभई निजका बाबुले पाएको अख्तियारीका सम्बन्धमा निजका छोराले गरेको अदालतको बयानलाई निश्चयात्मक प्रमाणका रूपमा लिन मिल्ने देखिँदैन । उक्त अख्तियारीबमोजिम पानी बाँडफाँडका सम्बन्धमा दुवै पक्ष सहमत नभएको स्थितिमा र प्रस्तुत विवाद कुलो पानी सम्बन्धमा भएकोले हाल प्रचलित कानूनका साथै नाप नक्साबमोजिम नै प्रस्तुत विवादको निरूपण हुनुपर्ने देखिने ।

मिति २०६५।९।२५ मा सुरू अदालतबाट भएको नापनक्सा मुचुल्का र यस अदालतको आदेश अनुसार मिति २०७६।११।२३ मा भएको नक्सा मुचुल्काको नक्सा नम्बर १० (सुरू अदालतको आदेशबाट भएको नक्सामा न.नं.५) विवादित कुलोको मोहडा कि.नं. २७३ नजिक रहेकोमा सो सँगैको कित्ता नम्बर ४६ सँगै नक्सा नम्बर ५ कन्चनपुर मौजा जाने कुलो रहेको देखिन्छ । सो कुलो बिचका तीन कित्ता जग्गाहरूमा नदेखिई उत्तरतर्फ रहेको न.नं.८ बाट निरन्तर भई दक्षिणतर्फ रहेको न.नं.८ सँग मिलान हुने र सो दुवै न.नं.८ नै रहेको भन्ने देखिन आउँछ । यसरी न.नं.८ निरन्तर भई कि.नं.२७३ समेतका जग्गामा सिँचाइ हुनुपर्नेमा सो न.नं.८ को निरन्तरता टुटाई न.नं.४ को कुलो मोहडा बनाएको देखिन आउँछ । सो न.नं.८ को उत्तरतर्फको कुलोलाई निरन्तरता नदिने हो भने दक्षिणतर्फ रहेको न.नं.८ को कुलो निष्प्रयोजनयुक्त हुने देखिन्छ । उत्तरतर्फ रहेको न.नं.८ को मुहान न.नं.५ समेत हुँदै दक्षिणतर्फको न.नं.८ मा जोडिनुपर्नेमा कि.नं.४६ को सानो भागमा टुटी कि.नं.२७३ समेतका अन्य दुई कित्ता जग्गामा नजोडिएको देखिन्छ । नापनक्साको स्वरूप र प्रकृति हेर्दा उक्त न.नं.५ मुहान भएको न.नं.८ को कुलो बिचमा टुट हुनुपर्ने अवस्था पनि देखिँदैन । सोको तथ्ययुक्त र न्यायोचित कारण पनि पेस हुन सकेको पाइँदैन । यी पुनरावेदकहरूले सो कुलोबाट पानी लिन सक्ने अवस्था देखियो । यसरी न.नं.५ एवम् न.नं.८ बाट खेतमा सिँचाइका लागि

पानी लाने अवस्था रहँदा रहँदै अर्को व्यवस्था नभएको जिकिर गरी प्रत्यर्थी/वादीहरूको कुलो भाँची पानी लैजाने कार्यलाई कानूनसम्मत मान्न सकिने अवस्था देखिँदैन । साथै कुलोको शिर कट्टा गरी नयाँ कुलो बनाउँदा मुन्तिरका खेतहरूमा पानी नपुग्ने अवस्था हुनसक्ने देखिँदा उक्त मोहडाको कुलो बन्द गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मनासिब देखियो।

विवादित कुलोको मोहडा नक्सा नम्बर १४ (सुरू अदालतको आदेशबाट भएको नक्सामा न.नं.६) बाट नक्सा नम्बर १५ अर्थात् पुनरावेदक/प्रतिवादी नवराज भुषालको खेत कित्ता नम्बर २ समेतका कित्ता जग्गाहरूमा जाने गरी कुलो लगेको देखिन्छ । नक्सा मुचुल्काबाट नक्सा नम्बर १४ को कुलोको मोहडाबाट बाहेक पुनरावेदक/प्रतिवादीहरूको सो खेतहरूमा सिँचाइका लागि पानी जाने अन्य भरपर्दो विकल्प रहेको पनि देखिएन । पुनरावेदकहरूको खेतमा पानी लाने अरू स्रोत भएको भन्ने नक्सा मुचुल्काबाट नदेखिएको स्थितिमा उक्त मोहडासमेत गैरकानूनी भनी कुलो बन्द गरिदिने ठहऱ्याएको हदसम्मको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने।

सुरू अदालतबाट भएको नक्सा मुचुल्काको न.नं. ५ र सर्वोच्च अदालतको आदेशबमोजिम मिति २०७६।११।२३ मा भएको नाप नक्सा मुचुल्काको न.नं.१० को कुलोको मोहडा बन्द गर्दा पनि पुनरावेदक/प्रतिवादीहरूको खेतमा जाने आफ्नै अर्को कुलो रहेको देखिएको स्थितिमा यस अदालतबाट भई आएको नापनक्सा मुचुल्काको न.नं.१० को कुलोको मोहडा बन्द गर्ने हदसम्मको पुनरावेदन अदालत तुलसीपुर दाङको मिति २०६७।४।२३ को फैसला मनासिब भएकाले सदर हुने ठहर्छ । यसबाहेक यस अदालतको आदेशबाट भएको नाप नक्सा मुचुल्काको न.नं.१४ को कुलोको मोहडाबाट पुनरावेदक/प्रतिवादीहरूको खेतमा पानी लगेको देखिएको र सो कुलोको मोहडाबाहेक उक्त खेतमा पानी जाने अन्य भरपर्दो विकल्प पनि नदेखिएको स्थितिमा कुलोको मोहडा बन्द गर्नु न्यायोचित हुने नदेखिएकाले यस अदालतबाट भएको नाप नक्सा मुचुल्काको न.नं १४ को कुलोको मोहडाबाट सिँचाइका लागि नक्सा नं.१५ कि.नं. २ का खेतहरूमा समेत पानी जाने गरी बनाएको कुलोको मोहडा बन्द गर्ने हदसम्मको पुनरावेदन अदालत तुलसीपुर दाङबाट भएको फैसला मनासिब नदेखिँदा केही उल्टी भई न.नं.१४ को कुलोको मोहडाबाट पुनरावेदक/प्रतिवादीहरूले पानी लैजान पाउने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ भदौ १२ गते रोज १ शुभम्।

## ९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री कुमार चुडाल,** *०६५-**CI**-०२९१, करारनामाबमोजिम रजिस्ट्रेसन गरिपाऊँ, यमसुरजंङ लिम्बू वि. दिलिपकुमार लिम्बूसमेत*

पुनरावेदक / वादीको करारबमोजिमको दायित्व पूरा गराई सर्तनामा अनुसारका जग्गा रजिस्ट्रेसन गरिपाउँ भन्नेबाहेक वैकल्पिक दाबी नरहेको स्थितिमा माथि विवेचना भए अनुसार यी पुनरावेदक र प्रत्यर्थीहरूबिच भएको करारको यथावत् परिपालना गरी प्रत्यर्थीहरूबाट करारनामाबमोजिमका जग्गाहरू रजिस्ट्रेसन गराइपाउँ भनी गरेको दाबी पुग्न सक्ने नदेखिएको स्थितिमा पनि यी प्रत्यर्थी/प्रतिवादीहरूले यी पुनरावेदक/वादीबाट कोरिया पठाइदिन्छु भनी रू.४,००,०००।– (अक्षरेपि चार लाख) रकम लिएको अवस्था रहेबाट वादी प्रतिवादीबिच रकम लेनदेन भएको कुरा निर्विवाद पुष्टि हुन आएको पाइन्छ। प्रत्यर्थी/प्रतिवादी दिलिपकुमार लिम्बूले रकम फिर्ता गरेको तर कागज भने नच्यातेकोले सो कागज देखाई मुद्दा दिएको भनी जिकिर लिए पनि उक्त रकम फिर्ता गरेको प्रमाण प्रतिवादीले देखाउन सकेको पाइँदैन । रकम फिर्ता दिएको भए सो रकमको कागज च्यात्नुपर्ने वा रकम दिएको भरपाई लिनुपर्नेमा सो नगरी पैसा फिर्ता गरेको भन्ने प्रत्यर्थीको भनाइ पत्यारलायक देखिँदैन । यसरी पुनरावेदक/वादीबाट प्रत्यर्थीले कोरिया पठाइदिन्छु

भनी रकम लिई कोरिया पठाउन नसकी सोबापत जग्गा पास गरिदिने भनी सर्तनामा कागज गरिदिएको तथ्यमा दुवै पक्ष सहमत देखिएबाट यी पुनरावेदक/वादी र प्रत्यर्थी/प्रतिवादीबिच रकम लेनदेन भएको बेहोरा पुष्टि हुने।

रकम लेनदेन भएको भनी पुष्टि भएको साथै उक्त रकम पुनरावेदक/वादीलाई यी प्रत्यर्थी/प्रतिवादीले फिर्ता दिएको भन्नेसमेत मिसिलबाट नदेखिएकोले उक्त सावाँ रकम र सोको प्रचलित दरले हुने ब्याजसमेत पुनरावेदकलाई दिलाई भराइदिनु न्यायसङ्गत हुन्छ। यस सम्बन्धमा विकासमुनी बज्राचार्य पुनरावेदक/वादी र गोपिकृष्ण रेग्मी प्रत्यर्थी/प्रतिवादी भएको ०६६-**DF-**००२० करारबमोजिम दायित्व पूरा गराइपाउँ भन्ने मुद्दामा "पुनरावेदकले बैनाबापत दिएको सावाँ रकम रू.२,००,०००।- (दुई लाख) र सो रकमको कानूनबमोजिम १० प्रतिशतका दरले हुने ब्याज रकमसमेत अर्थात् सावाँ र ब्याज हिसाब गर्दा सावाँ रकमको दोब्बरभन्दा बढी भएमा दोब्बरसम्म रकम पुनरावेदक वादीले प्रत्यर्थी/प्रतिवादीबाट भराइलिन पाउने ठहर्छ" भनी र कल्पना पन्त पुनरावेदक/वादी र बुद्धि आले प्रत्यर्थी/प्रतिवादी भएको ०६६-**DF-**००२१ करारबमोजिम दायित्व पूरा गराइपाउँ भन्ने मुद्दामा "वादीले प्रतिवादीले बैनास्वरूप दिएको सावाँ रकम रू.३०००००।(तीन लाख) र सो रकमको कानूनबमोजिम १० प्रतिशतका दरले हुने ब्याज रकमसमेत अर्थात् सावाँ र ब्याज हिसाब गर्दा सावाँ रकमको दोब्बरभन्दा बढी भएमा दोब्बरसम्म रकम पुनरावेदक वादीले प्रत्यर्थी/प्रतिवादीबाट भराइलिन पाउने ठहरी" यस अदालतको बृहत् पूर्ण इजलासबाट मिति २०७६।०३।२९ मा फैसला भएको देखिएकाले सोही आधार र प्रमाणबाट करारनामाको यथावत् परिपालना हुनसक्ने अवस्था नभएको र वैकल्पिक दाबी नभएको स्थितिमा प्रस्तुत मुद्दामा पनि लेनदेन भएको रकमको सावाँ र ब्याजसम्म भराइदिनुपर्ने हुँदा पुनरावेदक/वादीबाट प्रत्यर्थी/प्रतिवादीले लिएको रकम रू.४,००,०००।– (अक्षरेपि चार लाख) सावाँ र सोको १०(दश) प्रतिशतले हुने ब्याजसमेत अर्थात् सावाँ र ब्याज हिसाब गर्दा सावाँ रकमको दोब्बरभन्दा बढी भएमा दोब्बरसम्म रकम पुनरावेदक/वादी यमसुरजंङ लिम्बूले प्रत्यर्थी/प्रतिवादी दिलिपकुमार लिम्बू र गणेशकुमार वनेमबाट दिलाई भराइपाउने देखिन आयो। लेनदेन भएको रकमको सम्बन्धमा विवेचना नै नगरी भएको तत्कालीन पुनरावेदन अदालतको फैसला सो हदसम्म मनासिब मान्न मिल्ने नदेखिने।

रू.४,००,०००।– (अक्षरेपि चार लाख) सावाँ र सोको १०(दश) प्रतिशतले हुने ब्याज अर्थात् सावाँ र ब्याज हिसाब गर्दा सावाँ रकमको दोब्बरभन्दा बढी भएमा दोब्बरसम्म रकम यी पुनरावेदक/वादी यमसुरजंङ लिम्बूलाई प्रत्यर्थी/प्रतिवादीहरूबाट दिलाई भराइदिनुपर्नेमा सो नगरेको हदसम्मको पुनरावेदन अदालत इलामबाट मिति २०६५।०५।२९ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ भदौ १२ गते रोज १ शुभम्।

## इजलास नं.२

### १०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७८-**WH-**०२६४, बन्दीप्रत्यक्षीकरण, सुरज श्रेष्ठ (छोईला) वि. उच्च अदालत पाटन, हेटौंडा इजलास मकवानपुरसमेत*

निवेदकलाई नारायणप्रसाद पौडेलको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा चितवन जिल्ला अदालतबाट मिति २०६९।३।१० मा सर्वस्वसहित जन्मकैद हुने ठहरी फैसला भएकोमा तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।२।१७ मा सदर भई सर्वोच्च अदालत काठमाडौंबाट मिति २०७६।५।१५ मा सदर भएको देखिन्छ। निज निवेदक कैदमा बसिरहेको अवस्थामा कारागारभित्र कर्तव्य ज्यानसम्बन्धी

वारदात घटेको विनु रायमाझीसमेतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी यी निवेदकसमेत भएको मुद्दामा निजलाई जन्मकैद हुने ठहरी फैसला भएकोमा सो फैसलालाई पुनरावेदन अदालत हेटौंडाले मिति २०७२।८।८ र सर्वोच्च अदालत काठमाडौंले मिति २०७६।५।१५ मा सदर गरेको भन्ने निवेदन बेहोराबाट देखिन्छ। सो दुवै फैसलाबमोजिम लागेको कैद हद गरिपाउँ भनी यी निवेदकले चितवन जिल्ला अदालतमा निवेदन दिँदा मुलुकी ऐन, दण्ड सजायको महलबमोजिम पहिलेको कैदी पुर्जीमा थप ४ वर्ष गरी संशोधित कैदी पुर्जी दिइएको अवस्था देखिने।

निवेदनको हकमा जिल्ला अदालतबाट मिति ०७२।२।२२ मा संशोधन पुर्जी जारी भइसकेको देखियो। पुनः निवेदकले सोही कानूनी प्रश्न उठाई कैद हद कायम गरिपाउँ भनी दिएको निवेदनमा उल्लिखित कानूनी व्यवस्था अनुसार निवेदकको हकमा कैद हद गरी ०७२ सालमा नै संशोधित कैदीपुर्जी दिई निजको कैद हद गरिसकेको पनि पाइयो। तसर्थ, चार वर्ष कैद थप गर्ने गरी मिति २०७२।२।२२ मा आदेश भइसकेकोमा सोही विषयमा पुनः कैद हद गर्न नमिल्ने भनी चितवन जिल्ला अदालतका तहसिलदारको मिति २०७८।१०।०५ मा भएको आदेशलाई सदर गर्ने जिल्ला न्यायाधीशबाट मिति २०७८।१०।१४ मा भएको आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७७।१२।१७ को आदेश कानूनसङ्गत नै रहेको देखिने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत, भेषराज भट्टराई

इति संवत् २०७९ साल भदौ १४ गते रोज ३ शुभम्।

**११**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-**WH**-०२६५, बन्दीप्रत्यक्षीकरण, शरण गुरूङ वि. उच्च अदालत पाटन, हेटौंडा इजलास मकवानपुरसमेत*

निवेदकलाई कैद हद गर्न नमिल्ने गरी अदालतबाट भएको आदेश हेर्दा, नारायणप्रसाद पौडेलको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा भएको जन्मकैदको सजायबमोजिम कैदी पुर्जी पाई कैदमा बसिरहेको अवस्थामा विनु रायमाझीसमेतको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा जन्मकैद हुने गरी अन्तिम फैसला भएको अवस्थामा दुवै मुद्दाको कैद हद गरिपाउँ भनी निवेदन दिँदा सुरू चितवन जिल्ला अदालतले पहिलेको नारायणप्रसाद पौडेलको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा बसेको कैद अवधि भुक्तान भएपछि पछिल्लो विनु रायमाझीसमेतको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा लागेको कैद वर्ष ४ थप गरी संशोधित कैदी पुर्जी दिएकोमा पक्राउ परेको मिति २०६६।०८।२२ बाटै दुवै कलमको कैद हद गरिपाउँ भनी पुनः निवेदन दिएकोमा यिनै निवेदनको यिनै मुद्दाहरूमा लागेको कैद हद गरी एक पटक कैदी पुर्जी संशोधन गरी कैदी पुर्जी जारी मिति २०७२।३।८ गरिसकेको अवस्थामा पुनः कैद हद गरिरहन परेन भनी सुरू चितवन जिल्ला अदालतका तहसिलदारबाट मिति २०७८।०३।३१ मा आदेश भएको पाइन्छ। सो आदेशउपर प्रतिवादीको साबिक मुलुकी ऐन दण्ड सजायको ६१ नं. बमोजिम चितवन जिल्ला अदालतमा निवेदन परेकोमा प्रतिवादी शरण गुरूङको हकमा मिति २०७२।३।८ मा कैद वर्ष २० मा थप ४ वर्ष कैद हद गरी संशोधित कैदीपुर्जी जारी गरिएकोमा पुनः निवेदनबमोजिम कैद हद गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा कैद हद गर्नु परेन भन्नेसमेत बेहोराको मिति २०७८।०५।१८ मा चितवन जिल्ला अदालतबाट आदेश भएको पाइन्छ। सो चितवन जिल्ला अदालतको आदेशमा चित्त नबुझाई यी निवेदक फौजदारी कसुर कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिम उच्च अदालत पाटन हेटौंडा इजलासमा निवेदन दिएकोमा सो अदालतले साबिक मुलुकी ऐन दण्ड सजायको ८ नं. मा भएको व्यवस्थाबमोजिम सर्वश्वसहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा कैद वा थुनामा बसेको अवस्थामा फेरि जन्मकैदको सजाय हुने थप गरेकोमा जन्मकैद भोगी

छुटी जाने भएमा ४ वर्ष थपी कैद सजाय गर्नुपर्दछ भन्ने कानून व्यवस्थाबमोजिम यी निवेदक कर्तव्य ज्यान मुद्दामा थुनामा रहेको अवस्थामा अर्को कर्तव्य ज्यान मुद्दाको वारदात घटाई सजाय भएको देखिएको अवस्थामा निजलाई कैद वर्ष २० मा थप ४ वर्ष कैद हद गरी संशोधित कैदी पुर्जी जारी गरिएकोमा पुनः कैद हद गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा कैद हद गर्नु परेन भनी त्यहाँ अदालतको तहसिलदारबाट भएको आदेशलाई सदर गर्ने गरी जिल्ला न्यायाधीशबाट भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहन परेन भनी मिति २०७८।१२।१७ मा आदेश भएको पाइने।

दण्ड सजायको महलको ८ नं. को कानूनी व्यवस्था विशेष गरेर पटकपटक अपराध गर्ने व्यक्तिलाई कानूनले सजाय हुने कसुरको थप कैद सजाय हुने व्यवस्था गरेको पाइन्छ । अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा पटके अपराधीहरूलाई थप दण्ड दिइनुपर्ने मान्यता नै हो । कैद थुनामा बसेको अवस्थामा फेरि जन्मकैदको सजाय हुने खत गरेमा जन्मकैद भोगी छुट्न पाउने भएपछि चार वर्ष थपी कैद गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखियो । सो दण्ड सजायको ८ नं. मा कसुरदारले अर्को कसुर गरेमा "थप" कैद गरिनुपर्ने स्पष्ट व्यवस्था रहेको छ । जन्मकैदको कसुरमा कैदमा बसेको व्यक्तिले थुनामा फेरि जन्मकैदकै अर्को कसुर गरेकोमा थप कैद गरिनुपर्ने कानूनी व्यवस्थाले पटके कसुरदारलाई थप कैद हुने कानूनको मनसाय रहेको पाइन्छ। सो दफामा प्रयुक्त "थप" कैद गर्नुपर्ने भन्ने वाक्यांशले निवेदकले भोगिरहेको जन्मकैदको सजायमा छुट्न पाउने भएपछि चार वर्ष थपी कैद गर्नुपर्ने हुन्छ। अत: यस सम्बन्धमा निवेदनको हकमा जिल्ला अदालतबाट मिति ०७२।०३।०८ मा संशोधन पुर्जी जारी भइसकेको देखियो। पुनः निवेदकले सोही कानूनी प्रश्न उठाई कैद हद कायम गरिपाउँ भनी दिएको निवेदनमा उल्लिखित कानूनी व्यवस्था अनुसार निवेदकको हकमा कैद हद गरी ०७२ सालमा नै संशोधित कैदी पुर्जी दिई निजको कैद हद गरिसकेको पनि पाइयो । तसर्थ चार वर्ष कैद थप गर्ने गरी मिति २०७२।०३।०८ मा आदेश भइसकेकोमा सोही विषयमा पुनः कैद हद गर्न नमिल्ने भनी चितवन जिल्ला अदालतका तहसिलदारको मिति २०७८।०३।३१ मा भएको आदेशलाई सदर गर्ने जिल्ला न्यायाधीशबाट मिति २०७८।०५।१८ मा भएको आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७७।१२।१७ को आदेश कानूनसङ्गत नै रहेको देखिने।

निवेदन माग दाबी अनुसार कैदी पुर्जी संशोधन गर्नुपर्ने अवस्था देखिन नआई मागबमोजिम आदेश जारी गरिरहनुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत, भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ १४ गते रोज ३ शुभम्।

१२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-**WO**-००८७, उत्प्रेषणसमेत, विष्णुप्रसाद तिमिल्सिना वि. विद्युत् महसुल निर्धारण आयोग, थापागाउँ, नयाँबानेश्वर काठमाडौंसमेत*

विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम ५ उप नियम (२) मा आयोगले विद्युत् महसुल र अन्य दस्तुरहरू निर्धारण गर्दा ग्राहकहरूको किसिम, सामाजिक दायित्व, अन्तर अनुदान (**Cross subsidies)** तथा विद्युत् माग व्यवस्थापनको सम्भावना (**Potential for demand side management)** समेतलाई ध्यान दिई विद्युत् महसुल तथा अन्य दस्तुर निर्धारण गर्न सक्ने प्रावधान रहेको देखिन्छ। विद्युत् महसुल परिवर्तनको लागि सूत्र (फर्मुला) निर्धारण गरी कानूनले दिएको अख्तियारको आधारमा विद्युत् महसुल परिवर्तन गरिदिएको हुँदा स्वइच्छाचारी रूपमा विद्युत् महसुल वृद्धि गर्ने निर्णय भएको देखिएन। यसैगरी विद्युत् प्राधिकरणबाट विद्युत् महसुल बढाउने सम्बन्धमा भएका काम कारबाहीउपर

यिनै निवेदक उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिवक्ता विष्णु प्रसाद तिमिल्सिना निवेदक र नेपाल विद्युत् प्राधिकरण, रत्नपार्क, काठमाडौंसमेत विपक्षी भएको उत्प्रेषणसमेत (०७१-**WO**-१९८) को रिट निवेदन यस अदालतबाट मिति २०७१।११।६ मा रिट खारेज हुने ठहरी फैसला भएको देखिन्छ। उक्त फैसलामा विद्युत् ऐन, २०४९ तथा विद्युत् महसुल निर्धारण नियमावली, २०५० को समेत व्याख्या भएको।

विद्युत् महसुल निर्धारण नेपाल विद्युत् प्राधिकरण र विद्युत् महसुल नियमन आयोगको अधिकार क्षेत्रभित्र पर्ने कुरा स्पष्ट देखिन आउँछ। निवेदकले चुनौती दिएको २०७३।४।१ देखि लागु हुने गरी भएको विद्युत् महसुल वृद्धिको सम्बन्धमा हेर्दा, विद्युत् प्राधिकरणको अनुरोधमा विद्युत् महसुल निर्धारण आयोगबाट मिति २०७३।३।१६ को निर्णयबाट विद्युत् महसुल फेरवदल गर्ने स्वीकृति प्राप्त भएको तथा विद्यमान कानून पालना गर्नुपर्ने प्राधिकरणबाट अनियन्त्रित र अनियमित कार्य नभएको भन्नेसमेत बेहोरा नेपाल विद्युत् प्राधिकरणको लिखित जवाफबाट देखिँदा सो अवस्थालाई मिसिल कागजातबाट पुष्टिसमेत भएकोले विद्युत् महसुल वृद्धि कानूनविपरीत भएको भन्ने निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

हाल विद्युत् नियमन आयोग ऐन, २०७४ र विद्युत् नियमन आयोग नियमावली, २०७५ प्रचलनमा आइसकेको अवस्था पनि देखियो । निवेदकले निवेदनमा लिएको मागदाबीबमोजिमको विद्युत् महसुलसम्बन्धी ऐन, नियम निर्माण गर्ने काम पूरा भइसकेको पाइन्छ । अब २०७३ साल श्रावण १ देखि लागु भएको विद्युत् महसुलको सम्बन्धमा हाल सोपश्चात् नयाँ ऐन, नियम जारी भई २०७७ श्रावणदेखि नयाँ विद्युत् महसुल लागु भइसकेको छ भनी विद्युत् प्राधिकरणको तर्फबाट उपस्थित कानून व्यवसायीले र नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले बहसको क्रममा भन्नु भएको र विद्युत् महसुल निर्धारण नियमावली, २०५० विद्युत् नियमन आयोग नियमावली, २०७५ को नियम ५० ले खारेज गरिसकेको पनि देखियो।

तसर्थ, माथि विवेचित आधार र कारणबाट प्रचलनमा रहेको ऐन नियमावलीलगायतका कानूनी व्यवस्थाको आधारमा विद्युत् महसुल निर्धारण सर्त र आधार निर्धारण गरी त्यसको आधारमा उपभोक्ताले बुझाउनुपर्ने महसुल निर्धारण गर्ने भन्ने व्यवस्था रहेको हुँदा अब उप्रान्त विद्युत् महसुल निर्धारण गरिँदा प्रचलित विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १३ को उपदफा (१) मा उल्लिखित आधारहरूलाई व्यावहारिक रूपमा सम्बोधन हुन सम्बन्धित निकायको ध्यानाकर्षण गरिएको छ । हाल नयाँ ऐन प्रचलनमा आई परिस्थितिमा परिवर्तन भइसकेको हुँदा प्रस्तुत रिट निवेदन मागबमोजिमको आदेश जारी गरिरहनपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शिवहरि पौडेल

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल चैत्र ६ गते रोज १ शुभम्।

**१३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-**CR**-१४१८, वैदेशिक रोजगार कसुर, गंगा देवी गुरूङ वि. नेपाल सरकार*

वस्तुतः इजाजत पत्र नलिई प्रतिवादी गंगादेवी गुरूङले जाहेरवाला शोनाम शेर्पालाई वैदेशिक रोजगारमा सिङ्गापुर पठाउने भनी निज जाहेरवालासँग रू.४,००,०००।- रकम लिई वैदेशिक रोजगार कसुर गरेको भन्ने जाहेरी तथा अभियोग दाबी रहेको देखिन्छ । प्रतिवादी गंगादेवी गुरूङ न्यायाधिकरणमा आरोपित कसुरमा इन्कार रहे तापनि मौकामा अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा जाहेरवालालाई सिङ्गापुर प्रहरीमा लगाइदिने उद्देश्यले निजसँग रू.४,००,०००।- लिएको हुँ, जाहेरीसाथ पेस भएको लिखतमा भएको सहीछाप मेरो आफ्नै हो, मैले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत अनुमति लिएको छैन भनी बयान गरेको देखिने।

प्रतिवादीले जाहेरवालालाई गरिदिएको मिति

२०७३।०६।३० को वैदेशिक रोजगारसम्बन्धी लिखत कागज हेर्दा, जाहेरवालाबाट वैदेशिक रोजगारमा सिङ्गापुर पठाइदिने सर्तमा ३ लाख २५ हजार रूपैयाँ बुझिलिएको र मिति २०७३।०७।०७ मा ७५ हजार रूपैयाँ बुझि लिई ४ लाख रूपैयाँ पुऱ्याएको भन्ने स्पष्ट रूपमा उल्लेख भएको पाइन्छ। उक्त लिखतका साक्षीद्वय सोनी महर्जन र मिना श्रेष्ठले मौकामा गरेको कागजबाट समेत लिखत बेहोरा समर्थित भएको देखिन्छ। प्रतिवादी गंगादेवी गुरूङले वैदेशिक रोजगारसम्बन्धी बेहोरा उल्लेख भएको उक्त लिखत कागजमा जाहेरवालाले जबरजस्ती सहीछाप गराएको भनी न्यायाधिकरणसमक्षको बयानमा जिकिर लिएको देखिए तापनि उक्त लिखितमा भएको सहीछाप आफ्नो होइन भन्न सकेको देखिँदैन । साथै, जाहेरवालाले प्रतिवादीलाई करकापबाट लिखत गराएको प्रमाणित गर्न कानूनी उपचारमा गई प्रतिवादीले सोको प्रमाण पुऱ्याउन सकेको पनि पाइँदैन। बरू, प्रतिवादी गंगादेवी गुरूङले उक्त कागजमा मिति २०७३।०६।३० मा जाहेरवालाबाट रू.३,२५,०००।– लिएको भनी हस्ताक्षर तथा ल्याप्चे लगाई पुनः मिति २०७३।०७।०७ मा जाहेरवालासँग थप रू.७५,०००।– लिएको भनी सोही कागजमा हस्ताक्षर गरिदिएको देखिन्छ। यसरी, जाहेरवालाबाट सक्कलै पेस भएको उक्त लिखित कागज प्रमाण ऐन, २०३१ को दफा ३५ ले निज प्रतिवादी विरूद्ध प्रमाणमा लाग्ने देखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीले जाहेरवालासँग वैदेशिक रोजगारमा सिङ्गापुर पठाइदिन्छु भनी रू.४,००,०००।– लिएको पुष्टि भएको देखिन्छ । प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिएको भनी खुलाउन सकेको अवस्था छैन। प्रतिवादीले जाहेरवालालाई विदेश पठाइसकेको अवस्था छैन । बिगोको सम्बन्धमा प्रतिवादीले जाहेरवालासँग लिएको रू.४,००,०००।– रकममध्ये रू.३,२५,०००।– जाहेरवालालाई फिर्ता बुझाइसकेको भनी जिकिर लिएकोमा सोको प्रमाण पुऱ्याउन सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २७ ले आफूले दिनु वा बुझाउनुपर्ने कुरा सो बुझाएको छ भनी प्रमाणित गर्ने भार दाबी लिनेको नै हुने देखिन्छ। यस अवस्थामा प्रतिवादी गंगादेवी गुरूङलाई १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना गर्ने तथा बिगो रू.४,००,०००।– कायम गरी बिगो र बिगोको ५०% ले हुने हर्जानासमेत गरी रू.६,००,०००।– प्रतिवादीबाट जाहेरवालाले भराइपाउने ठहर गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट भएको फैसला न्यायायोचित देखिँदा अन्यथा गरिरहनपर्ने नदेखिने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल आश्विन ४ गते रोज ३ शुभम्।

१४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-**CR**-०१५१, वैदेशिक रोजगार कसुर, मनोज थापा वि. नेपाल सरकार*

जाहेरवालाहरू राजकुमार तामाङ र महेश थापा मगर दुवै जनाले न्यायाधिकरणमा आई प्रतिवादी मनोज थापाले निजहरूलाई मरिसस मुलुकमा रोजगारमा पठाइदिन्छु भनी निजहरूबाट रकम लिएको भनी जाहेरी दरखास्तको बेहोरा पुष्टि हुने गरी बकपत्र बेहोरा लेखाइदिएको देखिन्छ । प्रतिवादीले जाहेरवालाहरूसँग जनही रू.१,००,०००।– रकम लिएको मौकामा र न्यायाधिकरणसमक्षको बयानमा समेत स्वीकारै गरेको अवस्था छ । उक्त लेनदेन जाहेरवालाहरूसँग भएको सामान्य कारोबार हो भनी प्रतिवादीले न्यायाधिकरणसमक्ष जिकिर लिए तापनि जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा मरिसस पठाउने भनी रकम लिएको भन्ने कुरा जाहेरवालाहरूबाट पेस लिखत कागज, जाहेरवालाहरूको बकपत्रसमेतबाट पुष्टि भइरहेको देखिन्छ। उक्त लिखत करकापमा भएको भनी प्रतिवादीले जिकिर लिएको देखिए तापनि प्रतिवादीको जिकिर पुग्न सकेको अवस्था छैन। प्रतिवादीको काम कारोबारको सामान्य क्रम विचार गर्दा पनि वैदेशिक रोजगारको लागि पठाउने सम्बन्धमा प्रतिवादीले

लिखत कागज गरेसमेतबाट जाहेरवालाहरूसँग निज प्रतिवादीले लिएको रकम अन्य लेनदेनको कारोबार रहेको भन्ने देखिँदैन। यस अवस्थामा, प्रतिवादी मनोज थापाले जाहेरवालाहरूसँग जनही एक लाख रूपैयाँका दरले जम्मा दुई लाख रूपैयाँ रकम लिई विदेश पठाउँछु भनी वैदेशिक रोजगार कसुर गरेको भन्ने निजउपरको अभियोग दाबी स्थापित भएको देखिने।

प्रतिवादीले जाहेरवालाहरूसँग वैदेशिक रोजगारमा मरिसस पठाइदिन्छु भनी जनही रू.१,००,०००।- लिएको पुष्टि भएको देखिन्छ । प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिएको भनी खुलाउन सकेको अवस्था छैन । प्रतिवादीले जाहेरवालाहरूलाई विदेश पठाइसकेको अवस्था छैन । निज प्रतिवादीले जाहेरवालाहरूलाई विदेश रोजगारमा मरिसस पठाउने भनी रकम लिएकोसम्म देखिन्छ । बिगोको सम्बन्धमा प्रतिवादीले जाहेरवालाहरूसँग जनही रू.१,००,०००।– रकम लिएको देखिएको अवस्था छ । यस अवस्थामा, प्रतिवादी मनोज थापालाई १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना गर्ने तथा बिगो जनही रू.१,००,०००।– कायम गरी बिगो र बिगोको ५०% ले हुने हर्जानासमेत गरी जनही रू.१,५०,०००।– प्रतिवादीबाट जाहेरवालाहरूले भराइपाउने ठहर गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट भएको फैसला न्यायायोचित देखिँदा अन्यथा गरिरहनपर्ने नदेखिने।

प्रतिवादी मनोज थापाले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र प्राप्त नगरी जाहेरवालाहरू राजकुमार तामाङ र महेश थापा मगरलाई वैदेशिक रोजगारमा मरिसस पठाउने भनी निजहरूबाट जनही रू.१,००,०००।- रकम लिई वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको देखिँदा, निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।– जरिवाना हुने तथा बिगो रू.१,००,०००।– र बिगोको ५०% ले हुने हर्जाना रू.५०,०००।- गरी जम्मा जनही रू.१,५०,०००।– निज प्रतिवादीबाट जाहेरवालाहरूले भराइपाउने ठहर गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७५।०१।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल आश्विन ४ गते रोज ३ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- वैदेशिक रोजगार कसुर, ०७६-**CR-**०६९५, मनोज थापा वि. नेपाल सरकार
- वैदेशिक रोजगार कसुर, ०७६-**CR-**०६९६, मनोज थापा वि. नेपाल सरकार
- वैदेशिक रोजगार कसुर, ०७६-**CR-**०३४४, मनोज थापा वि. नेपाल सरकार
- वैदेशिक रोजगार कसुर, ०७८-**CR-**००८१, मनोज थापा वि. नेपाल सरकार

## इजलास नं.३

**१५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-**CI-**०८६२, निर्णय बदर हक कायम, कृष्णा प्रधान वि. लिला कुमारी लुइटेल*

कि.नं. ३३९ क्षे.फ. ०-११-०-० जग्गामध्येको केही जग्गा विवादित रहेको देखियो । अदालतबाट खटिएको डोरबाट भइआएको नक्सा अनुसार न.नं. १७ को क्षे.फ ०-०-१-१ जग्गा प्रतिवादीले खिचोला गरेको भनी ठहर गरेको फैसलाउपर निज प्रतिवादीको पुनरावेदन परेको नदेखिएको हुँदा सोतर्फ अहिले विचार गरिरहन परेन । सोबाहेक वादीको पुनरावेदन जिकिरको सन्दर्भमा हेर्दा वादीको नाउँको साबिक कि.नं. ३३९ क्षे.फ ०-११-० हालैको बकसपत्र लिखतको माध्यमबाट प्राप्त भएको देखिन्छ । मिति २०६९।१०।१६ मा भएको नापनक्सा मुचुल्काबाट

वादी तथा प्रतिवादीको जग्गाको स्रेस्ता अनुसारको क्षेत्रफलभन्दा भोग अनुसारको क्षेत्रफलमा खासै अन्तर रहेको देखिएन। वादीको जग्गामध्ये केही जग्गा बाटोमा पर्न गएको भन्ने प्रतिवादीको जिकिरलाई अन्यथा भन्न मिल्ने अवस्था पनि देखिँदैन। पुनरावेदन जिकिर अनुसार न.नं. ११७ बाहेकको जग्गासमेत खिचोला भएको र वादीको हक कायम हुनेसम्मको अवस्था प्रमाणबाट पुष्टि हुन आएको नपाइने।

सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।१२।१८ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनबाट मिति २०७२।४।१७ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल फागुन २९ गते रोज २ शुभम्।

**१६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-**CR**-०५२३, ०७४-**CR**-०७३०, ०७४-**CR**-०८९४, मानव बेचबिखन तथा ओसारपसार, वसन्ता वि.क. वि. नेपाल सरकार, जंगे कुर्मी वि. नेपाल सरकार, जीवन वि.क. वि. नेपाल सरकार*

पीडित बालिकाको उमेर १५ वर्ष रहेको तथ्यमा विवाद देखिँदैन । संरक्षक (बाबु आमा) को सहमति नलिई वर्ष १५ की नाबालिकालाई भगाई, झुक्याई कपिलवस्तु पुर्‍याएको र पीडितसँग प्रतिवादी जंगे कुर्मीको विवाह गरिएको देखिन्छ । सो कार्यमा अन्य प्रतिवादीहरू वसन्ता वि.क. र जीवन वि.क.ले सहयोग पुर्‍याएको देखिन्छ । प्रतिवादीहरू वसन्ता वि.क. र जीवन वि.क. पीडित र प्रतिवादी जंगे कुर्मीबिच विवाह गराउन जंगे कुर्मीसहित पीडितको घरमा पटकपटक गएकोसमेत देखिएको छ । प्रतिवादीहरू वसन्ता वि.क.र जीवन वि.क.ले विवाहपश्चात् पीडित परिवर्तित नाम "छ" लाई अर्घाखाँचीबाट कपिलवस्तुको महाराजगन्जसम्म पुर्‍याउन गएको र प्रतिवादी जंगे कुर्मीबाट केही रकम लिए पाएकोसमेत देखिएको छ । सो तथ्यलाई प्रतिवादीहरूले स्वीकार गरी बयान गरेको पाइयो । पीडितले प्रतिवादी जंगे कुर्मीको घरमा बस्न असहज मानी पहाड घर (माइती) जान्छु भनेकोले पीडितलाई गाडी चढाउन साइकलमा राखी प्रतिवादी जंगे कुर्मीले लैजाँदै गरेको अवस्थामा प्रतिवादी जंगे कुर्मी तत्कालै पक्राउ परेको पाइने।

समग्र प्रमाण परिबन्धबाट प्रतिवादी जंगे कुर्मीसमेतले पीडित "छ" लाई भारतमा लगी बिक्री गर्ने उद्देश्य राखेको तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको देखिँदैन । पीडित नाबालक रहेकोमा संरक्षकको मन्जुरीबेगर प्रतिवादीहरू वसन्ता वि.क. र जीवन वि.क.को सहयोगमा प्रतिवादी जंगे कुर्मीले पीडितसँग विवाह गरी पीडित "छ" लाई अर्घाखाँचीबाट प्रतिवादीको घर रहेको स्थान कपिलवस्तुको महाराजगन्जसम्म पुर्‍याएको तथ्यसम्म स्थापित भएको छ । संरक्षकको मन्जुरी नलिई ललाइफकाइ पीडित नाबालिकालाई झुक्याई अर्घाखाँचीबाट कपिलवस्तु पुर्‍याएको र जंगे कुर्मीसँग विवाह गराएको देखिएको छ। जाहेरवाला र पीडित बालिकाले विविध सामाजिक सन्दर्भहरूको परिवेशमा अदालतसमक्ष बकपत्र गर्दा आफ्नो पूर्वकथनमा परिवर्तन गरेको देखिए तापनि नाबालिकालाई संरक्षकको जानकारी तथा मन्जुरी नलिई अर्घाखाँचीको घरबाट कपिलवस्तुसम्म पुर्‍याई विवाह गरे गराएको तथ्य पुष्टि भएको हुँदा यसलाई कसुरजन्य कार्य नै मान्नुपर्ने देखिन आयो । यसरी नाबालिका पीडितलाई आफ्नो घर लैजाने प्रतिवादी जंगे कुर्मीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) बमोजिम तथा प्रतिवादी जंगे कुर्मीसँग पीडितको विवाह गराई पीडितलाई जंगे कुर्मीको घरसम्म लैजानमा सहयोग पुर्‍याउने प्रतिवादीहरू बसन्ता वि.क. र जीवन वि.क.लाई ऐ. ऐनको दफा १५(१)(ज) बमोजिम सजाय हुने।

सुरू अर्घाखाँची जिल्ला अदालतको मिति २०७३/१०/२७ को फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४/२/२६ को

फैसला केही उल्टी भई प्रतिवादीमध्येका जंगे कुर्मीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) बमोजिम ७ (सात) वर्ष कैद सजाय र प्रतिवादीहरू बसन्ता वि.क. र जीवन वि.क.लाई जनही उक्त ऐनको दफा १५(१)(ज) बमोजिम तीन वर्ष छ महिना कैद सजाय हुने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल चैत्र २३ गते रोज ५ शुभम्।

१७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-**CI**-०१२७, लिखत बदर, दर्ता बदर, दा.खा. दर्ता कायम, भोगेन्द्र झा वि. शिलादेवी झासमेत*

मेरो हकको जग्गा विभिन्न मितिमा बिक्री गरेको हुँदा बदर गरी मेरो हककायम गरिपाउँ भन्ने प्रस्तुत मुद्दाको फिराद मिति २०६६/१२/५ मा धनुषा जिल्ला अदालतमा दर्ता भएको देखिन्छ । हदम्याद नघाई वादीको फिराद परेकोले फिराद दाबी खारेज गरिपाउँ भन्ने प्रतिवादीको जिकिर रहेको पाइयो । अदालतको फैसलाबमोजिम वादीका नाममा कायम हुनुपर्ने जग्गा विवादका लिखतबाट अन्यत्र हक हस्तान्तरण भएको हुँदा आवश्यक कारबाहीका लागि भनी वादीले मिति २०६६/४/१४ मा धनुषा जिल्ला अदालतमा निवेदन दिएको भन्ने वादी लेखबाटै देखिएको छ। प्रस्तुत मिसिलका साथ प्रमाणमा पेस हुन आएको धनुषा जिल्ला अदालतमा चलेको अंश दपोट मुद्दाको मिसिल हेर्दा पनि विवादको कि.नं. १८ को जग्गा कित्ताकाट भई हक हस्तान्तरण भई गएको हुँदा आवश्यक कारबाही गरिपाउँ भनी वादी भोगेन्द्र झाले मिति २०६६/४/१४ मा धनुषा जिल्ला अदालतमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८(क)बमोजिम निवेदन दिएको देखिएको छ। वादीले लिखत बदर दर्ता बदर मुद्दाको फिराद दायर गर्दा मिति २०६६/१०/१३ गते मालपोत कार्यालय, धनुषाबाट प्रमाणित नक्कल लिंदा थाहा जानकारी भएको भनी जग्गा पजनीको १७ नं. तथा जग्गा मिच्नेको १८ नं. को हदम्यादको आधारमा मिति २०६६/१२/५ मा प्रस्तुत फिराद दायर भएको देखिएको छ। मुलुकी ऐन, जग्गा पजनीको १७ नं. को व्यवस्था हेर्दा "तालुकदारले खापी खाएकाबाहेक एकको हकको जग्गा अर्कोले दर्ता गराएकोमा थाहा पाएको मितिले छ महिनाभित्र र अरू कुरामा भए गरेको मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्तैन" तथा मुलुकी ऐन, जग्गा मिच्नेको १८ नं. को व्यवस्था हेर्दा "रोक्का भएको जग्गा लिए दिएको र जग्गा दपोट वा तिरो दपोट गरेका कुरामा बाहेक अरू जग्गाको कुरामा थाहा पाएको मितिले ६ महिनाभित्र कुत वालीको कुरामा तीन वर्षभित्र र जग्गाको झगडा परेको बालीको हकमा जग्गाको हक छुट्टिई अन्तिम किनारा भएको मितिले एक वर्षभित्र नालेस नदिए लाग्न सक्तैन" भन्ने कानूनी प्रावधान रहेको छ। यसरी वादीले उल्लेख गरेको कानूनी व्यवस्थाबाट थाहा पाएको मितिले छ महिनाभित्र फिराद गर्नुपर्ने हदम्यादको व्यवस्था गरेको देखिन्छ। जग्गा अन्यत्र हस्तान्तरण भएको भनी मिति २०६६/४/१४ मा धनुषा जिल्ला अदालतमा निवेदन दिने निवेदकले जग्गा हस्तान्तरण भएको बेहोरा मिति २०६६/१०/१३ मा नक्कल लिँदा थाहा पाएँ भन्ने जिकिर यथार्थपरक नदेखिने।

विवादको जग्गा प्रतिवादी सुरेन्द्र झाले राजीनामा गरी खरिद गरी निजको हकमा कायम भएको भन्ने फिरादपत्रबाट देखिएको छ। आफूले राजीनामा पारित गरी खरिद गरी लिएको जग्गा बिक्री गरेको कार्यलाई दूषित लिखत भनी परिभाषित गर्न मिल्ने देखिँदैन। लिखत दूषित भएको अवस्थामा पनि दूषित लिखत बदर गराउन चाहने पक्षले लिखत भएको कुरा थाहा पाएको मितिले कानूनको हदम्यादभित्र अदालत प्रवेश गर्नुपर्ने।

तसर्थ, लिखतबाट जग्गा हस्तान्तरण भएको बेहोरा मिति २०६६/४/१४ मा थाहा जानकारी भएको अवस्थामा कानूनको हदम्याद छ महिनाभित्र प्रस्तुत फिराद दर्ता हुन आएको नदेखिंदा धनुषा जिल्ला अदालतको मिति २०६८/९/२५ को फैसला उल्टी

भई वादी दाबी खारेज हुने ठहरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०७०/७/१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल फागुन २३ गते रोज ३ शुभम्।

## १८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७९-**WH**-०१८४, बन्दीप्रत्यक्षीकरण, सोम शर्मासमेत वि. नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदक सोम शर्मा, उद्धव बस्नेत र विप्लव खड्कासमेतले मिति २०७९/१२/७ गते दिउँसो अन्दाजी ३ बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १० बानेश्वर बैंक्वैट नजिक ५८ औँ अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसको अवसरमा भइरहेको सार्वजनिक समारोहमा सम्माननीय प्रधानमन्त्रीको आवागमनको क्रममा विरोध प्रदर्शन गरेको र निषेधित एरियामा प्रवेश गर्न लागेको, विशिष्ट व्यक्तिहरूको भौतिक सुरक्षामा खतरा पुग्न सक्ने गरी अवाञ्छित क्रियाकलाप गरेको, सम्झाइबुझाई गर्दा उल्टै हुलहुज्जत गरी प्रहरीको भौतिक शरीरमा प्रहार र अमर्यादित व्यवहार गरेको भन्नेसमेत अभियोगमा पक्राउ गरिएको र थुनामा राखी मुद्दा चलाइएको भन्ने प्रत्यर्थीहरूको जिकिर रहेको पाइयो। मुलुकी अपराध संहिता, २०७४ को दफा ११८ बमोजिम अभद्र व्यवहारको कसुर गरेको भन्ने अभियोग लगाई मुद्दा दायर भएको र मुद्दा हेर्ने अधिकारी (प्रमुख जिल्ला अधिकारी) ले मुद्दामा पुर्पक्षका लागि निवेदकहरूबाट जनही रू. पाँच/पाँच हजार धरौट लिई तारिखमा राखी पुर्पक्ष गर्ने भनी आदेशसमेत गरेको देखियो। सोबमोजिम धरौट नराखेको कारणबाट मात्र निवेदकहरू थुनामा रहेको देखिन्छ । निजहरूउपर गरिएको कानूनी कारबाहीका सन्दर्भमा यदि कुनै प्रकारका त्रुटि वा कमी-कमजोरी भएका छन् भने पनि सो कुराको यथोचित कानूनी उपचार सोही अभद्र व्यवहारसम्बन्धी मुद्दा सुनुवाइका क्रममा नियमित फौजदारी न्यायिक प्रक्रियाका सन्दर्भमा नै हुन सक्ने देखिन्छ । यसरी नियमित न्यायिक प्रक्रियाका सन्दर्भमा अधिकारप्राप्त मुद्दा हेर्ने अधिकारीको आदेशबमोजिम निवेदकहरू थुनामा रहन पुगेको देखिएको र निवेदकहरूलाई कुनै प्रवृत्त धारणा राखी निराधार तवरबाट कानूनी प्रक्रिया नै पूरा नगरी स्वेच्छाचारी तवरबाट थुनामा राखेको भन्न मिल्नेसम्मको अवस्था नदेखिएको हुँदा निजहरूलाई गैरकानूनी रूपमा थुनामा राखेको भनी मान्न नमिल्ने।

निवेदकहरूलाई प्रत्यर्थीहरूले गैरकानूनी रूपमा थुनामा राखेको भन्न सकिनेसम्मको अवस्था नदेखिएको हुँदा निवेदकहरूको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल चैत १३ गते रोज २ शुभम्।

## १९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७३-**WO**-०६१७, उत्प्रेषण, प्रभुलाल राजवंशीसमेत वि. शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदकले शिक्षक सेवा आयोगबाट मिति २०५९/३/२६ मा अस्थायी अनुमति प्राप्त गरी जिल्ला शिक्षा कार्यालय मोरङ्गको मिति २०६३/२/२९ को निर्णयानुसार प्रा.वि. शिक्षक पदमा अस्थायी नियुक्ति पाएको र अर्का निवेदक महमद हविद मियाँ मिति २०४७/२/२१ मा प्रा.वि. शिक्षक पदमा अस्थायी शिक्षकमा नियुक्ति भई कार्यरत रहेकोमा निजले शिक्षक सेवा आयोगबाट मिति २०५९/३/२६ मा अस्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको देखिन आयो। रिट निवेदकहरू शिक्षा ऐन, २०२८ मा सातौँ संशोधनको प्रावधान लागु हुनुभन्दा अगाडि नै नियुक्ति भएको भन्ने देखिँदा रिट निवेदकहरूलाई नियुक्ति गर्दाको समयमा अध्यापन अनुमतिपत्र आवश्यक थिएन भन्नेमा विवाद नदेखिने।

निवेदकहरू अस्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरी विद्यालयमा अस्थायी शिक्षकको रूपमा रहेको भन्नेमा विवाद देखिएन । शिक्षा ऐन, २०२८ को दफा ११ड को उपदफा ५ मा "तोकिएको म्यादभित्र स्थायी अनुमतिपत्र लिन नसकेका अस्थायी शिक्षकहरू स्वतः अवकाश हुने" भन्ने कानूनी व्यवस्था भएको पाइयो । उक्त संशोधित कानूनी व्यवस्थाको मूल मर्म अध्यापन अनुमतिपत्र नभएका शिक्षकहरूलाई अध्यापन अनुमतिपत्रको लागि हुने पहिलो परीक्षा सञ्चालन नभएसम्मका लागि अस्थायी अनुमतिपत्रको व्यवस्था गरी स्थायी अध्यापन अनुमतिपत्रको लागि परिक्षा सञ्चालन गर्ने रहेको पाइयो । उक्त प्रावधानअनुरूप रिट निवेदकहरूले परीक्षामा सामेल भई अध्यापन अनुमतिपत्र लिनसकेको देखिन आएन । सरकारले देशको शैक्षिक प्रणालीलाई समयानुकूल परिमार्जन र व्यवस्थापन गर्ने सिलसिलामा अस्थायी अध्यापन अनुमतिपत्र प्रदान गरी गरेको शिक्षण पेसाको नियमन सन्दर्भमा दीर्घकालीन व्यवस्थापनका लागि स्थायी अनुमतिपत्रको प्राप्तिको लागि निर्धारित गरेको कानून संशोधन र सोको कार्यान्वयन प्रक्रिया नियमसङ्गत नै देखिने ।

कानूनले अनिवार्य गरेको अध्यापन अनुमतिपत्र नै नभएका अस्थायी शिक्षकलाई सो पदबाट हटाउने गरी प्रत्यर्थी शिक्षा मन्त्रालयसमेतले गरेको निर्णय/एवं परिपत्र कार्यान्वयन नगरी अस्थायी शिक्षकहरूलाई यथावत् उक्त पदमा कार्य गर्न दिनु र सो पदमा स्थायी गर्नु गराउनु भनी निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत रिट खारेज ।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

इति संवत् २०७९ साल चैत्र २७ गते रोज २ **शुभम् ।**

**२०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-**CR**-०१७१, भ्रष्टाचार (गलत प्रतिवेदन दिई सरकारी रकम हानि नोक्सानी), नेपाल सरकार वि. राजेन्द्र महर्जनसमेत*

नेपाल दूरसञ्चार कम्पनीद्वारा टेन्डर माग भएबमोजिम आपूर्तिकर्ता चिनियाँ कम्पनीबाट ग्याँस **Supply** भई नेपाल दूरसञ्चार कम्पनीका कर्मचारीद्वारा बिलबमोजिमका सामान बुझी **Store** दाखिला भएको र उक्त ग्याँसहरू नेपाल दूरसञ्चार कम्पनीले प्रयोगमा ल्याएको मिसिलबाट देखिन्छ । आपूर्ति भएको ग्याँस **R** ४१०**A** हो वा **R**२२ भन्ने यकिन गर्ने सम्बन्धमा नेपाल दूरसञ्चार कम्पनीसँग कुनै विज्ञ एवं प्रविधि रहेको पनि देखिँदैन । यदि आरोप मागदाबीबमोजिम ग्याँस **Supply** मा त्रुटि भएको भए ग्याँस खरिदको निर्णय गर्ने, सम्झौता गर्ने, रकम भुक्तानी दिनेजस्ता पदाधिकारीलाई समेत कारबाहीको दायरामा ल्याउनुपर्नेमा त्यसो नभई लगाए अह्राएको कामसम्म गर्ने व्यक्तिहरूउपरमात्र अभियोग दायर गरी कारबाही अघि बढाएको देखिने ।

त्यसै गरी नेपाल दूरसञ्चार कम्पनीले आपूर्तिकर्ता कम्पनीलाई विभिन्न प्रयोजनमा भुक्तानी गर्नुपर्ने बाँकी रहेको जमानतबापतको रकम रू.६४,८०,२७९/- जफत गरी नेपाल दूरसञ्चार कम्पनीले आफ्नो खातामा आम्दानीमा बाँधेको भन्ने नेपाल दूरसञ्चार कम्पनीको च.नं. १४६३ मिति २०६९।१२।२० र च.नं. १४७७ मिति २०६९।१२।२१ को मिसिल संलग्न पत्रद्वारा देखिन आएको छ । नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र **AIRSYS Refrigeration Engineering Technology Beijing Co. Ltd.** का बिच भएको **Air Condition** आपूर्तिका सम्बन्धमा गरिएको सम्झौतापत्रमा यी दुई कम्पनीका बिच विभिन्न सर्त तोकी करार सम्झौता भएको र करारका पक्षका बिच करार सम्झौता कार्यान्वयनका विषयमा कुनै विवाद उत्पन्न भएमा मध्यस्थता (**Arbitration)** को माध्यमबाट विवाद समाधान गरिने बेहोरा करार सम्झौतामा उल्लेख भएको पाइन्छ । यदि यी दुई कम्पनीका बिचमा सर्तबमोजिमको सामान आपूर्ति हुन नसकेको अवस्था हो भने करार सम्झौताले तोकेबमोजिम मध्यस्थताको माध्यमबाट विवादको समाधान गर्नुपर्ने देखिन्छ । दुई पक्षबिच भएको सम्झौताबमोजिम अर्को पक्ष **Airsys** कम्पनीले सम्झौताबमोजिमको कार्य नगरी नेपाल

टेलिकमलाई हानि नोक्सानी क्षति पुग्न गएको भए सम्झौताको प्रावधानबमोजिम कारबाही अगाडि बढाउनुपर्नेमा सोतर्फ कारबाही अगाडि बढाएको पनि पाइँदैन । प्रतिवादीमध्येका राजेन्द्र महर्जन, रामनरेश सिंह कुँवर, अनिल कुमार आचार्य, श्रीकृष्ण भुजेल र भाइकृष्ण महर्जनले नेपाल दूरसञ्चार कम्पनी र प्रतिवादी **Airsys** कम्पनीबिच **R४१०A Gas** सप्लाई गर्ने विषयमा प्रतिवादी कम्पनीसँग मिली के कस्तो बदनियतसाथ काम गरी के कस्तो फाइदा लिएको भन्ने वादी पक्षले आरोपपत्रमा खुलाउन र सोको मिसिल संलग्न प्रमाणबाट पुष्टि गर्न सकेको पाइँदैन । यी प्रतिवादीहरू उक्त ग्याँस परीक्षण गर्ने हैसियत राख्ने विशेषज्ञ भएको पनि देखिँदैन । आपूर्तिकर्ता कम्पनीमा **Factory inspection** गर्न जाने राजेन्द्र महर्जन र रामनरेश सिंह कुँवरले आफूलाई जिम्मेवारी तोकिए अनुसार गर्नुपर्ने काम गरेको देखिन्छ । त्यसैगरी अनिलकुमार आचार्य, श्रीकृष्ण भुजेल र भाइकृष्ण महर्जनले आपूर्तिकर्ता कम्पनीबाट प्राप्त हुन आएको सामानको थान गन्ती गरी भण्डारमा दाखिला गरेकै कारणले निजहरूले बदनियतसाथ कम गुणस्तरको ग्याँस भण्डारमा दाखिला गरेको भन्न मिल्ने देखिँदैन । साथै निजहरू ग्याँस परीक्षण गर्ने विशेषज्ञ रहे भएको पनि पाइँदैन । प्रतिवादीमध्येका अनिलकुमार आचार्य पनि चीन गई सामान चेक जाँच गर्ने टोलीसँग गलत मनसायले भेट गरेको भन्ने निजउपरको आरोपका सम्बन्धमा निज आफ्नो व्यक्तिगत खर्चमा चीन घुम्न गएको समयमा संयोगले मात्र उक्त टोलीसँग भेट भएको भन्ने निजको बयानबाट देखिन्छ । यी अनिलकुमार आचार्यले सामान चेकजाँच गर्ने टोलीसँग चीनमा भेटघाट गरी निजले यो यस्तो बदनियतपूर्वक कार्य गरेको भन्ने वस्तुनिष्ठ तवरले वादी पक्षले आरोपपत्रमा खुलाई प्रमाणद्वारा पुष्टि गर्न सकेको नदेखिने ।

प्रतिवादी पंकज कुमार बान्थीया आकृति इन्टर नेसनल प्रा.लि.को जनरल मेनेजर र प्रतिवादी नवराज राउत सञ्चालक समितिको अध्यक्ष रहेको पाइन्छ । चीनको आपूर्तिकर्ता **Airsys** कम्पनीको **Local Agent** को रूपमा रहेको उक्त आकृति इन्टरनेसनलउपर कुनै अभियोग दाबी रहेको पनि देखिँदैन । त्यसमा काम गर्ने यी प्रतिवादीहरू मेनेजर र सञ्चालक समितिको अध्यक्षउपर मात्र अभियोग दाबी लिएको पाइन्छ । आपूर्तिकर्ता कम्पनी र नेपाल टेलिकमका बिचमा भएका चिठ्ठीपत्र आदानप्रदान गर्ने क्रममा आकृति इन्टरनेसनल कम्पनीले माध्यमको रूपमा मात्र काम गरेको भन्ने निज प्रतिवादीहरूको बयानबाट देखिन्छ । सामान आपूर्ति गर्ने, चेकजाँच गर्ने, सामान बुझ्ने बुझाउने कार्यमा यी प्रतिवादीहरूको कुनै भूमिका रहेको मिसिलबाट देखिन आउँदैन । निजहरूले नेपाल टेलिकम र आपूर्तिकर्ता कम्पनीबिच स्थानीय प्रतिनिधिको हैसियतले केवल सहजीकरण गरिदिएकोसम्म देखिँदा निजहरूले आरोपदाबीबमोजिमको कसुर गरेको मिसिल संलग्न प्रमाणबाट नदेखिने ।

सम्झौताबमोजिम भएको कामकारबाहीमा चित्त नबुझे सम्झौताले मार्गनिर्देश गरेको विधि प्रक्रिया अवलम्बन हुनुपर्नेमा सो अनुसार भएको देखिएन । प्रतिवादी **Airsys** कम्पनीले सप्लाई गरेको **Gas** र सोसँग सम्बन्धित उपकरणका कारण नेपाल टेलिकमलाई यो यति हानि नोक्सानी भएको भन्ने खुल्न नआएको अवस्थामा देवानी विषयमा फौज्दारी कसुर कायम गरी दायर भएको आरोपपत्रबमोजिम प्रतिवादीहरूले बदनियतपूर्वक आरोपित कसुर गरेको भन्ने दाबी मिसिल संलग्न प्रमाणबाट वस्तुनिष्ठ रूपमा पुष्टि हुन आएको देखिन आएन । तसर्थ प्रतिवादी राजेन्द्र महर्जन, रामनरेश सिंह कुँवर, अनिलकुमार आचार्य, श्रीकृष्ण भुजेल, भाईकृष्ण महर्जन, **Airsys** कम्पनी, पंकज कुमार वान्थिया र नवराज राउतले आरोप मागदाबीबाट सफाइ पाउने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७१।९।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : केशब पराजुली

इति संवत् २०८० साल जेष्ठ ३० गते रोज ३ शुभम् ।

### २१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-**RB**-०७१६, बैंकिङ कसुर, रोशन कार्की वि. नेपाल सरकार*

प्रतिवादी रोशन कार्कीले जाहेरवाला पवन भण्डारीलाई वैदेशिक रोजगारीको लागि अष्ट्रेलिया पठाइदिन्छु भनी रकम लिई विदेश पठाउन नसकेपछि सो रकम तिर्न आफ्नो नाउँको नेपाल इन्भेष्टमेन्ट बैङ्क महाराजगन्ज शाखाको खाता नम्बर ०३८०५०८०३०६९११ को खाताको सन् २०१८।२।१८ को रू.९,९९,०००।- रू.९,९९,०००।- र रू.४,५०,०००।– गरी जम्मा रू.२४,४८,०००।– को ३ थान चेक काटी जाहेरवालालाई दिएकोमा जाहेरवाला सम्बन्धित बैंकमा चेक साट्न जाँदा खातामा पर्याप्त रकम मौज्दात नरहेकोले भुक्तानी हुन नसकी चेक फिर्ता भएको भन्ने जाहेरी दरखास्त एवं जाहेरवालाको बकपत्र तथा मिसिल संलग्न नेपाल इन्भेष्टमेन्ट बैंकको मिति २०७४।१२।४ को पत्रबाट देखिने।

कुनै विषयमा दुई वटा उपचारको मार्ग रहेको अवस्थामा कुन उपचारको मार्ग रोज्ने भन्ने अधिकार पीडितलाई नै रहने हुँदा प्रस्तुत मुद्दामा जाहेरवालाले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गत उपचारको मार्ग अवलम्बन गरिसकेको देखिँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरबमोजिम विनिमेय अधिकार पत्र ऐन, २०३४ बमोजिम प्रस्तुत मुद्दाको कारबाही गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी रोशन कार्कीले जाहेरवालालाई आफ्नो नाउँको नेपाल इन्भेष्टमेन्ट बैङ्क महाराजगन्ज शाखाको खाता नम्बर ०३८०५०८०३०६९११ को खाताको सन् २०१८।२।१८ को जम्मा रू.२४,४८,०००।-को ३ थान चेक जारी गरेकोमा उक्त चेकहरू लिई जाहेरवाला सम्बन्धित बैंकमा चेक सटही गर्न जाँदा खातामा पर्याप्त रकम मौज्दात नरहेको भनी भुक्तानी हुन नसकेको अवस्था प्रमाणित भएबाट अभियोग मागदाबी अनुसार प्रतिवादीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) अनुसारको कसुर गरेको पुष्टि हुन आएबाट उच्च अदालत पाटनबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

प्रतिवादी रोशन कार्कीले अभियोग दाबीअनुरूपको कसुर गरेको देखिन आएकोले निजलाई अभियोग मागदाबीअनुरुप बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(१) बमोजिम १ महिना कैद र बिगोबमोजिम रू.२४,४८,०००।- (चौबिस लाख अठ्चालिस हजार) जरिवाना हुने र जाहेरवालाले आफ्नो बिगो प्रतिवादीबाट भराइलिन पाउनेसमेत ठहर गरी उच्च अदालत पाटन, वाणिज्य इजलासबाट मिति २०७५।४।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : केशब पराजुली

इति संवत् २०८० साल जेष्ठ ३१ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७६-**RB**-०००९, बैंकिङ कसुर, रोशन कार्की वि. नेपाल सरकार
- ०७६-**RB**-००१०, बैंकिङ कसुर, रोशन कार्की वि. नेपाल सरकार

## इजलास नं.४

### २२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा**, *०६९-**CI**-०८०४, दर्ता बदर हक कायम, एकभक्त त्वायना वि. मधु शाह*

विवादित जग्गासमेत ६ कित्ता जग्गाको मोही (जोताहा किसान) आफू रहेको र छुट गुठीका जग्गा हो भनी वादीले फिराद गर्दा दाबी लिएको देखिन्छ। फिल्डबुकको जोताहाको महलमा वादीको नाम उल्लेख भएको देखिन्छ। वादीले प्रतिवादी मधु शाहलाई बाली बुझाएको रसिदहरूसमेत बहसको क्रममा पेस गरेको अवस्था छ। सो रसिदहरू हेर्दा पशुपति महागुठी

भादगाउँ पाडोल खेत २ खलामध्ये प्रतिखला साबिक क्षेत्रफल ३॥ भनी अनन्तजंग पराक्रम शाह र श्रीमती मधु शाहले वादी एकभक्त त्वायनालाई मोही मानी बाली बुझिलिएको देखिन्छ । पुनरावेदन अदालत **पाट**नले मुलुकी ऐन अ.वं.१३९ नं. बमोजिम गुठी संस्थानलाई बुझ्दा, गुठी संस्थानका प्रतिनिधि रमा बोहोराले विवादित जग्गा छुट गुठीको जग्गा हो भनी अदालतमा बयान गरेको पाइन्छ । यस्तो अवस्थामा छुट गुठीको जग्गामा गुठी संस्थानले फिराद नगर्दैमा जोताहाको महलमा नाम भएको वादीको फिराद गर्ने हकदैया नहुने भन्न नमिल्ने ।

पशुपति महापूजाको गुठीको कुरा उठेको छ । सम्पदा, संस्कृति धर्म र परम्परा संरक्षणसम्बन्धी यदि प्रश्न उठ्छ भने त्यस्तोमा हकदैयाको प्रश्नलाई मात्र आधार मानी मुद्दा खारेज गरिँदा धर्म, संस्कृति, सम्पदाको संरक्षणमा असर पुग्न जान्छ । प्रस्तुत मुद्दाको सम्बन्धमा पुनरावेदन अदालतले फैसला गर्दा मुद्दाको तथ्यमा प्रवेश नगरी हकदैयाको प्रश्नमा मात्र सङ्कुचित रही फैसला गरेको पाइन्छ । यसरी गुठीको जग्गाको संरक्षणसँग जोडिएको विषय भएको मुद्दाको तथ्यमा प्रवेश नै नगरी वादीको मुद्दा दायर गर्ने हकदैयाको अभाव भनी मुद्दा खारेज गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिने ।

अतः पुनरावेदन अदालत पाटनबाट मिति २०६७।७।१४ मा वादीको मुद्दा दायर गर्ने हकदैया नभएको भनी मुद्दा खारेज गर्ने गरी भएको फैसला बदर हुने ।

इजलास अधिकृत : परीक्षा ढकाल

इति संवत् २०८० साल चैत्र १५ गते रोज ५ शुभम् ।

- यसै लगाउका ०६९-**CR**-०६३४, जालसाजी, एकभक्त त्वायना वि. मधु शाह भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

### २३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०६९-**CI**-१३०६, हक कायम दर्ता बदर दर्ता कायम, सुनर ठाकुर हजाम वि. प्रभुनारायण ठाकुर*

मिसिल संलग्न कागजातबाट मुख्यतः सुनर ठाकुर वलदेवको छोरा भन्नेमा विवाद देखिँदैन । जग्गा पनि वलदेवको हो भन्ने कुरालाई प्रतिवादीले स्वीकार गरी भरपाई गराएको अवस्था छ । वलदेव ठाकुरको नाउँमा कायम रहेका जिल्ला सप्तरी, गा.वि.स. मलेकपुर वार्ड नं. ५ को कि.नं. २७३ को ०-४-५ र ऐ. वार्ड नं. ६ को कि.नं. ५३ को ०- ४-२१/२ तथा कि.नं.१८१ को ०-१९-४१/२ का जग्गा निजको मृत्युपछि नामसारीको लागि मिति २०४७।०६।१९ देखि नै वादीले मालपोत कार्यालयमा कारबाही चलाउँदैको अवस्थामा प्रतिवादीले मिति २०४२।०७।१८ मा मृत्यु भइसकेका वलदेव ठाकुरलाई जीवित देखाई बेजिल्ला सुनसरीमा गई मिति २०४८।०३।०६ मा अंश भरपाईको लिखत पास गराएको कार्य कानूनतः कायम रहन सक्ने अवस्था नहुँदा वलदेव ठाकुरको हकवाला छोरा सुनर ठाकुर छँदाछँदै गैरकानूनी ढंगबाट उल्लिखित कित्ता नं का जग्गाहरू प्रतिवादी प्रभुनारायण ठाकुरले लिखत पारित गराएको देखिएकोले सो दर्ता बदर गरी वादीको हक कायम हुने र वादीको नाममा समेत दर्तासमेत हुने देखिँदा पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेको नदेखिने ।

प्रतिवादी तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताले बहसको क्रममा दर्ता बदरमा मात्र फिराद परेको, लिखत बदरतर्फ फिराद नरहेको र किर्ते जालसाज मुद्दामा वादी दाबी खारेज भएको भनी लिएको जिकिरतर्फ विचार गरी हेर्दा, किर्ते जालसाज मुद्दा र प्रस्तुत मुद्दा एकैसाथ चलेको र यसमा मुख्य जिकिर मुलुकी ऐन, जग्गा पजनीको १७ नं र जग्गा मिच्नेको १८ नं. हरू उल्लेख गरी फिराद परेको देखिन्छ । हक कायम दर्ता बदर, दर्ता कायम मुद्दा परिसकेपछि सो तर्फबाट इन्साफ गर्ने र जालसाजतर्फ अवस्था अनुसार वादी दाबी नपुग्ने वा खारेज गर्ने आम चलन हो । सोहीबमोजिम पुनरावेदन अदालतबाट सो फैसलाउपर यस अदालतमा पुनरावेदन पर्दा यस अदालतबाट मिति

२०६२।०३।२७ मा फैसला गर्दा पनि जालसाजतर्फ सदर गरी हक कायमतर्फ पुनः इन्साफ गर्न पठाएको र पुनः इन्साफतर्फ बोली आएको अवस्था छ । तसर्थ जालसाज मुद्दा अन्तिम भएको भनी प्राविधिक फैसला गर्न न्यायपूर्ण नहुने ।

अतः सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६६।०६।२१ मा भएको फैसला उल्टी हुने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।०९।०६ मा भएको फैसला नमिलेकोले उल्टी भई वादी दाबीका जिल्ला सप्तरी, गा.वि.स. मलेकपुर वार्ड नं. ५ को कि.नं. २७३ को ०-४-५ र ऐ. वार्ड नं. ६ को कि.नं. ५३ को ०- ४-२१/२ तथा कि.नं.१८१ को ०-१९-४१/२ जग्गाहरू वादी दाबीबमोजिम प्रतिवादी प्रभुनारायण ठाकुरको नाउँको दर्ता बदर गरी वादी सुनर ठाकुरको नाउँमा दर्ता कायम हक कायम हुने ।

इजलास अधिकृत : हरिकृष्ण तिमिल्सेना

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०८१ साल वैशाख ४ गते रोज ३ शुभम् ।

**२४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०६९-**CI**-१२२१, निर्णय (बढ जग्गा) दर्ता बदर, ज्वालेन्द्रमान मल्ल वि. केशवकुमार उपाध्याय खनाल*

वादीकी आमाले २०२९ सालमा लक्ष्मी श्रेष्ठ र शारदा श्रेष्ठलाई जग्गा बिक्री गर्दाका बखत लक्ष्मी श्रेष्ठको जग्गाको पश्चिमपट्टि लिखतमा जग्गा बाँकी रहेको भनी मोठ स्रेस्तामा समेत जनाएको नदेखिएको, नापीको समयमा फिल्डबुकमा जनिएको बाँकी जग्गा यति नै हो भनी क्षेत्रफल नखुलेको साथै विवादित जग्गा वादीकै हो भनी भन्ने प्रमाण मिसिल संलग्न कागजातबाट समर्थित हुन आएको नदेखिएको एवं कम्पाउन्ड वाल लगाई घर बनाई जग्गा खरिद गर्ने लगाउका लिखत बदर मुद्दाका प्रतिवादीहरू बसोबास गर्दै आइरहेकोमा घर पर्खालतर्फ वादीको कुनै दाबीसमेत नभएको स्थितिमा मिति २०५१।०६।०७ मा मालपोत कार्यालयबाट नरबढी कायम गरी निर्णय हुने क्रममा तथा त्यसपछि पनि सँधियारको बिचमा विवाद खडा भई अमिनद्वारा जग्गाको सीमाङ्कन गरी जग्गा छुट्याई नक्सा पास गरी विभिन्न घरहरू निर्माण भई २०५५ सालमा भएको नयाँ सर्भे नापीमा वादीको कि.नं.२४१ को जग्गा समेत नापी भई उसैबखत त्यसमा क्षे.फ.१-४-० भन्दा कम जग्गा देखिएकोमा कानूनले निर्दिष्ट गरेको हदम्यादभित्र कुनै उजुर बाजुर नगरेसमेतको स्थितिमा आफ्नो कि.नं.२४१ मध्येको जग्गा बाँकी छैन भन्ने कुरा वादीले पहिलेदेखि नै जानी स्वीकार गरी बसेको एवं व्यवहार प्रमाणबाट समेत वादीले आफ्नो जग्गाको सम्बन्धमा यथासमयमै खोजबिन संरक्षण नगरी समर्पण गरिसकेको अवस्था हुँदा प्रतिवादीले मालपोत कार्यालयबाट मिति २०५१।०६।०७ मा नरबढी कायम हुने गरी भएको निर्णय र सोबमोजिमको दर्तालाई सदर कायम गर्ने ठहर गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिने ।

तसर्थ, वादी दाबीबमोजिम मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंबाट मिति २०५०।०६।०७ मा भएको निर्णय (बढ जग्गा कायम) दर्ता बदर हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।१२।१० को फैसला नमिलेकोले उल्टी गरी मालपोत कार्यालयबाट भएको उक्त निर्णय (बढ जग्गा कायम) दर्ता सदर कायम गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।११।१८ भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : हरिकृष्ण तिमिल्सेना

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०८१ साल वैशाख ४ गते रोज ३ शुभम् ।

- यसै लगाउका ०६९-**CI**-१२२०, लिखत दर्ता बदर, ज्वालेन्द्रमान मल्ल वि. केशवकुमार उपाध्याय खनाल भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**२५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-**CI**-००८४, अंश, सेर बहादुर डगौरासमेत वि. ववित्ता चौधरी*

पुनरावेदक सेरबहादुर डगौराले सुरू कैलाली जिल्ला अदालतमा प्रतिउत्तर फिराउँदा **DNA** परीक्षण गर्नको लागि माग गरेको देखिँदैन । निजले पुनरावेदन तहमा मात्र सो जिकिर लिएको देखिन्छ । **DNA** परीक्षणमार्फत जैविक सम्बन्ध कायम गर्ने/गराउने कुरा अत्यन्त संवेदनशील विषय हो। यो विषयमा अदालतले मिसिल संलग्न प्रमाणहरू हेरेर **DNA** परीक्षणको अनुमति दिने वा नदिने निर्णय गर्न सक्छ। त्यसैले यस विषयमा अदालतको भूमिका पारिवारिक सम्बन्धमा जोगाउने द्वारपाल (**Gatekeeper)** को जस्तो हुन्छ भन्ने गरिन्छ । भनाइको मतलब, यदि पक्षहरूबिच नाता सम्बन्ध स्थापित हुने निर्णायक र अन्तिम भई बसेका प्रमाणहरू मौजुद छन् भने अदालतले **DNA** परीक्षणको अनुमति नदिन पनि सक्छ। प्रस्तुत मुद्दामा वादी अशोक चौधरीको बाबु प्रतिवादी सेरबहादुर डगौरा हो वा होइन भन्ने विषयमा समुदायको तहमा पटकपटक छलफल भएको, सो छलफलमा सेरबहादुर डगौराले अशोक चौधरीलाई आफ्नो छोरा हो भन्दै भरणपोषणसमेतका कुरा स्वीकार गरेको तर तत्पश्चात् सो विषयमा भएका कागजहरू करकापसँग गरिएका हुन् भनी करकाप मुद्दा गरेकोमा वादी दाबी नपुग्ने ठहरी उच्च अदालत दिपायलबाट मिति २०७४।२।१४ मा फैसला भएको देखिन्छ। उक्त फैसलाउपर सो मुद्दाको वादी अर्थात् यो मुद्दाका पुनरावेदक प्रतिवादी सेर बहादुर डगौराको यस अदालतमा पुनरावेदन नपरी उक्त फैसला अन्तिम भई बसेकोसमेत देखिन्छ। यस स्थितिमा स्थापित प्रमाणहरूबाट सेर बहादुर डगौरा र अशोक चौधरीको बिचमा बाबु-छोराको सम्बन्ध कायम भइसकेको अवस्था भई उल्लिखित प्रमाणहरूले नै पुनरावेदक प्रतिवादी सेरबहादुर डगौरा वादी अशोक चौधरीका पिता हुन् भन्ने तथ्य समर्थन भइरहेको छ। यस अवस्थामा नाता सम्बन्ध हो वा होइन भन्ने यकिन गर्न **DNA** परीक्षण गराउनु आवश्यक देखिँदैन। तसर्थ, केबल **DNA** परीक्षण नगराएकै आधारमा उच्च अदालत दिपायलले गरेको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदक प्रतिवादी सेरबहादुर डगौरासमेतको पुनरावेदन जिकिर स्वीकार गर्न सकिने अवस्था नदेखिने।

अतः हकदैयाको अभावमा फिराद खारेज गर्ने गरेको सुरू कैलाली जिल्ला अदालतको मिति २०७१।११।२६ को फैसला उल्टी गरी वादी अशोक चौधरी र प्रतिवादी सेरबहादुर डगौराबिच बाबु-छोराको नाता सम्बन्ध कायम हुने गरी वादी प्रतिवादीहरूबाट पेस हुन आएको तायदाती फाँटवारीमा उल्लिखित चल अचल सम्पत्तिबाट मूल अंशियारको २ भाग लगाई २ भागको १ भागबाट पुनः ६ भाग लगाई ६ भागमध्येबाट १ भाग अंश वादी अशोक चौधरीले प्रतिवादी सेरबहादुर डगौराबाट अंश पाउने गरी भएको उच्च अदालत दिपायलको मिति २०७४।२।१४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत **:** दिप्ती पौडेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०८० साल आश्विन २१ गते रोज १ शुभम्।

**२६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री नहकुल सुवेदी**, *०७५-**CR**-१०२६, ०७५-**CR**-१७११, कर्तव्य ज्यान, हरि भन्ने हरसिंह धामी वि. नेपाल सरकार, केशव बोहोरा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आफ्नै श्रीमतीलाई तत्काल रिस उठी एकपटक मात्र हानेको छैन । पटकपटक कुटपिट गरेको र लाठीले हानेको देखिएको र शरीरभरि घा चोट भएको भन्ने देखिएको छ। चोटपीरले वारदातस्थलमा नै ज्यान मरेको कारण मार्ने मनसाय नरहेको भन्ने देखिएन । ज्यान मरेपछि पनि गुपचुप राखी छोरा छोरीलाई समेत केही नभनी प्रतिवादी केशव बोहराले लास पुरेको देखिन्छ। यस्तो अवस्थामा तत्काल उसैबखत कुनै कारणले तत्कालै उठेको रिस थाम्न नसकी प्रहार गरेको र सो चोट र पीरले मृतकको मृत्यु भएको भन्ने अवस्था नभई मनसायपूर्वक नै प्रहार गर्ने र नुनसमेत हाली गाड्ने काम गरेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने नदेखिने।

प्रतिवादीले तत्कालीन मुलुकी ऐन अ.बं.

१८८ को सुविधासमेत माग गरेकोतर्फ विचार गर्दा, आफ्नै श्रीमतीलाई अमानवीय रूपमा कुटपिट गरी, कुटपिटपश्चात् उपचार गर्न लाने कार्य नगरी मृत्युपश्चात् पनि समाजमा थाहा नहोस् भनी अपराधलाई ढाकछोप गर्न, अपराधलाई विलीन गर्न खाल्डो खनी लास हाली पुरेको र त्यसमा पनि चाँडै लास गली नष्ट होस् भन्ने कलुषित भावना राखी नुन हालेको सम्मको कार्य देखिँदा यी प्रतिवादीले आफूलाई चर्को सजाय गरेकोले मुलुकी ऐन, अ.वं.१८८ नं. बमोजिम राय कायम गरी कम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसमेत मनासिब, न्यायोचित र सान्दर्भिक देखिन आएन । यी पुनरावेदन प्रतिवादी केशव बोहोरालाई अभियोग दाबीअनुसार नै ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र ऐ.४ नं. बमोजिम थप ६ महिना कैद गरी र १० वर्ष सजाय हुन पेस भएको राय सदर नहुने सजाय ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला अन्यथा नदेखिने।

वारदातको समयमा मृतकले खाना पकाउन नमानेपछि केशव बोहोराले एक थप्पड हानेको र वादविवाद भएपछि आफू वारदातस्थलबाट गई अत्तरियाको पोखरा गेष्ट हाउसमा बसेको भनी हरि भन्ने हरसिंह धामीले अदालतमा बयान गरेको र अत्तरिया पोखरा गेष्ट हाउसको सञ्चालक केशव भट्टराईले मिति २०७३।२।२२ मा मेरो गेष्ट हाउसको इन्ट्री बुकमा कोठा नम्बर ८ मा बसेको देखिएको भनी घटना विवरण कागज गर्दा बेहोरा लेखाएको र अदालतमा बकपत्र गर्दासमेत मौकाको कागजको बेहोरा ठिक साँचो हो । निज होटलमा बसेको कुरा इन्ट्री रजिष्ट्ररबाट देखिन्छ भनी लेखाएको पाइन्छ। यसबाट समेत यी प्रतिवादीको कसुरमा संलग्न रहेको भन्ने वस्तुनिष्ट प्रमाणबाट पुष्टि भएको नदेखिँदा यी पुनरावेदक प्रतिवादी हरि भन्ने हरसिंह धामीलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुरमा सोही १७(३) नं. बमोजिम सजाय ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला सो हदसम्म मिलेको नदेखिने।

अतः प्रतिवादी केशव बोहोरालाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं., १३(३) नं. तथा ४ नं. समेतको कसुरमा ऐ.१३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र ऐ.४ बमोजिम थप ६ महिना कैद सजाय गरी अ.वं.१८८ नं. बमोजिम १० वर्ष सजाय हुन राय पेस गरेको र प्रतिवादीमध्येका हरि भन्ने हरसिंह धामीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०७४।१।२० मा भएको फैसलामा प्रतिवादी केशव बोहोराको हकमा अ.वं.१८८ नं.को राय कायम नहुने र अन्य कुराको हकसम्ममा सदर ठहर गरी र प्रतिवादी हरि भन्ने हरसिंह धामीको हकमा सुरू फैसला केही उल्टी गरी निजको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम १ वर्ष कैद सजाय गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।२।२२ मा भएको फैसलामा केशव बोहोराको हकमा सदर हुने र सर्वस्वसहित जन्मकैदको हकमा मात्र मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादी हरि भन्ने हरसिंह धामीलाई ऐ.१७(३) नं. बमोजिम १ वर्ष कैद गरेको हदसम्म सो फैसला केही उल्टी भई निज प्रतिवादी हरि भन्ने हरसिंह धामीले अभियोग दाबीको कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत - भरत कुमार दहाल
कम्प्युटर : रेखा भट्टराई
इति संवत् २०८० साल चैत्र १८ गते रोज १ शुभम्।

## २७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अब्दुल अजिज मुसलमान,** *०७८-**RC**-००८०, कर्तव्य ज्यान, नेपाल सरकार वि. टंकबहादुर कार्की*

प्रतिवादीले आफूले आमालाई कुटपिट गरेको तर मार्ने उद्देश्यले कुटपिट नगरेको भनी अदालतमा बयान गरेको भए पनि मृतकको दुवै हातको नाडी भाँचिएको, शरीरका विभिन्न भागमा नीलडामहरू देखिएको, टाउकोमा काटिएको चोट देखिएको छ

भने आमाले साहिंला मलाई नकुट् भन्दासमेत वास्तै नगरी कति प्रहार गरेँ थाहासमेत छैन भनी स्वयंले बयान बेहोरा लेखाएको र मिसिल संलग्न मृतकको फोटोबाट समेत आमालाई सामान्य कुटपिट गरेको मात्र नभई क्रूरतापूर्वक पटक पटक गरी शरीरमा प्रहार गरेको अवस्था देखियो । तत्काल उठेको रिसको कारणबाट मात्र आवेशमा आई प्रहार गरेको भए एकल महिला रहेकी आफूसमेतले पालन गरी संरक्षण गर्नुपर्ने आफ्नी आमालाई त्यसरी चिरूवा दाउराले मान्छे मर्नसक्ने टाउकोजस्तो संवेदनशील अङ्गसमेतमा पटकपटक प्रहार गर्ने अवस्था आउँदैन थियो । आमालाई आफूले हिर्काइसकेपछि घाइते अवस्थामा रहेकी आमाको उपचार गराउनेतर्फ लाग्नुको सट्टा चुप लागी भान्सामा गई बसी करिब २ घण्टापछि मात्र आई मरिसकेको आमालाई हेरेको भन्ने देखिँदा तत्काल उठेको रिसको आवेगमा मारेको भन्न सकिने अवस्था देखिएन । आमालाई कोठाको भुइँमा लडिरहेको देखी बोलाई उठाउन खोज्दा नबोलेपछि मैले आमालाई मारेछौ त भन्दा तँ चुप लागेर बस यो घटना कोही कसैलाई नभन, भनेमा तँलाई पनि यस्तै गरी मारिदिन्छु भन्दै विभिन्न किसिमका धाकधम्की दिनुभएको भनी प्रतिवादीकी श्रीमती सीता कार्कीले अनुसन्धानको क्रममा कागज गरेकोबाट समेत यी प्रतिवादीले आमालाई मार्ने नियत थिएन भनी भन्न सक्ने अवस्था देखिएन। अब, प्रतिवादी टंकबहादुर कार्कीको उक्त कसुरजन्य कार्यबाट के कस्तो कसुर र सजाय हुन्छ भन्ने सन्दर्भमा हेर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) ले कसैले कसैको नियतपूर्वक ज्यान मार्न वा ज्यान मार्ने कुनै काम गर्न वा गराउन हुँदैन भन्ने व्यवस्थाबाट कसैले कसैको नियतवश ज्यान मार्ने कार्य गर्न नहुने र त्यसरी कसैले ज्यान मारेमा ऐ.को उपदफा (२) ले उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने कानूनी व्यवस्थाबमोजिम सजाय पाउने देखिन्छ । यसबाट प्रतिवादी टंकबहादुर कार्कीले ऐ.को दफा १७७ को उपदफा (१) को कसुर गरेको अवस्था देखिँदा ऐ. उपदफा (२) बमोजिमको सजाय हुने ।

तसर्थ प्रतिवादी टंकबहादुर कार्कीलाई अभियोग दाबीबमोजिम जन्मकैद हुने ठहर गरेको सुरू ओखलढुङ्गा जिल्ला अदालतको मिति २०७६।१।३१ को फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाको मिति २०७६।९।१ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : गेहेन्द्र राज रेग्मी

इति संवत् २०८० साल माघ १८ गते रोज ५ शुभम् ।

## २८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०७६-**WO**-०५१५, उत्प्रेषणसमेत, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.५, गैरीधारास्थित नेपाल पर्यटक यातायात व्यवसायी सङ्घसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरूले आफूहरूको टोयोटालगायतका अन्य ब्रान्डका सवारी साधन रहेकोमा सरकारद्वारा मिति २०७६।३।१६ मा जारी सूचनाले ती सवारी साधन चलाउन नदिएको भन्ने जिकिर रहेको र उल्लिखित संवैधानिक प्रावधानअनुसार पनि कानूनसम्मत पेसा र व्यवसाय गर्न रोक लगाउन मिल्ने देखिँदैन । मन्त्रिपरिषद्को लिखित जवाफ तथा मिति २०७६।३।१६ को राजपत्रको सूचनाले निवेदकहरूको सवारी साधन चलाउन पाउने हकमा रोक लगाएको तर ल्यान्डरोभर ब्रान्डका सवारी साधनको हकमा पहाडी जिल्लामा चलाउन पाउने निर्णय गरेबाट उक्त सुचनाले विभेदकारी व्यवस्था कायम गरेको देखिने ।

मिति २०७१।११।१८ को राजपत्रमा प्रकाशित नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय हेर्दा २० वर्षे पुराना सबै प्रकारका सवारी साधन पत्रू घोषणा गर्ने भन्ने रहेको पाइन्छ । उक्त मापदण्ड अनुसार २० वर्ष पुराना सबै प्रकारका सवारी साधन पत्रू **(Scrap)** बन्ने देखिन्छ । पुराना सवारी साधनबाट भइरहेको

प्रदुषण तथा पुरानो पत्रू अवस्थामा रहेको सवारी साधनबाट हुने दुर्घटनाको जोखिमलाई र स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकार एवं व्यक्तिको मानव जिउ ज्यानको सुरक्षाको दृष्टिबाट यसो गरिनु उचित नै हुने देखिन्छ । मिति २०७६।३।१६ को सूचनाले २० वर्ष नाघेको सवारी साधनमध्ये ल्याण्डरोभरलाई मात्र यथावत रूपमा पहाडमा चल्न दिने तर सोबाहेक अन्य ब्रान्डका सवारी साधनलाई पहाडमा चल्न अनुमति नदिने गरेबाट समानरूपमा उपयोग हुन सक्ने किसिमको न्यायायोचित निर्णय गरेको देखिन आएन । यस हिसाबबाट उक्त प्रकारको निर्णय संवैधानिक र कानूनी रूपमा त्रुटिपूर्ण देखिने ।

अतः २० वर्ष नाघेको पुरानो ल्याण्डरोभर सवारी साधनलाई मात्र पहाडी जिल्लामा चलाउन सुविधा दिने र अन्य सवारी साधनलाई चलाउन नपाउने गरी मन्त्रिपरिषद्‌बाट निर्णय गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७६।३।१६ मा नेपाल राजपत्रमा प्रकासित सूचना नेपालको संविधानको धारा १७(२)(च) तथा धारा १८ समेतको विपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, यात्रूहरूको सुरक्षा, सुविधा तथा सडकको अवस्था, सवारी साधनको यान्त्रिक स्थिति तथा प्रदूषण नियन्त्रणको आवश्यकतासमेतलाई दृष्टिगत गर्दै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३ बमोजिमको समान किसिमको मापदण्ड निर्माण गरी सबै प्रकारका सवारी साधनमा समानरूपले लागु हुने सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : भरत कुमार दहाल

इति संवत् २०८० साल चैत १९ गते रोज २ शुभम् ।

## इजलास नं.६

### २९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-**CI**-११९२, निषेधाज्ञा, डा.भाइकाजी तिवारी वि. कृष्णप्रसाद सत्याल*

प्रत्यर्थी निवेदकको कि.नं. ३८७ र ३८८ को जग्गामा अवस्थित घरपूर्वको सडक काठमाडौं उपत्यका विकास प्राधिकरण (साबिक काठमाडौं नगर विकास समिति) को मिति २०४५।०७।२९ को निर्णय अनुसार निर्देशित जग्गा विकास योजना (**GLD**) अन्तर्गत पर्ने सडक भएकोले सो **GLD** को मापदण्ड अनुसार ६ मिटर अर्थात् २० फिट हुने गरी सो सडकलाई विस्तार गर्ने प्रयोजनका लागि प्रत्यर्थी निवेदकको घर पर्खाललगायतका भत्काउनुपर्ने संरचनाहरूमा मार्किङ्ग गरिएको भन्ने पुनरावेदकको भनाइ रहेको देखिन्छ । सुरू मिसिल संलग्न रहेको काठमाडौं उपत्यका विकास प्राधिकरण (साबिक काठमाडौं नगर विकास समिति) को मिति २०४५।०७।२९ को निर्णयको प्रतिलिपि हेर्दा, अर्टिरियल, कनेक्टर र फिदरर सडकबाहेकका अन्य स्थानीय सडकलाई कम्तीमा ६ मिटर राइट अफ वे कायम गर्ने भन्ने निर्णय भएको पाइन्छ । सो निर्णय अनुसार प्रत्यर्थी निवेदकको घरको पूर्वतर्फको सडक निर्देशित जग्गा विकास योजना (**GLD**) अन्तर्गत पर्नेमा विवाद रहेन । पुनरावेदन अदालत पाटनको आदेशानुसार मिति २०७१।०८।१५ मा भई आएको सुरू मिसिल संलग्न रहेको नक्सा मुचुल्का हेर्दा, नक्सा नं. ७ को कि.नं. ३८७ मा अवस्थित प्रत्यर्थी निवेदकको घरअगाडिको सडकको नाप ४.३० देखि ४.३५ मिटरसम्मको रहे भएको देखिन्छ । यस स्थितिमा उक्त सडक ६ मिटर (२० फिट) कायम हुने गरी विस्तार गर्दा स्वाभाविक रूपले प्रत्यर्थी निवेदकको जग्गाको केही अंश प्राप्त गर्नुपर्ने भई त्यस अवस्थामा घर पर्खाललगायतका संरचना भत्काउनुपर्ने वा सो संरचनामा क्षति पुऱ्याएर मात्र जग्गा प्राप्त हुने अवस्था देखिने ।

सुरू मिसिल संलग्न पुनरावेदन अदालत पाटनको आदेशानुसार प्राप्त पुनरावेदक विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणको च.नं.१२२६ मिति २०७२।०१।०६ को पत्रमा "२०४५/०४६

सालमा **GLD** प्रस्तावित बाटोको निर्णय भएको हुँदा उक्त मितिभन्दा अघि नियमानुसार बनेको भौतिक संरचनाको क्षतिपूर्ति दिने भनी यस कार्यालयले मिति २०७०।११।२४ मा कान्तिपुर दैनिकमा सूचना प्रकाशित गरेको हुँदा निज निवेदकले क्षतिपूर्तिका लागि आवश्यक कागजात पेस गरेमा क्षतिपूर्ति पाउन सक्ने" भन्ने जबाफ दिएको देखिएबाट प्रत्यर्थी निवेदकले क्षतिपूर्ति वा मुआब्जा पाएको वा निजलाई क्षतिपूर्ति वा मुआब्जा दिने सम्बन्धमा कारबाही अगाडि बढाएको भन्ने देखिन आएन। प्रत्यर्थी निवेदकको घर सो **GLD** कार्यक्रम लागु गर्ने निर्णय हुनुअघि २०४४ सालमा नै निर्मित भएको बेहोरा विपक्षी पुनरावेदकले नै स्वीकार गरेको अवस्थामा सो घरसमेतको संरचना भत्काउन मार्किङ्ग गर्ने कार्य गर्नुअघि प्रत्यर्थी निवेदकलाई क्षतिपूर्ति वा मुआब्जा निर्धारण गरिदिनुपर्नेमा सो कार्य नगरी प्रत्यर्थी निवेदकको घरसमेतको संरचना भत्काउनेतर्फ कारबाही अगाडि बढाएको पुनरावेदक विपक्षीको कार्यलाई कानूनसम्मत भनी अर्थ गर्न नमिल्ने।

अतः प्रत्यर्थी निवेदकलाई कानूनबमोजिम क्षतिपूर्ति र मुआब्जा नदिई प्रत्यर्थी निवेदकको घर र पर्खालगायतका संरचनामा अतिक्रमण गरी भत्काउने, हटाउने कार्यलाई सर्वथा न्यायायोचित मान्न नमिल्ने हुँदा काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, काठमाडौंको मिति २०७२।१।६ च.नं. १२२६ को पत्रबमोजिम निवेदकलाई क्षतिपूर्ति दिने सम्बन्धमा निर्णय नभएसम्म निवेदनमा उल्लिखित कि.नं. ३८७ र ३८८ को जग्गामा बनेको घर पर्खाल एवं पेटीसमेत भत्काउने र तोडफोड गर्ने कार्य नगर्नु, नगराउनु भनी प्रत्यर्थीहरूका नाममा निषेधाज्ञाको आदेश जारी गर्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।०३।०९ गतेको आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : किरणकुमार सिंह

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल जेठ ३१ गते रोज ३ शुभम्।

## ३०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-**CI**-००८८, निषेधाज्ञायुक्त परमादेश, डा.भाइकाजी तिवारी वि. हरिकला पौडेलसमेत*

गोंगबु गाउँ विकास समितिले दिएको सो स्वीकृतिलाई विपक्षीहरूको अवैध कार्यलाई वैधता दिइएको भनी पुनरावेदकले सो स्वीकृतिउपर प्रश्न उठाएको पाइन्छ । तत्कालीन अवस्थामा बहाल रहेको स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २८(१)(च)(२) मा गाउँ विकास समितिले घर, भवन र सडकलगायतका संरचना निर्माण गर्न स्वीकृति दिन सक्ने कानूनी व्यवस्था रहे भएको देखिन्छ। गोंगबु गाउँ विकास समितिको कार्यालयले सोही कानूनबमोजिम प्रत्यर्थीहरूलाई पारित नक्साबमोजिम घर निर्माण गर्न स्वीकृति दिएको देखिन आउँछ । उल्लिखित कानूनबमोजिम प्रत्यर्थीहरूले नक्सा पास एवम् घर निर्माण स्वीकृतिका लागि आवेदन गर्ने र कानूनतः निजहरूको नक्सा पारित गर्ने, निर्माणका लागि स्वीकृति दिने र स्वीकृति दिएअनुरूप निर्माण कार्य भए नभएको निगरानी गर्ने निकाय उक्त गाउँ विकास समिति रहे भएको अवस्थामा त्यस्तो साधिकार निकायबाट कानूनबमोजिम भए गरेको काम कारबाहीलाई अवैध कामलाई वैधता दिएको भनी पुनरावेदकले उठाएको प्रश्नमा कुनै कानूनी आधार देखिन आएन । गाउँ विकास समितिबाट नक्सा पारित गरिदिने र स्वीकृति दिने कार्य अवैध कार्यलाई वैधता दिने कार्य हो भनी सो कार्यउपर कुनै निकायमा पुनरावेदक वा अन्य कसैबाट उजुर परी त्यस्तो कार्य अवैध घोषणा भएको वा बदर भएको भनी पुनरावेदकले भन्न सकेको अवस्थासमेत छैन। यसरी प्रत्यर्थी निवेदकहरूले साधिकार निकाय सम्बन्धित गाउँ विकास समितिबाट कानूनबमोजिम नक्सा पारित गराई निर्माण स्वीकृति लिई आफ्नो नाउँदर्ताको जग्गामा बनाएको घरलाई पुनरावेदक प्राधिकरणले जिकिर लिएअनुरूप अवैध कार्यलाई वैधता दिएको भन्ने अर्थ गर्न नमिल्ने।

प्रत्यर्थीहरूमध्येका केहीको नाउँमा दर्ता रहेको जग्गाको कित्ता नै उल्लेख गरी सो जग्गामा मापदण्डअनुरूप २० मिटर सेटब्याक नछोडी निर्माण भएको भौतिक संरचनाहरू हटाउन भत्काउन भनी काठमाडौं उपत्यका नगर विकास समितिअन्तर्गतको काठमाडौं उपत्यका नगर विकास आयोजना कार्यान्वयन समिति, अनामनगरले मिति २०६८।१२।८ मा सूचना जारी गरेको देखिएकोमा आफूहरूले निर्माण मापदण्डबमोजिमको सेटब्याक छाडी कानूनको रीत पुर्‍याई घरलगायतका संरचना निर्माण गरेकोले आफ्नो सहमतिबेगर क्षतिपूर्ति मुआब्जासमेत नदिई आफ्नो घरलगायतका संरचना भत्काउन हटाउन आँटेकोले सो कार्यबाट आफ्नो सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनी प्रत्यर्थी निवेदकहरू सो कार्य रोकिपाउँ भनी अदालत प्रवेश गरेको देखिन्छ। पुनरावेदकलगायतका सरकारी निकायहरू राज्यद्वारा खडा गरिएका यी प्रत्यर्थीहरूभन्दा सबल निकाय भएकोमा विवाद छैन । राज्यअन्तर्गतका त्यस्ता सरकारी निकायहरूलाई कानूनले नै सबल र अधिकार सम्पन्न बनाएको हुन्छ। ती निकायहरूलाई सबल र अधिकार सम्पन्न बनाउनुको उद्देश्य सर्वसाधारणको हक हितमा प्रभावकारी ढङ्गले आफूमा निहित कर्तव्य निर्वाहन गर्न सकुन् भन्ने हो । अधिकारको प्रयोग र कर्तव्यको पालना गर्दा ती निकायले अझ सचेत र सजग भई नागरिक हक र अधिकारमा आँच नआउने गरी कानूनले निर्देश गरेअनुरूप कार्य गर्नुपर्ने हुन्छ। सबलताको आड्मा कानूनी प्रावधानहरूलाई अनदेखा गरी नागरिक हक र अधिकारको उल्लङ्घन हुने गरी कुनै कार्य गरिए वा गर्न खोजे त्यस्तो कार्य स्वेच्छाचारी मानिने भई त्यस्ता कार्यलाई कुनै पनि दृष्टिकोणले उचित ठहर्‍याउन सकिँदैन। उल्लिखित परिप्रेक्ष्यमा, सर्वसाधारणको हक हितमा कार्य गर्ने जिम्मेवार निकायको हैसियतले पुनरावेदक प्राधिकरणलगायतका अन्य सम्बृद्ध निकायहरूले प्रत्यर्थी निवेदकहरूले निर्माण गरेको घरलगायतका संरचना के कसरी निर्माण गरिएका हुन्, रीतपूर्वक निर्माण स्वीकृति लिइएको छ छैन ? निर्माण गरिएका संरचनामध्ये के कस्तो संरचना वा सो संरचनाको पूरै वा के कति भाग मापदण्डविपरीत रहेका छन् ? भत्काउनुपर्ने संरचना वा भागको के कति वा कसरी कानूनबमोजिमको क्षतिपूर्ति वा मुआब्जा निर्धारण गर्नुपर्ने हो ? ती कुराहरू निक्यौंल गरी मौजुदा कानूनबमोजिमको मुआब्जा वा क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाउनुपर्नेमा सो नगरी एकाङ्गी तवरले मापदण्डविपरीत निर्मित संरचनाहरू भत्काउनु, हटाउनु वा हटाइने, भत्काइने भनी प्रत्यर्थी निवेदकहरूको सम्पत्तिसम्बन्धी अधिकारमा आघात पार्ने गरी सूचना प्रकाशित गरेको देखिने।

विपक्षीहरूले खोला किनारको सरकारी जग्गा अतिक्रमण गरी निर्माण गरेको संरचना उचित मुआब्जा र क्षतिपूर्ति दिई प्राप्त गर्नुपर्ने वा सरकारी जग्गा राज्यले खरिद गर्नुपर्ने भन्ने आदेश बदरभागी छ भनी पुनरावेदन जिकिर लिएको देखिए पनि पुनरावेदकसमेतको तर्फबाट त्यस्तो जिकिर लिएबाहेक प्रत्यर्थी निवेदकहरूको घर खोला किनारा वा सरकारी जग्गा अतिक्रमण गरी मापदण्डविपरीत निर्माण गरिएको भन्ने जिकिर पुष्टि हुने कुनै वस्तुनिष्ठ आधार र प्रमाणसमेत पेस हुन सकेको देखिँदैन। मिति २०६८।१२।८ को काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको मिति २०६६।१०।०४ को निर्णय अनुसारको सूचना भनिए पनि निर्माण मापदण्डविपरीत निर्माण गरिएको संरचना भनी के कुन आधारले मापन गरिएको हो ? सो सूचनामा उल्लेख गरिएको पाइँदैन । केवल आफैँले नहटाए ७ (सात) दिनभित्र हटाइने/भत्काइने भनी जानकारी सम्प्रेषण गर्ने कार्यसम्म गरेको पाइन्छ । तर प्रत्यर्थी निवेदकहरूले आफ्नो नाउँको जग्गाधनी दर्ता प्रमाण पुर्जा र स्थानीय कर एवम् तिरो तिरेको रसिदको प्रतिलिपि पेस गर्नुका अतिरिक्त बसोबास गरी आएको घरको पारित नक्सा र घर निर्माणका लागि स्वीकृति लिएको पत्रको प्रतिलिपि पेस गरेको देखिएको छ। उक्त प्रमाणहरूले प्रत्यर्थी निवेदकहरूले मापदण्डविपरीत घरलगायतको संरचना निर्माण गरेको भन्ने पुनरावेदकको जिकिर खण्डित हुन

आएकोले सरकारी खोला किनाराको जग्गा हो, सो सरकारी खोला किनारको जग्गा मिचेर संरचना निर्माण गरिएकोले मुआब्जा र क्षतिपूर्ति दिनुपर्ने गरी भएको आदेश गलत छ भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन नसकिने।

प्रत्यर्थीहरूलाई कानूनबमोजिम क्षतिपूर्ति र मुआब्जा नदिई प्रत्यर्थी निवेदकहरूको घरलगायतका संरचनामा अतिक्रमण गरी भत्काउने, हटाउने कार्यलाई सर्वथा न्यायायोचित मान्न नमिल्ने हुँदा कानूनबमोजिमको क्षतिपूर्ति र मुआब्जा नदिई निवेदकहरूको घर जग्गामा निर्मित कुनै संरचना नभत्काउनु, भत्काउन नलगाउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी गर्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।१२।१९ गतेको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : किरणकुमार सिंह

इति संवत् २०७९ साल जेष्ठ ३१ गते रोज ३ शुभम्।

**३१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७४-**CI**-०८५३, ०७६-**CI**-०००३, निषेधाज्ञायुक्त परमादेश, डा.भाइकाजी तिवारीसमेत वि. अनिता पौडेल कुइँकेल, डिल्लीराज घिमिरे वि. अनिता पौडेल कुईकेल*

अतिक्रमित सार्वजनिक पर्ती जग्गा भनी पुनरावेदक प्राधिकरणले चिह्न लगाएको जग्गा सार्वजनिक पर्तीको जग्गा हो वा प्रत्यर्थी निवेदकको कि.नं.५३५ भित्रको जग्गा हो भनी निर्क्यौल गर्नुपर्ने देखिन आयो। पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१३ गते भइआएको नक्सा मुचुल्का हेर्दा, नक्सा नं.९ मा प्रत्यर्थी निवेदकको कि.नं. ५३५ को जग्गाको क्षेत्रफल १-६-०-२३/४ तथा नक्सा नं.१० मा सोही कित्ता नं.५३५ को क्षेत्रफल ०-३-३-० उल्लेख भएको देखिन्छ। सोही न.नं.१० को ०-३-३-० जग्गा सार्वजनिक पर्ती जग्गा भनी सो जग्गामा रहेको पर्खाललगायतको संरचना भत्काई सडक निर्माण एवम् विस्तार गर्न पुनरावेदक काठमाडौं उपत्यका विकास प्राधिकरणलगायतका विपक्षीले चिह्न लगाएको भन्ने देखिएको छ। नक्सा नं.९ मा उल्लेख भएको कि.नं.५३५ को १-६-०-२३/४ जग्गामा नक्सा नं. १० को ०-३-३-० को जग्गा जोड्दा मात्र प्रत्यर्थीको जग्गाको क्षेत्रफल जग्गाधनी दर्ता प्रमाण पुर्जाअनुरूपको ८०६.०३ वर्गमिटर पुग्ने देखिन्छ। सो न.नं.१० को जग्गालाई कि.नं.५३५ को जग्गाबाट बाहेक गर्दा प्रत्यर्थीको जग्गा दर्ता स्रेस्ताभन्दा अपुग हुन पुग्छ। सो न.नं.१० को जग्गाबाहेक गर्दा प्रत्यर्थीको दर्तास्रेस्ता अनुसारको जग्गा अपुग हुने कारणलाई पुनरावेदकहरूले कुनै प्रमाणबाट पुष्टि गरी अन्यथा गर्न सकेको पाइँदैन। यस स्थितिमा पुनरावेदक प्राधिकरणले सार्वजनिक पर्ती भनी भत्काउने हटाउने भनी चिह्न लगाएको जग्गा सार्वजनिक पर्ती हो भनी मान्न सकिने अवस्था नरही उक्त चिह्न लगाएको जग्गा प्रत्यर्थी निवेदकको कि.नं. ५३५ भित्रको जग्गा रहे भएको देखिएकोले प्रत्यर्थी निवेदकले मापदण्ड विपरीत सार्वजनिक पर्ती जग्गा अतिक्रमण गरी पर्खाललगायतको संरचना निर्माण गरेको भन्ने पुनरावेदकहरूको जिकिर खण्डित हुने।

विपक्षी पुनरावेदकले पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१३ गते भई आएको उक्त नक्सा मुचुल्काका नापी नक्साको आधारमा नभई निवेदकको भनाइको आधारमा नापनक्सा गरी निकालेको क्षेत्रफल भनी जिकिर लिएको देखिन्छ। त्यसरी जिकिर लिए पनि विपक्षी पुनरावेदकहरूले सो नक्सा विरूद्ध यथासमयमा उजुर गरी अन्यथा गराउन सकेको देखिँदैन। नापीको नक्साबमोजिम नभएको भनी यथासमयमा उजुर बाजुर गर्न नसकी उल्लिखित नापनक्सा स्वीकारीसकेको अवस्थामा हाल आएर उक्त नाप नक्साउपर प्रश्न उठाउनु न्यायिक कार्यविधिसङ्गत देखिएन। यस अवस्थामा पुनरावेदन अदालत पाटनबाट भएको नक्सा मुचुल्का नापी नक्साको आधारमा नभई निवेदकको भनाइको आधारमा नापनक्सा गरी निकालेको क्षेत्रफल हो भन्ने पुनरावेदकहरूको जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदकहरूले सार्वजनिक पर्ती जग्गा भनी १२१ वर्गमिटरभन्दा बढी जग्गामा रहेको पर्खाललगायतको संरचना भत्काई सडक निर्माण एवम् विस्तारका गर्ने प्रयोजनका लागि जग्गा प्राप्त गर्न चिह्न लगाएको भन्ने देखिन्छ । पुनरावेदकले चिह्न लगाएको जग्गामा रहेको संरचना भत्काई उल्लिखित मात्रामा जग्गा प्राप्त गर्दा प्रत्यर्थी निवेदकलाई ठुलो क्षति पुग्नेमा विवाद छैन। त्यसरी निवेदकलाई क्षति पुऱ्याई जग्गा प्राप्त गर्ने कार्य गर्न लाग्दा निवेदकलाई हुने क्षतिको आकलन गरी कानूनबमोजिमको क्षतिपूर्ति वा मुआब्जा निर्धारण गरिदिनुपर्नेमा पुनरावेदक विपक्षीहरूको तर्फबाट सो कार्य भएको देखिएन । पुनरावेदकलगायतका सरकारी निकायहरू राज्यद्वारा खडा गरिएका प्रत्यर्थीभन्दा सबल निकाय भएकोमा विवाद छैन। राज्यअन्तर्गतका त्यस्ता सरकारी निकायहरूलाई कानूनले नै सबल र अधिकार सम्पन्न बनाएको हुन्छ । ती निकायहरूलाई सबल र अधिकार सम्पन्न बनाउनुको उद्देश्य सर्वसाधारणको हक हितमा प्रभावकारी ढङ्गले आफूमा निहित कर्तव्य निर्वाह गर्न सकुन् भन्ने हो । अधिकारको प्रयोग र कर्तव्यको पालना गर्दा ती निकायले अझ सचेत र सजग भई नागरिक हक र अधिकारमा आँच नआउने गरी कानूनले निर्देशन गरेअनुरूप कार्य गर्नुपर्ने हुन्छ । सबलताको आडमा कानूनी प्रावधानहरूलाई अनदेखा गरी नागरिक हक र अधिकारको उल्लङ्घन हुने गरी कुनै कार्य गरिए वा गर्न खोजे त्यस्तो कार्य स्वेच्छाचारी मानिने भई त्यस्ता कार्यलाई कुनै पनि दृष्टिकोणले उचित ठहऱ्याउन सकिँदैन । उल्लिखित परिप्रेक्ष्यमा, सर्वसाधारणको हकहितमा कार्य गर्ने जिम्मेवार निकायको हैसियतले पुनरावेदक प्राधिकरणलगायतका अन्य सम्बद्ध निकायहरूले प्रत्यर्थी निवेदकले निर्माण गरेको पर्खाललगायतका संरचना भत्काइ जग्गा प्राप्त गर्नुअघि मौजुदा कानूनबमोजिमको मुआब्जा वा क्षतिपूर्ति दिने प्रक्रिया अगाडि बढाउनुपर्नेमा सो नगरी बिनाप्रमाण एकाङ्गी तवरले सार्वजनिक पर्तीको जग्गा भनी प्रत्यर्थी निवेदकको दर्ता भोगको जग्गामा रहेको पर्खाललगायतको संरचना भत्काई सम्पत्तिसम्बन्धी अधिकारमा आघात पार्ने गरी चिह्न लगाउने कार्य गरेको देखिने।

प्रत्यर्थीहरूलाई कानूनबमोजिम क्षतिपूर्ति र मुआब्जा नदिई प्रत्यर्थी निवेदकको हक भोगको जग्गामा रहेको पर्खाललगायतका संरचनामा भत्काउने हटाउने कार्यलाई सर्वथा न्यायायोचित मान्न नमिल्ने हुँदा विवादित न.नं. १० को जग्गा कि.नं.५३५ को क्षेत्रफल ८२६.०३ वर्गमिटरभित्रकै जग्गा रहे भएको देखिँदा निवेदकको सहमति वा कानूनबमोजिमको मुआब्जा वा क्षतिपूर्ति नदिई निवेदकको जग्गामा बाटो निर्माणलगायतका कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेतको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।०५।०२ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : किरणकुमार सिंह

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल जेष्ठ ३१ गते रोज ३ शुभम्।

## ३२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७८-**WO**-११११, उत्प्रेषणयुक्त परमादेशसमेत, हरिहर अधिकारी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदक हरिहर अधिकारी “श्यामल” लाई नेपाल सरकार(मन्त्रीपरिषद्)को मिति २०७५।२।३१ गतेको निर्णय अनुसार राष्ट्रिय समाचार समितिको पूर्णकालीन अध्यक्ष पदमा ४ (चार) वर्षको लागि नियुक्ति गरिएको बेहोरा मिसिल संलग्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च.नं. ५१७ मिति २०७५।३।३ को पत्रबाट देखिन आयो । यसरी हेर्दा निजको राष्ट्रिय समाचार समितिको पूर्णकालीन अध्यक्षको ४ (चार) वर्षको कार्यावधि मिति २०७९।२।३० मा नै समाप्त भएको देखिन्छ । जुन नियुक्तिबमोजिम पूर्णकार्यकालसम्म काम गर्न नदिई गैरकानूनी रूपमा बर्खास्त गरिएको भनी प्रस्तुत निवेदन पर्न आएको हो उक्त नियुक्तिको कानूनबमोजिमको कार्यावधि नै

समाप्त भई निज सो पदमा बहाल नै नरहेको हुँदा प्रत्यर्थी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको मिति २०७८।१२।०६ को निर्णय तथा सो आधारमा निज निवेदकलाई राष्ट्रिय समाचार समितिको पूर्णकालीन अध्यक्षबाट पदमुक्त गर्ने गरी भएको भनी दिएको मिति २०७८।१२।१० को पत्रसमेतको वैधताको परीक्षण गरिरहनुको कुनै औचित्य बाँकी रहन आएको नदेखिने।

रिट निवेदक हरिहर अधिकारी “श्यामल” को राष्ट्रिय समाचार समितिको पूर्णकालीन अध्यक्षको ४ (चार) वर्षको कार्यावधि मिति २०७९।२।३० मा नै समाप्त भइसकेको देखिएकोले निवेदकको मागदाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : ताराप्रसाद जोशी

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल साउन २३ गते रोज २ शुभम्।

## इजलास नं.७

### ३३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-**CI**-१६५७, अबन्डा घर जग्गा बन्डा गरिपाऊँ, रघुवीर साह कानु वि. महावीरप्रसाद साह कानुसमेत*

अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरूले अपुताली पाउन नसक्ने, त्यसैगरी मर्नेको छोरा नभई विधवा बुहारी भएमा त्यस्ती बुहारीले मर्नेको छोरासरह अपुताली पाउने देखिन्छ । त्यस्ता हकवाला कोही नभएमा विवाहिता छोरी, विवाहिता छोरी पनि नभए विवाहित छोरीका छोरा वा अविवाहिता छोरी र निजहरू पनि नभए त्यस्तो अपुताली ऐनबमोजिमको हकवालाले पाउने र मर्नेको हक खाने नजिकको कोही नभएमा मात्र अन्य हकवालाले पाउने अवस्था देखिन्छ। यस्तै विषय समावेश भएको नारायणप्रसाद थारू विरूद्ध इन्द्रकुमारीदेवी चौधरी भएको (ने.का.प. २०७६ अङ्क १२, नि.नं. १०३९४) अपुताली हक मुद्दामा "स्याहार सम्भार गर्ने व्यक्तिले पनि अपुताली पाउन सक्दछ वा कानूनले कायम गरेको मर्नेको हकवालाले पनि अपुताली प्राप्त गर्न सक्दछ। तर हकवालाको क्रमभित्र पनि को नजिकको हो भन्ने क्रम कायम गर्दा रगतको नाता नै नजिकको हकवाला हुने ठहर्छ" तथा "विवाहित हुँदैमा छोरीलाई अपुतालीको क्रमबाट बेदखल गर्ने हो भने आफ्नै सन्तान पनि विवाहित छोरी हुँदैमा आमाको अपुतालीबाट बहिष्करणको स्थिति आई विभेदित हुने अवस्था आउने" भनी सिद्धान्तसमेत प्रतिपादन भएको देखिने।

स्व. रामटहल साह कानु जीवितै छँदा निजको नाउँमा सर्भे नापी भएको घरजग्गा निजको मृत्युपछि अपुताली हक खाने एक मात्र हकवाला छोरी मोहरमिया कनुइन भई निज छोरीले आफ्नो बाबुको नाममा नापी भएको विवादित कि.नं. २० को जग्गा र सोमा बनेको घर अपुतालीमा प्राप्त गरी भोगचलन गर्दै आइरहेकी र ऋण सापटी लिएको कारण प्रतिवादी महावीर साहलाई बिक्री गरी पछि उक्त ऋण सापटी चुक्ता गरी पुनः प्रतिवादी महावीर साहबाट र.नं.४०१/३ मिति २०६९।३।१५ मा राजीनामाबाट प्राप्त गरी भोगचलन गर्दैआएको देखिएको र स्व. रामटहल साहको स्याहारसुसार निजकै छोरी मोहरमिया कनुइनले गरेको भन्ने कुरालाई समेत वादीबाहेक समान हैसियतका अन्य हकवाला प्रतिवादीहरूले स्वीकार गरेको देखिँदा आफ्नो बाबुको मृत्युपछि निजको नाउँमा नापी भएको उल्लिखित विवादित कि.नं. २० को जग्गा र सोमा बनेको घरमा निजको छोरी मोहरमिया कनुइनको स्वतः हक स्थापित हुने हुँदा निजको अपुताली हक पुग्दैन भन्न मिल्ने नदेखिने।

अतः स्व. रामटहलको अपुताली हक खाने एक मात्र छोरी मोहरमिया कनुइन भई आफ्नो बाबुको नाममा नापी भएको कि.नं. २० को क्षेत्रफल ०-०-१३ को घरजग्गा अपुतालीमा प्राप्त गरी भोगचलन

गर्दैआएको देखिँदा उक्त कित्ता नं.२० को घरजग्गा बन्डा नहुने ठहर गरी बारा जिल्ला अदालतबाट मिति २०६९।८।२१ मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।१०।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : उदवीर नेपाली

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ साल पौष २९ गते रोज ६ शुभम् ।

**३४**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७१-**RB**-०२९१, ०७२-**RB**-०२८३, बैंकिङ कसुर, राजुकुमार प्रधान वि. नेपाल सरकार, नेपाल सरकार वि. राजुकुमार प्रधानसमेत*

प्रतिवादी राजुकुमार प्रधानले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा दाबीको चेकहरूमा आफूले हस्ताक्षर गरी **GFP** को चिह्न र फाइनान्सको छाप लगाएको भन्नेसमेत बेहोरा उल्लेख गरी बयान गरेको देखिन्छ। निज प्रतिवादीले खातावाला प्रतिवादीहरू सचिन के सुनुवार र विकास पौडेलको नाममा जारी भएको चेकहरूमा आफूले हस्ताक्षर गरी **GFP** को चिह्न र फाइनान्सको छाप लगाउने क्रममा फाइनान्सको सञ्चालक समितिको मिति २०६७।०५।०७ को निर्णय र नेपाल राष्ट्र बैङ्कको निर्देशनको पालना गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको देखिएन। प्रतिवादी राजुकुमार प्रधानले फाइनान्सको सञ्चालक समितिको निर्णय र नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशनको पालना नगरी चेकमा उल्लिखित रकमलाई धान्ने रकम सम्बन्धित खातामा नरहेको भन्ने जानीजानी खातावाला प्रतिवादीहरू सचिन के. सुनुवार र विकास पौडेललाई चेक काट्न लगाई प्रक्रिया नपुऱ्याई सो चेकमा आफूले हस्ताक्षर गरी **GFP** को चिह्न र फाइनान्सको छापसमेत लगाई फाइनान्सको छाप एवं साधन स्रोतको दुरूपयोग गरेको देखिन आएकोले निज प्रतिवादी राजुकुमार प्रधानले अभियोग दाबीअनुसारको कसुर गरेको पुष्टि हुन आउने।

प्रतिवादीहरू सचिन के. सुनुवार र विकाश पौडेलको हकमा विचार गर्दा, दाबीको चेकमा उल्लेख भएको रकम के कति कारणबाट भुक्तानी हुन नसकेको हो भन्ने विषय विनिमेय अधिकारपत्र ऐन, २०३४ समेतको विषय रहेको देखिन्छ। **GFP** चेक जारी गर्नको लागि सम्बन्धित खातामा पर्याप्त रकम भए नभएको सम्बन्धमा रूजु गर्ने कार्य अख्तियारप्राप्त अधिकारीसमेतको रहेकोले सो अनुसार रूजु गरी खातामा पर्याप्त रकम नभएको अवस्थामा दाबीको चेकमा **GFP** चिह्न लगाउन कानूनतः नमिल्ने अवस्थामा प्रतिवादी राजुकुमार प्रधानले दाबीको चेकहरूमा **GFP** चिह्न लगाई हस्ताक्षरसमेत गरेको देखिन्छ। मिसिल संलग्न चेकहरूसमेतको अध्ययन गर्दा, जाहेरवालाहरूले प्रतिवादी सचिन के. सुनुवार र विकाश पौडेलबाट दाबीको चेक बराबरको रकम हालसम्म भुक्तानी पाएको भन्ने देखिँदैन । तसर्थ जाहेरवाला विनोद खड्काले प्रतिवादी सचिन के सुनुवारबाट रू. १६,८०,०००।- (सोह्र लाख असी हजार रूपैयाँ मात्र) एवं जाहेरवाला दिपक तण्डुकारले प्रतिवादी विकाश पौडेलबाट रू. ५१,००,०००।- (एकाउन्न लाख रूपैयाँ मात्र) रकम कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी कानूनबमोजिम भराइपाउने नै देखिन्छ। प्रतिवादीहरू सचिन के. सुनुवार र विकाश पौडेलले दाबीको चेकबमोजिमको रकम जाहेरवालाहरूलाई भुक्तानी दिनुपर्ने कानूनतः दायित्व रहेकोले सो सम्बन्धमा जाहेरवालाहरूले कानूनबमोजिमको उपर्युक्त उपचारको माग गर्न सक्ने नै देखिएको र प्रतिवादी राजुकुमार प्रधानबाट फाइनान्सको छाप, साधन स्रोत दुरूपयोग गर्नेलगायतका कार्य गर्नमा निज प्रतिवादीहरू प्रत्यक्ष रूपमा संलग्नता रहेको भन्ने नदेखिएको हुँदा निज प्रतिवादीहरू सचिन के. सुनुवार र विकाश पौडेलउपरको अभियोग दाबी वस्तुनिष्ठ प्रमाणद्वारा शंकारहित रूपमा पुष्टि भएको नदेखिने।

अतः प्रतिवादी राजुकुमार प्रधानलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा

१५ को उपदफा (४) बमोजिम १(एक) महिना कैद र १०,०००।- (दश हजार रूपैयाँ) जरिवाना हुने र प्रतिवादीहरू किशोरकुमार महर्जन, उपेन्द्रनारायण श्रेष्ठ, कृष्णप्रसाद श्रेष्ठ, बिपिन तिम्ला, उमेश श्रेष्ठ, रमेशलाल श्रेष्ठ, सिद्धिदास सायमी, कपुरप्रसाद बैजु, लक्ष्मणप्रसाद श्रेष्ठ, महेन्द्रप्रसाद श्रेष्ठ, राजसुन्दर श्रेष्ठ, संगिता कार्की, सरस्वती भट्टराई, राजन सुवाल, सचिन के. सुनुवार, विकाश पौडेलसमेतले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने । वादी नेपाल सरकार एवं प्रतिवादी राजुकुमार प्रधानको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतद्वय : उदवीर नेपाली/निराजन शर्मा

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०७९ साल असार ९ गते रोज ५ शुभम् ।

**३५**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-**WO**-००४१, उत्प्रेषणयुक्त / परमादेश, राजुकुमार प्रधान वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ स्थित बेस्ट फाइनान्स कम्पनी लिमिटेड (साबिक जनरल फाइनान्स लिमिटेड) समेत*

बैंकिङ कसुर मुद्दाहरूको कारबाहीको सिलसिलामा यी निवेदक पुर्पक्षको निमित्त कारागार कार्यालय जगन्नाथ देवलमा थुनामा रहेकै अवस्था र निजउपरको कसुर कायम हुने ठहरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।२९ मा फैसला हुनुअगावै विपक्षी बेस्ट फाइनान्स कम्पनी लिमिटेड (जनरल फाइनान्स लिमिटेड) को मिति २०६९।३।२७ मा बसेको सञ्चालक समितिको बैठक नं. २७४ ले यी रिट निवेदक राजुकुमार प्रधानले खातामा पर्याप्त रकम नभएको चेकलाई नियमविपरीत गुड फर पेमेन्टको मार्क लगाएको र फाइनान्सको सन्ड्रीमा रहेको रकम अनियमित तवरले खर्च गरेको, कमसल धितो राखी तथा धितो नै नराखी कम्पनीलाई हदैसम्मको हानि नोक्सानी पुग्ने काम कारोबार गरी कर्जा प्रवाह गरेकोमा निजबाट भएको प्रचलित कानूनविपरीतका काम कारोबारका सम्बन्धमा बैंकिङ कसुर सजाय ऐन, २०६४ बमोजिम कानूनी कारबाही भइरहेको र निजले कानूनविपरीतको काम कारोबार गरेकोले निजलाई यस फाइनान्स लिमिटेडको कर्मचारी नियमावली, २०५५ को परिच्छेद ७ को नियम ४(क), (ख), (ग), (छ), (ञ) र (ठ) बमोजिमको काम कारोबार गरेको भनी निजलाई सोही मिति २०६९।३।२७ बाट लागु हुने गरी फाइनान्स कम्पनीको महाप्रबन्धक पदबाट बर्खास्त गर्ने निर्णय गरेको देखिने ।

उल्लिखित कानूनी व्यवस्थाको रोहबाट हेर्दा रिट निवेदकलाई सोधिएको स्पष्टीकरण पत्रमा **Good for Payment** बारेमा मात्र प्राथमिकतासाथ जवाफ माग गरेको देखिन्छ भने निजलाई बर्खास्त गर्ने गरी विभागीय कारबाही गर्नुपर्ने मागसहितको औचित्यपूर्ण कारण उक्त स्पष्टीकरण पत्रमा उल्लेखसमेत गरेको देखिँदैन । रिट निवेदकलाई लगाइएको आरोपको सम्बन्धमा हुनसक्ने अधिकतम सजायसमेत उल्लेख गरी सुनुवाइको लागि कानूनले तोकेको समय दिई स्पष्टीकरण माग गर्नुपर्नेमा सोसमेत भए गरेको देखिएन । कानूनले तोकेको विधि र प्रक्रिया अवलम्बन नगरी निवेदकलाई बर्खास्त गर्ने गरी भएको निर्णय फाइनान्सको कर्मचारी नियमावली, २०५५ तथा कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी विनियम, २०६२ विपरीत भएको देखिए तापनि प्रस्तुत रिट निवेदनसँग लगाउमा रहेका बैंकिङ कसुर मुद्दाहरूको मिसिलबाट यी रिट निवेदकउपरसमेत बैंकिङ कसुर मुद्दाको जाहेरी परी सो मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परी कारबाही अघि बढेकोमा आजै यसै इजलासबाट निज निवेदकलाई उक्त लगाउका बैंकिङ कसुर मुद्दाहरूमा तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।२९ मा भएको फैसला उल्टी/केही उल्टी भई अभियोग दाबीबमोजिमको कसुर कायम भई सजाय हुने ठहरी फैसला भएको हुँदा तथा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २७ मा "यस ऐनबमोजिम कैदको सजाय पाएको व्यक्ति बैङ्क तथा वित्तीय

संस्थाको कर्मचारीको रूपमा काम गर्न अयोग्य भएको मानिने छ" भन्ने कानूनी व्यवस्थासमेतबाट निवेदन मागबमोजिम विपक्षी संस्था बेस्ट फाइनान्स कम्पनी लिमिटेडको महाप्रबन्धक पदमा यी निवेदक राजुकुमार प्रधान पुनर्बहाली हुनसक्ने अवस्था नदेखिने।

अतः मिति २०६९।३।२७ देखि लागु हुने गरी निवेदक राजुकुमार प्रधानलाई महाप्रबन्धक पदबाट बर्खास्त गर्ने गरी विपक्षी बेस्ट फाइनान्स कम्पनी लिमिटेड (जनरल फाइनान्स लिमिटेड) को मिति २०६९।३।२७ को बर्खास्तीको निर्णय र सो निर्णय सदर गर्ने गरी मिति २०७४।९।१६ कुनै किसिमको तलब भत्ता दिन नसकिने भनी भएको निर्णय कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदकउपर चलेको बैंकिङ कसुर मुद्दाहरूमा पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।२८ मा कसुर कायम हुने ठहरी फैसला भई यस अदालतबाट समेत ठहर भइसकेको अवस्थामा निज निवेदक मिति २०६९।०३।२२ मा पक्राउ परी स्वत: निलम्बन रहेको स्थिति हुँदा निज निवेदकलाई पक्राउ परेको मिति २०६९।०३।२२ देखि पुनरावेदन अदालत पाटनबाट फैसला हुँदाको मिति २०७१।१०।२८ सम्म स्वत: निलम्बित देखिएकोले निवेदकलाई जनरल फाइनान्स लिमिटेडको कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी विनियम, २०६२ को नियम १५(ङ) बमोजिम सुरू तलबको एक चौथाइ रकमसम्म निजलाई भुक्तानी दिनु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी हुने र निजउपरको फौजदारी कसुर ठहर भई सजायसमेत पाइसकेको अवस्थामा अवकाशबापतको अन्य कुनै पनि सुविधा दिनु नपर्ने।

इजलास अधिकृत : नारायण सापकोटा / इन्द्रकुमार श्रेष्ठ

इति संवत् २०७९ साल असार ९ गते रोज ५ शुभम् ।

### ३६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७९-**WH**-०१७४, बन्दीप्रत्यक्षीकरण, बुद्धिमान गुरूङ वि. उच्च अदालत, पाटनसमेत*

यसमा निवेदकले आफूउपर बैंकिङ कसुरसम्बन्धी लागेको अभियोगको सम्बन्धमा बेरितपूर्वक म्याद तामेल गरी निवेदकलाई सुनुवाइको मौकासमेत नदिई मिति २०७८।८।२६ मा भएको फैसलाबाट अभियोग ठहर गरी गैरकानूनी थुनामा राखेकोले थुनामुक्त गरिपाउँ भनी निवेदकको मुख्य दाबी रहेको देखिन्छ। जाहेरवाला लोकराज गुरूङलाई निवेदक बुद्धिमान गुरूङले काटेको चेकको भुक्तानी बैंकसँग माग्दा खातामा रकम नभई चेक बाउन्स भएकोले मिति २०७७।०७।०४ मा परेको जाहेरी दरखास्तमा जिल्ला धादिङ खनियाबास गाउँपालिका वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. २ बस्ने बुद्धिमान गुरूङ भनी उल्लेख भएको देखिन्छ । निवेदन संलग्न कागजातहरूबाट निवेदकले नेपाल इन्भेष्टमेन्ट बैंक बाफल शाखाको खाता नं. ०५८०५०३०२५२२१८ को चेक नं. ३०१००५३५४८ मा मिति २०७६।११।३ गते उल्लेख गरी जाहेरवाला लोकराज गुरूङका नाउँमा भुक्तानी पाउने गरी नगद रू. ५,००,०००।– (पाँच लाख) निवेदक बुद्धिमान गुरूङले चेक काटिदिएकोमा पर्याप्त मौज्दात रकम नभएकोले चेक बाउन्स भएको देखिने ।

निवेदक दीपनारायण श्रेष्ठ विरूद्ध बर्दिया राष्ट्रिय निकुञ्ज ठाकुरद्वार बर्दियासमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा "म्याद तामेली प्रक्रियालाई निरपेक्ष एवं यान्त्रिक प्रक्रियाको रूपमा नभई सम्बन्धित व्यक्तिलाई आफ्नो विरूद्ध लगाइएको अभियोग वा दाबीको विषयमा यथासमयमा सूचित गराई प्रतिवाद गर्न मौका पाउने अधिकारलाई व्यवहारतः सार्थक तुल्याउने एक गतिशील प्रक्रियाको रूपमा स्वीकार गरेकोले म्याद तामेली प्रक्रियाको उद्देश्य सम्बन्धित व्यक्तिउपर लागेको अभियोग वा निजउपर परेको अन्य कुनै दाबीको विषयमा यथासमयमै सुसूचित गराई आफ्नो प्रतिरक्षा गर्न पर्याप्त मौका प्रदान गर्नुपर्ने ।" भनी ने.का.प २०६९, नि.नं. ८९१२, अङ्क ११ मा सिद्धान्तसमेत प्रतिपादित भएको देखिने ।

अतः निवेदक बुद्धिमान गुरूङ विरूद्ध उच्च अदालतमा चलेको बैंकिङ कसुर मुद्दामा भएको फैसला उत्प्रेषणको आदेशले बदर हुने ठहरे पनि सो मुद्दामा यी निवेदक विरूद्ध जाहेरी परी अभियोग पत्र दायर भई मुद्दा चलिसकेको र अदालती प्रक्रिया बाँकी नै रहेको अवस्था छ । तसर्थ, प्रस्तुत उच्च अदालत पाटन, वाणिज्य इजलासको मिति २०७८।०८।२६ को फैसला बदर भई पुनः इन्साफ हुने ठहर भएकोले निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : हिरा माया अवाल

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ साल चैत्र १५ गते रोज ४ मा शुभम् ।

**३७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७७-**WO**-१२६६, उत्प्रेषणयुक्त परमादेश, विष्णुप्रसाद ढकाल वि. नेपाल सरकार, सहरी विकास मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदकले उठाएको विषय सार्वजनिक सरोकारको विवाद हो वा होइन **?** भन्ने विषयको सन्दर्भमा हेर्दा, नेपालको संविधानको धारा १३३ को उपधारा (२) मा "सार्वजनिक हक वा सरोकारको विवाद" भन्ने शब्दावलीको प्रयोग भएको छ । त्यसैगरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४५(३) मा "सार्वजनिक हक वा सरोकार निहित रहेको कुनै विषयमा कुनै काम कारबाही भएको वा हुन लागेको कारणबाट सर्वसाधारण जनतालाई गम्भीर असर परेको वा पर्न लागेको भन्ने कुनै माध्यमबाट अदालतलाई कुनै पत्र, अनुरोध, प्रतिवेदन प्राप्त हुन आएमा र त्यस्तो पत्र, अनुरोध, प्रतिवेदनलाई सार्वजनिक विवादको रूपमा ग्रहण गर्ने गरी प्रधान न्यायाधीशले आदेश दिएमा सम्बन्धित अधिकारीले दर्ता गरी एक न्यायाधीशको इजलाससमक्ष पेस गर्ने" भन्ने प्रावधान रहेको देखिन्छ । सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपालका सर्वसाधारण जनता वा कुनै समुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित भएको विवादलाई बुझ्नुपर्दछ । सार्वजनिक हक वा सरोकारको विवाद हुनको लागि त्यो विवाद सर्वसाधारण जनताको वा कुनै समुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित विषय हुनुपर्छ । निवेदकले आफ्नो निवेदनमा विपक्षीहरूले राष्ट्रिय आवास कम्पनी लिमिटेडको अध्यक्ष पदमा गरेको नियुक्तिबाट नेपालका सर्वसाधारण जनता वा कुनै समुदायको सामूहिक हकमा के कस्तो असर पुगेको हो, सो कुरा उल्लेख गर्न सकेको देखिँदैन । नेपाल सरकार वा अन्य कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानून वा संविधानबमोजिम गर्नुपर्ने कुनै काम गरेन वा गर्न नहुने कुनै काम गर्‍यो र त्यसको परिणाम स्वरूप कुनै व्यक्ति वा व्यक्तिहरूलाई कानूनको दृष्टिमा कुनै व्यक्तिगत क्षति पुगेको छैन तर जनसाधारणको सामान्य हित वा स्वार्थमा प्रतिकूल प्रभाव परेको छ भने त्यो सार्वजनिक हक वा सरोकारको कुरा हुन्छ । यस सम्बन्धमा यसै अदालतबाट राधेश्याम अधिकारी विरूद्ध मन्त्रिपरिषद् सचिवालयसमेत रहेको उत्प्रेषण (ने.का.प. २०४८, नि.नं. ४४३०) मुद्दामा "निवेदकले जुन विवादलाई सार्वजनिक हक वा सरोकारको विवाद भनेर यस अदालतमा निवेदनपत्र दिएको छ, त्यो विवादको विषयवस्तुसँग निजको सार्थक सम्बन्ध (**Meaningful Relation)** वा तात्त्विक सरोकार (**Substantial interest)** हुनैपर्छ र साथै विवादमा मुछिएको सार्वजनिक हक वा सरोकारसँग सम्बन्धित जनसाधारणको प्रतिनिधित्व निजले सहीरूपमा गर्न सक्दछ भन्ने कुराको पनि निजले अदालतलाई विश्वास गराउन सक्नुपर्छ । यस अदालतको असाधारण न्यायिक प्रक्रियालाई प्रारम्भ गराउनको लागि साधारण अभिरूचि वा चासोलाई मात्र पर्याप्त मान्न सकिन्न । आफ्नो कुनै अर्थपूर्ण सम्बन्ध नभएको वा आफूले सरोकार राख्नुपर्ने पर्याप्त र मनासिब कारण नभएको कुनै कुरामा विवाद खडा गर्ने र त्यसलाई न्यायिक निरूपणको लागि अदालतमा ल्याउने अधिकार संविधानले प्रदान गरेको सम्झन

मिल्दैन । देशको एउटा नागरिक वा नेपाली समाज वा कुनै जनसमुदायको सदस्यको रूपमा विवादको विषयवस्तुसँग निवेदकको सम्बन्ध वा सरोकारको मनासिब कारण वा आधार स्थापित हुनुपर्दछ" भनी तथा निवेदक अधिवक्ता डा. गणेश रेग्मी वि. सर्वोच्च अदालतसमेत भएको मुद्दा नं. ०७८-**WC**-००३५ को उत्प्रेषण परमादेशसमेत रिटमा "संवैधानिक वा कानूनी हक अधिकारको प्रश्न रहेको सार्वजनिक चासो वा सरोकारको विषयमा कुनै व्यक्तिले स्वेच्छाले वा स्वत:स्फूर्त रूपमा (**pro bono public** ) अदालतमा दायर गरेको विवादलाई सार्वजनिक सरोकारको विवाद भन्ने गरिन्छ । यस प्रकारको विवादका विषयवस्तुउपर रिट निवेदकको निजी हक पुगेको (हकदैया रहेको) छ वा छैन भन्ने कुरालाई महत्त्व दिइँदैन । विवादको स्वरूप, प्रकृति र सो कुरासँग निवेदकको सार्थक सम्बन्ध (**meaningful relation**) रहे नरहेको कुरासम्म विचारणीय बन्दछ । अमुक विषयलाई सार्वजनिक सरोकारको विवाद भन्ने नामकरण गरी निवेदकले आत्मप्रचार गर्ने प्रवृत्तिमा नियन्त्रण कायम गर्नु अदालतको जिम्मेवारी बन्ने ।

अतः निवेदकले निवेदनमा उल्लेख गरेको विषय सार्वजनिक हक वा सरोकारको विवाद नदेखिएको र प्रस्तुत मुद्दा दायर गर्न निवेदकमा हकदैयासमेत रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दामोदर रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल भदौ ३० गते रोज ५ शुभम् ।

**३८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-**WO**-०२४३, उत्प्रेषण, सचिन के. सुनुवार वि. उच्च अदालत पाटन, ललितपुर*

बेरितपूर्वक म्याद तामेल भई प्रतिवादको मौका नपाएको भन्ने रिट निवेदकको जिकिरको सन्दर्भमा हेर्दा, तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०६।१४ मा अभियोगपत्रमा खुलाइएको वतन आइमान सिंहको नाति पदमबहादुरको छोरा ओखलढुङ्गा जिल्ला, खिजीचण्डेश्वरी गा.वि.स. वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका ४ उल्लेख गरी निवेदक प्रतिवादीको नाउँमा ३० दिने समाह्वान म्याद जारी भएको देखिन्छ । सो म्याद काठमाडौं जिल्ला अदालतका तामेलदारले म्यादमा उल्लिखित वतनमा गई खोजतलास गर्दा निजले आफू बसेको घर बिक्री गरी अन्यत्र सरी गएकोले फेला नपर्दा निजको नाउँको एक प्रति म्याद सम्बन्धित वडाका अर्थात् वडा नं. ४ का २ जना सरोज आचार्य र विष्णुमाया तामाङलाई साक्षी राखी काठमाडौं महानगरपालिका वडा नं. १० का वडा सचिव उदयबहादुर पसखललाई रोहबरमा राखी मिति २०६९।८।२५ मा सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा तामेल गरेको देखिन्छ । तत्काल प्रचलित कानूनी व्यवस्थाको रूपमा रहेको मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११० नं. बमोजिम म्याद तामेल हुन नसकी तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।०२।१७ को आदेशानुसार मिति २०७०।२।२१ को राष्ट्रिय दैनिक गोरखापत्रमा म्याद सूचनाहरू प्रकाशित भएको देखिन्छ । यसरी प्रचलित कानूनबमोजिम राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित म्यादलाई अन्यथा भएको र सो म्यादको जानकारी निवेदक प्रतिवादीले पाएनन् होला भनी अनुमान गर्नसम्म पनि नमिल्ने हुँदा यी निवेदकले स्वच्छ सुनुवाइको मौका पाइनँ भनी लिएको जिकिरसमेत तर्कसङ्गत एवं कानूनसम्मत रहेको नदेखिने ।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा निवेदक मागबमोजिम निवेदकलाई पुनः प्रतिवादको मौका दिइरहनुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : नारायण सापकोटा / इन्द्रकुमार श्रेष्ठ

इति संवत् २०७९ साल असार ९ गते रोज ५ शुभम् ।

## इजलास नं.८

### ३९

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-**CI**-०८७२, ०७३-**CI**-१२३०, किराया दिलाई घर खाली चलन, मोदनारायण झा वि. कृष्णबहादुर श्रेष्ठ, कृष्णबहादुर श्रेष्ठ वि. मोदनारायण झा*

वादीले पेस गरेको मिसिल संलग्न जग्गाधनी प्रमाण पुर्जाबाट उक्त जग्गा वादीको नाममा रहेको देखिन्छ । साथै मिसिल संलग्न आदर्श गाउँ विकास समितिको कार्यालय, भवानीपुर जीतपुर, बाराको मिति २०७०।०९।०५ को सिफारिस हेर्दासमेत उक्त जग्गा वादीको नाममा रही उक्त स्कुल २०५८ सालदेखि सञ्चालनमा रहेको भन्ने देखिन्छ । प्रतिवादीले प्रस्तुत मुद्दामा पेस गरेको प्रतिउत्तर तथा यिनै वादी तथा प्रतिवादीबिच यसै अदालतमा चलेको बैना सर्तबमोजिम लिखत पारित गराइपाउँ (०७३-**CI**-१२४१) मुद्दाको फिरादमा समेत यी प्रतिवादीले वादीको घर-जग्गामा २०५८।१२।०१ देखि बहालमा बसेको र उक्त घर जग्गा खरिद बिक्री गर्ने सहमति भई हालसम्म उक्त घर-जग्गामा निज प्रतिवादी सञ्चालक रहेको जीवन ज्योति सेकेण्डरी इङ्गलिस स्कुल सञ्चालनमा रहेको भन्ने देखिन आएकोले उक्त जग्गा वादीको नाममा रही प्रतिवादी बहालमा रहेको भन्ने देखिन्छ । वादी र प्रतिवादीबिच भएको मिति २०५८।११।०३ को घर बहाल सम्झौताको अवधि ५ वर्षसम्म कायम रहेकोमा उक्त सुरू सम्झौताको अवधिपश्चात् पुन: बहाल सम्झौता भएको नदेखिए तापनि उक्त जग्गा खरिद बिक्रीको लागि वादी र प्रतिवादीबिच मिति २०६४।५।२८ मा बैनाको कागज भएपश्चात् विश्वासमा परी बहाल सम्झौता नगर्नु सामान्य हो । प्रस्तुत मुद्दासँग अन्तरप्रभावी रहेको बैना सर्तबमोजिम लिखत पारित गराइपाउँ मुद्दा (०७३-**CI**-१२४१) मा आज यसै अदालतबाट बैना सर्तबमोजिम लिखत पारित गराउन नपाउने गरी फैसला भएको र हालसम्म विद्यालय वादीको जग्गामा सञ्चालन भइरहेको भन्ने देखिएको अवस्थामा वादीले आफ्नै प्रयोगमा उक्त घर-जग्गा आवश्यक भएको भनी प्रस्तुत मुद्दा दायर गरेको र वादी प्रतिवादीबिच भएको बहालको अवधि बाँकी रहेको नदेखिएको अवस्थामा दाबीअनुसार प्रतिवादीले वादीको घर-जग्गा खाली गरिदिनुपर्ने नै देखिन्छ । मुलुकी ऐन, घर बनाउनेको महलको ८ नं. बमोजिम घर कुन बखत छाडिदिने भनी सर्त नगरी बसेको अवस्थामा बसेको मितिबाट ५ वर्षपश्चात् घर खाली गराउन पाउने प्रावधान रहेको तथा सो महलको ९ नं. मा "घर पसलबाट कुनै बेहोराले उठाउनुपर्ने भएमा पैँतिस दिनअगावै घर पसल छाडी खाली गरिदिनु भनी जनाउ दिई मात्र उठाउनुपर्छ लेखिएका म्यादअगावै जनाउ नदिई त्यसै उठाउनु हुँदैन" भन्ने व्यवस्था रहेको र सोअनुसार वादीले प्रतिवादीलाई मिति २०७०।७।१३ मा हुलाकद्वारा सूचनासमेत पठाएको र प्रतिवादीले प्राप्त गरेको देखिएको तथा मिति २०५८।१२।०१ देखि प्रतिवादी घर बहालमा रहेकोसमेत देखिँदा उल्लिखित प्रावधानबमोजिम नै घर-जग्गा खाली गराउन प्रक्रिया अगाडि बढाएको देखिन्छ । "प्रतिवादीले कुनै लिखत नगरी घर भाडामा बसेको पाँच वर्ष भुक्तान भएपछिको अवस्थामा निजको सो घरमा भाडामा बस्न पाउने वा सो घर उपभोग गर्न पाउने कुरा घरधनीको स्वेच्छामा निर्भर हुन्छ भने घरधनीले बस्न दिने वा नदिने निजहरूबिचको समझदारीमा आधारित हुन आउने" भनी यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । तसर्थ, उल्लिखित तथ्य, कानूनी प्रावधान तथा प्रतिपादित सिद्धान्तसमेतको आधारमा वादीले प्रतिवादीलाई घर जग्गाबाट हटाई खाली गराउन पाउने।

प्रस्तुत मुद्दा तथा यसै मुद्दासँग अन्तरप्रभावी रहेको बैना सर्तबमोजिम लिखत पारित गराइपाउँ भन्ने मुद्दाको फिराद तथा प्रतिउत्तर जिकिरसमेतलाई हेर्दा, वादीको उक्त जग्गामा उल्लिखित विद्यालय हालसम्म सञ्चालनमा रहेको भन्ने देखिँदा उक्त विद्यालयले

वादीको घर-जग्गा खाली नगरेसम्मको मासिक रू.१३,००० (तेह्र हजार रूपैयाँ) का दरले बहाल भर्नुपर्ने नै देखियो। साथै मिसिल संलग्न यिनै प्रतिवादी तथा वादीबिचमा चलेको माथि उल्लिखित बैना सर्तबमोजिम लिखत पारित गराइपाउँ मुद्दामा पेस गरेको कागजबाट वादीले प्रतिवादीबाट २०६३ सालदेखि २०६७ सालसम्म विभिन्न मितिमा रू.१०,१२,८२९ (दश लाख बाह्र हजार आठ सय उनन्तिस रूपैयाँ) प्राप्त गरेको देखिएको तथा यी प्रतिवादीले दायर गरेको उल्लिखित मुद्दामा बैनाबाहेक रू.२,५०,०००।- (दुई लाख पचास हजार रूपैयाँ) र बैना सर्तबमोजिमको ब्याजसमेत यी वादीलाई दिएको भनी लिएको जिकिरका सम्बन्धमा यी वादीले उक्त मुद्दामा फिराएको प्रतिउत्तर तथा प्रस्तुत मुद्दाको फिरादमा समेत केही जिकिर लिएको नदेखिएकाले बहालबापत भराइपाउने रकममा सो रू.१०,१२,८२९।- (दश लाख बाह्र हजार आठ सय उनन्तिस रूपैयाँ) रकम कटाई वादीले प्रतिवादीबाट भराइपाउने।

अत: वादीले दाबी गरेको बहाल रकम भराइ नपाउने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।३।१९ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई वादीले प्रतिवादीबाट बहाल भराइपाउने ठहर्छ । भराइपाउने रकमको सम्बन्धमा माथि उल्लेख भएबमोजिम प्रतिवादी कृष्णबहादुर श्रेष्ठ सञ्चालक रहेको जीवन ज्योति सेकेण्डरी इङ्गलिस स्कुल यी वादी मोदनारायण झाको उल्लिखित घर-जग्गामा यी वादी प्रतिवादीबिच भएको मिति २०५८।११।०३ को ५ वर्षको सम्झौता समाप्त भएपश्चात् पनि हालसम्म वादीकै घर-जग्गामा नै सञ्चालनमा रहेको देखिएकोले उक्त सम्झौतामा उल्लिखित मासिक रू.१३,०००।- (तेह्र हजार रूपैयाँ) का दरमा नै बहाल भराइपाउनेमा वादीले प्रतिवादीबाट २०६३ सालदेखि २०६७ सालसम्म विभिन्न मितिमा रू.१०,१२,८२९।- (दश लाख बाह्र हजार आठ सय उनन्तिस रूपैयाँ) लिएको देखिएकोले वादीले बहालबापत भराइपाउने रकमबाट उक्त रकम कटाई घर-जग्गा खाली नगराएसम्मको बाँकी रकमको कानूनले हुने ब्याजसमेत वादीले प्रतिवादीबाट भराइपाउने र घर-जग्गा खाली गराइपाउने।

इजलास अधिकृत : ललित सापकोटा

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल पुस २४ गते रोज १ शुभम् ।

- यसै लगाउका ०७३-**CI**-१२४१, बैना सर्तबमोजिम लिखत पारित गराइपाऊँ, कृष्णबहादुर श्रेष्ठ वि. मोदनारायण झा भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**४०**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-**RB**-०२८६, आयकर, अञ्जन श्रेष्ठ वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुर*

पुनरावेदक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा. लि.ले पेस गरेको मूल्य अभिवृद्धि कर २०६६ सालको भाद्रको रू.३१,८१९।- र २०६६ सालको फागुनको रू.१,३५४।- कर विवरणको अन्य थपघटको डेबिटतर्फ उल्लेख गरेको सन्दर्भमा कर परीक्षणका बखत करदाताबाट सोको प्रयोजन खुल्न नसकेको हुँदा सो बराबरको हुने मूल्य रकम रू. २,५५,१७७।- आयकर ऐन, २०५८ को दफा ७ बमोजिम करदाताको करयोग्य आयमा थप समावेश गर्नुपर्नेमा सो गरिएको देखिँदैन । करदाताको आफ्नो व्यवसायको कारोबारसम्बन्धी लेखा तथा हिसाब प्रमाणित गर्ने दायित्व निज स्वयम्माथि नै रहन्छ । करदाताले मूल्य अभिवृद्धि कर विवरणको डेबिटतर्फ राखेको रकम के कति कारणले राखेको हो सो बारेमा ठुला करदाता कार्यालय, ललितपुरबाट भएको परीक्षणका बखत पुनरावेदकले स्पष्ट जवाफ पेस गर्न सकेको देखिँदैन । करदाताले सम्बन्धित महिनामा उल्लेख गर्नुपर्ने रकम समावेश गर्न छुट भएकाले मूल्य अभिवृद्धि करतर्फ डेबिट समायोजन गरेको अवस्था हो भने पनि उक्त रकम आयकरतर्फ पनि समावेश गर्न छुट भएको देखिन्छ । यसबाट मूल्य अभिवृद्धि करतर्फ

छुट भएको बिक्रीको रकममा उठाएको मूल्य अभिवृद्धि कर रकमलाई डेबिटतर्फ राखी हिसाब मिलान गरेको तर आयकरतर्फ उक्त रकम समावेश गर्न छुट भएको देखिन्छ। मुल्य अभिवृद्धि कर विवरणको अन्य थपघट डेबिटतर्फ राखेको मूल्य अभिवृद्धि कर रकम बराबरको हुने मूल्य रू.२,५५,१७७।- आयकर ऐन, २०५८ को दफा ७ बमोजिम करदाताको करयोग्य आयमा थप समावेस गरेको आन्तरिक राजस्व विभागसमेतको निर्णयहरू कानूनसम्मत देखिने।

आयकर ऐन, २०५८ को दफा १३ मा "कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित सो आय वर्षमा भएका, सो व्यक्तिबाट भएका र व्यवसाय वा लगानीबाट आयआर्जन हुने कार्यमा भएका खर्चहरू कट्टी गर्न पाउने छ" भन्ने कानूनी व्यवस्था पाइन्छ। प्रस्तुत मुद्दामा पुनरावेदक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा. लि.ले **Scheme and Campaign Expenses** अन्तर्गत **Business Promotional Materials** शीर्षकमा विभिन्न व्यक्तिहरूलाई **Wall Painting** बापत डिलरहरूमार्फत रू.२,०६,७३,८८२।- भुक्तानी दिएको भनी उल्लेख गरेउपर कर परीक्षणका क्रममा **Wall Painting** बापत भएको खर्चलाई पुष्टि गर्ने स्पष्ट प्रमाण पुनरावेदकले पेस गर्न सकेको देखिँदैन। देशको विभिन्न ठाउँमा सोही आ.व.मा कम्पनीको विज्ञापन गर्ने प्रयोजनका लागि **Wall Painting** गराएको हो भनी पुनरावेदन जिकिर लिए तापनि देशका कुन कुन ठाउँमा त्यस्तो कार्य भएको हो, ती ठाउँमा के कति खर्च लागेको हो, सोको **Billing** कसरी भयो र कस, कसलाई भुक्तानी गरिएको हो सोको विवरण पुनरावेदक करदाताले स्पष्ट खुलाउन सकेको देखिँदैन। अर्कोतर्फ, **Wall Painting** गर्ने पेन्टरहरूको नाम, ठेगाना तथा **PAN** दर्ता भए नभएको सम्बन्धमा कुनै कुरा उल्लेख भएको पाइएन। ती पेन्टरहरूलाई भुक्तानी दिएकै हो भने, के कुन दररेटका के आधारमा कसरी भुक्तानी दिने सम्बन्धमा निजहरूसँग कुनै सम्झौता भएको भए पुनरावेदकले पेस गरेको पनि पाइएन। पेस गरेका **Wall Painting** का फोटाहरू सोही आर्थिक वर्षका हुन् भनी पुनरावेदकले प्रमाणित गर्न सकेको देखिँदैन। अर्थात् सोही आर्थिक वर्षमा **Wall Painting** मा पुनरावेदक प्रा.लि.ले खर्च गरेको पुष्टि हुने कुनै ठोस आधार, प्रमाण पेस गर्न नसकेको अवस्थामा आयकर ऐन, २०५८ को दफा १३ बमोजिम त्यस्तो खर्च कट्टी हुने नदेखिने।

तसर्थ, पुनरावेदक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि.को **I** १० **Asta** मौज्दात गाडीको लागत मूल्यभन्दा बिक्री मूल्य कम गर्न नमिल्ने भनी गरेको मूल्याङ्कन, ब्याज खर्च कट्टी गर्न नपाउने, मूल्य अभिवृद्धि कर बीजकमा उल्लिखित रकमभन्दा थप रकम आयमा समावेश गर्ने गरेको र **Wall painting** को खर्च कट्टी गर्न नपाउने गरी भएको ठुला करदाता कार्यालय, ललितपुरको मिति २०६८।०४।३२ गतेको निर्णयलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६९।०४।१२ को निर्णयलाई सदर हुने ठहऱ्याई राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०७१।०२।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अनु याकामी
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०८० साल वैशाख २५ गते रोज २ शुभम्।

## इजलास नं.११

### ४१

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-**WO**-०२८८, उत्प्रेषणयुक्त परमादेशसमेत, सुशीला मरासिनीसमेत वि. जिल्ला प्रशासन कार्यालय, गुल्मीसमेत*

गुल्मी जिल्ला साबिक तम्घास गा.वि.स. को चौधौँ गाउँ परिषद्द्वारा तम्घास गा.वि.स. वडा नं. ६ थाम्का टोलमा मोटर बाटो निर्माण गर्न रू. ३०,०००।- बजेट विनियोजन भई उपल्लो तम्घास मालपोत रिङरोड निर्माण उपभोक्ता समिति गठन गरी रू.१८,०००।-

बराबरको जनश्रमदानसमेत गरी निर्माण सम्पन्न भइसकेको भन्ने देखिन्छ । रेसुङ्गा नगरपालिका वडा नं. ९ को वडा कार्यालयबाट प्रमाणको रूपमा पेस हुन आएको मिति २०७४।०५।३१ को रेसुङ्गा नगरपालिका वडा नं.९ स्थित मालपोत रिङरोड मोटर बाटोअन्तर्गतका उपभोक्ताहरूको भेलाले यस रेसुङ्गा नगरपालिका वडा नं.९ स्थित मालपोत रिङरोड मोटर बाटो विगतको वर्षमा उपल्लो तम्घास खालाका चौर हुँदै पुरानो डुवा बाटो हुँदै मालपोत कार्यालय रिङरोड साबिक तम्घास गा.वि.स. को विनियोजित रकमबाट बाटो खोलिएको साथै पुरानो आवतजावत गर्ने गोरेटो बाटोसमेत रहेकोमा हाल उक्त मालपोत रिङरोड मोटर बाटो बिग्री आवतजावत गर्न कठिनाइ भएको हुँदा उक्त मोटर बाटो मर्मत संहार, सोहोर्ने तथा सफा गर्ने निर्णय गरियो भनी उक्त रिङरोड मोटर बाटोअन्तर्गतका उपभोक्ताहरूको भेलाले निर्णय गरेको देखिने।

उक्त विवादित रिङरोड सडकमार्ग नवनिर्माण गर्न लागिएको हो वा विगतमा नै निर्मित हो भन्ने सम्बन्धमा हेर्नुपर्ने देखियो । प्रमाणको रोहमा पेस भइआएको मिसिल संलग्न मिति २०६८।०३।१४ को साबिक तम्घास गा.वि.स.को कार्यालय गुल्मीको म.ले.प.फ. नं १० को गोश्वारा भौचर बजेट उपशीर्षक नं. ग-२-४३१ हेर्दा तम्घास वडा नं. ६ उपल्लो तम्घास मालपोत रिङरोड मोटर बाटो निर्माणको लागि रकम भुक्तानी गरेको भनी बिल भरपाई रहेको देखिन्छ। मिति २०६८।०३।१२ को उपल्लो तम्घास मालपोत रिङरोड मोटर बाटो निर्माण समितिको निर्णय हेर्दा तम्घास वडा नं. ६ उपल्लो तम्घास मालपोत रिङरोड मोटर बाटो निर्माण कार्यको लागि आ.ब.०६७/०६८ मा तम्घास गा.वि.स.बाट रकम विनियोजित भई मोटर बाटो निर्माण गरेको स्थानमा अनुगमन समितिका सबै पदाधिकारी गई अनुगमन गर्दा उक्त मोटर बाटो निर्माण कार्य सम्पन्न भएको देखिएको भनी निर्णय गरेको देखिने।

रिट निवेदनको बेहोरा हेर्दा कतै बाटो खोल्ने प्रयास गरेको कतै निर्माण गर्ने सम्भावना रहेको भन्ने तथ्य उल्लेख गरी प्रत्यर्थीबाट भएका निर्णय तथा सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरी क्षतिपूर्ति नदिई कुनै काम कारबाही नगर्नु नगराउनु भन्ने रिट निवेदन माग दाबी रहेको देखिन्छ । सामान्यतया: उत्प्रेषणको आदेश कानूनबमोजिम काम कारबाही गर्न अधिकार पाएको निकायबाट गैरकानूनी तवरले भएका निर्णय वा आदेश बदर गराउन जारी गरिन्छ। प्रत्यर्थीहरूले बाटो निर्माण गर्ने भनेर नगरपालिकाबाट कुनै निर्णय नगरिएको भनी लिखित जवाफ पेस गरेको पाइन्छ । जुन निर्णयको बदर गराउन माग गरिएको छ उक्त निर्णय भएको भन्ने निवेदकबाट प्रस्ट उल्लेख गर्न सकेको नदेखिएको तथा बदर गराउन माग गरिएको विषयसमेत प्रस्ट रूपमा देखाउन नसकेको अवस्थामा उत्प्रेषणको आदेश जारी हुन सक्ने अवस्था देखिएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : देवेन्द्र पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० असोज १ गते रोज २ शुभम् ।

**४२**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-**RB-**०६०९, आयकर (२०६६/०६७), जयकुमार श्रेष्ठ वि. आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ बबरमहल, काठमाडौंसमेत*

प्रारम्भमा पुनरावेदकले पेस गरेको आयव्यय विवरणअनुसार कर निर्धारण भई सोअनुसार पुनरावेदकले कर चुक्ता गरेपछि कर छलीको आशंकामा पुनरावेदक करदाता कार्यालयको छानबिनमा परी संशोधित कर निर्धारण गर्ने कार्य भएको भन्ने देखिन्छ। यस सम्बन्धमा पुनरावेदकले देखाएको प्रा. लि. को रजिष्ट्रर्ड कार्यालयमा मिति २०७१।०५।०४ मा रजिष्ट्री गरी पत्र पठाएकोमा सो पत्र पुनरावेदकले नबुझेको भनी फिर्ता आएकोले तत्सम्बन्धी सूचना मिति २०७१।०६।०८ को गोरखापत्रमा प्रकाशित भएको देखिन्छ । पुनरावेदकले संशोधित कर निर्धारणको सम्बन्धमा प्रकाशित उक्त सूचना अनुसार तोकिएको

समयमा पुनरावेदकले आफ्नो तर्फबाट कुनै लिखित जानकारी वा सबुद पेस गरेको पाइँदैन । सफाइको सबुद पेस गर्ने अर्थात् प्रतिवाद गर्ने अवसर पाउने सूचनाको हक हरेक व्यक्ति वा करदाताले चाहेको ढाँचा वा तरिकामा दिनुपर्ने भन्ने अर्थमा स्वच्छ सुनुवाइको सिद्धान्तलाई बुझ्न मिल्दैन र सोसम्बन्धी मान्यता वा सम्बन्धित कानूनमा रहेको विधायिकी मनसायसमेत सोबमोजिमको रहेको पाइँदैन । सार्वजनिक रूपमा जारी भएको सूचनाबाट जानकारी पाउने पर्याप्त अवस्था रहेन भन्ने दाबी सामान्यत: स्वीकार्य मान्न सकिँदैन । सुरू कार्यालयबाट पहिलो पटक करदाताले देखाएकै रजिस्टर्ड कार्यालय रहेको ठेगानामा सूचना जारी गरिएको भन्ने देखिन्छ । सो फिर्ता भएपश्चात् गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित भएको भन्ने देखिन्छ । बुढासुब्बा हाउजिंग कम्पनी प्रा. लि. को दर्ता खारेज भई बन्द भएको र दर्तावाला व्यक्ति नेपालबाहिर रहेको कारणले उक्त सूचनाको जानकारी प्राप्त गर्ने मनासिब अवस्था नरहेको भन्ने पुनरावेदन जिकिर रहेको देखिँदैन । यस अवस्थामा रीतपूर्वक सार्वजनिक सूचना प्रकाशित भएको, प्रकाशित सूचनामा प्रतिवादका लागि १५ दिनको समय अवधि उपलब्ध गराइएको बेहोरासमेत रहेको देखिन्छ । यसको अलावा कागजात तथा फाँटवारी तथा प्रमाणहरू परीक्षण गराउनु भनी लेखिएको आ.ब. २०६६।०६७ को पत्र पुनरावेदकका लेखापरीक्षकद्वारा मिति २०७०।०९।०८ मै बुझिलिएको भन्ने देखिँदा पुनरावेदकले संशोधित कर निर्धारणका सम्बन्धमा सफाइ पेस गर्ने मौका पर्याप्त रूपमा नपाएको भन्ने जिकिर विश्वसनीय देखिँदैन । यी सबै अवस्थालाई हेर्दा स्वच्छ सुनुवाइबिना संशोधित कर निर्धारण भयो भन्ने पुनरावेदकको जिकिर तथ्यमा आधारित रहेको नदेखिने ।

पुनरावेदकले आधुनिक आवासयोग्य घडेरी बनाउनको लागि लिएको ऋणको ब्याज र विकास खर्चहरू आयकर ऐनको दफा १३ बमोजिम खर्च कट्टी पाउने मान्यता पाउन नसकेको तथा ऐनको दफा १२०(क), दफा ११७ बमोजिम लगाइएको शुल्क, दफा ११८ र दफा ११९ बमोजिम ब्याजसमेतमा कर नलाग्नेमा सो विपरीत निर्णय गरेको भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, पुनरावेदक करदाताले सुरू कार्यालयमा सो विषयमा दाबीसमेत लिएको देखिँदैन । प्रशासकीय पुनरावलोकनको क्रममा दिएको निवेदनमा समेत माछापुच्छ्रे बैंक लिमिटेडलाई भुक्तानी गरेको रू.३,४०,७४२।८९ र गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) लाई भुक्तानी गरेको रू.२४,१५,८३८।- का सम्बन्धमा कुनै दाबी तथा सो समर्थित प्रमाण प्रस्तुत गरेको देखिँदैन । संशोधित कर निर्धारणका सम्बन्धमा दिइएको सूचनाको म्यादभित्र अर्थात् सुरूमा दाबी नगर्ने, प्रशासकीय पुनरावलोकनको रोहमा समेत कुनै प्रमाण पेस नगर्ने तर पुनरावेदन तहमा दाबी प्रस्तुत गर्ने पुनरावेदकको दाबी प्रक्रिया मुलुकी ऐन, अ.ब. ७७ नं को "लिखतको प्रकृतिबाट आफूसँग रहनुपर्ने वा आफूले प्राप्त गर्न सक्ने लिखत प्रमाणको सक्कल र त्यसको एक प्रति नक्कल वादीले उजुरीका साथ र प्रतिवादीले प्रतिउत्तरका साथ वा बयान गर्दा पेस गर्नुपर्छ । सोबमोजिम उल्लेख वा पेस नगरेको सबुद प्रमाण पछि बुझिने वा लाग्ने छैन" भन्ने साबिक कानूनी व्यवस्था र हालको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १६१(१) "वादीले फिरादपत्रमा उल्लिखित दाबी र प्रतिवादीले प्रतिउत्तरपत्रमा उल्लेख गरेको जिकिरसँग सम्बन्धित लिखित प्रमाणको सक्कल र त्यसको प्रतिलिपि फिरादपत्र वा प्रतिउत्तरपत्रसँगै पेस गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्थाको रोहबाट समेत ग्राह्य प्रमाणको रूपमा मूल्याङ्कन गर्न मिल्ने देखिएन । हाउजिङ्ग विकासका लागि निर्माण गरेको सुनसरी पकडी गा. वि. स. को वार्ड नं.९क कि.नं.२५ र ४७ स्थित जग्गामा जाने बाटो र सो बाटोमा पर्ने कलभर्टसमेतको निर्माणका लागि खरिद गरेको निर्माण सामाग्रीको बिल फोटोकपी हेर्दा पेस भएका बिल बीजकहरूबाट मूल्यअभिवृद्धि करमा दर्ता भएका फर्महरूबाट खरिद गरेको भन्ने देखिँदैन । निर्माण गरिएको बाटो र कलभर्टसमेतका निर्माण कार्यहरू करदाताको हाउजिङ्ग व्यवसाय

मात्रकै लागि प्रयोग हुने व्यावसायिक खर्च मान्न मिल्ने निर्माण खर्च हो भन्ने सम्बन्धमा पनि करदाताले प्रमाण प्रस्तुत गर्न सकेको नदेखिँदा बैंक ब्याज र विकास खर्चहरू आयकर ऐनको दफा १३ बमोजिम खर्च कट्टीको मान्यता पाउन नसकेको भन्ने तथा ऐ. ऐनको दफा १२०(क), दफा ११७ बमोजिम लगाइएको शुल्क, दफा ११८ र दफा ११९ बमोजिम ब्याजसमेत नलाग्नेमा सो विपरीत निर्णय गरेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

कर कार्यालय, कर निर्धारणको प्रक्रियामा छानबिन गर्ने कार्यालय हुनुका साथै कर निर्धारण गर्ने निकाय पनि भएको हुँदा सो निकायको कानूनी हैसियत कर प्रशासनमा आरोपी एवम् निर्णयकर्ता दुवै हुने कानूनी व्यवस्था रहेको देखिन्छ। करसम्बन्धी विवादमा प्रमाणको भारको अत्यन्तै महत्त्व रहने हुँदा अमुक रकम यो कारणले करयोग्य छैन भन्ने कुराको प्रमाण पुऱ्याउने भार करदाताको रहने हुन्छ । पुनरावेदक करदाताले प्रारम्भमा आयव्यय विवरण प्रस्तुत गरी आयकरको स्वयम् घोषणा गर्दा यथार्थ तथ्यहरूलाई देखाउन नसकेको अवस्था मिसिल संलग्न कागजातहरूबाट देखिन आएको छ। मुलुकले अवलम्बन गरिआएको कर प्रणाली स्वयम् कर निर्धारण प्रणाली रहेको र यसमा करदातालाई आफ्नो करको छानबिनका सम्बन्धमा आफैँ प्रारम्भिक निर्णयकर्ता हुने अवसर प्राप्त रहेको रहेको देखिन्छ। आफ्नो व्यवसायसम्बन्धी जानकारीका लागि व्यवसायी सबैभन्दा बढी जानकार व्यक्ति हो र उसले आफूले गरेको खर्च र आम्दानीको यथार्थ हिसाबकिताब राज्य (कर प्रशासन)का सामु पेस गरी राज्यप्रतिको दायित्व निर्वाह गर्न पारदर्शी र जवाफदेही रहनुपर्छ भन्ने स्वयम् कर निर्धारण प्रणालीको उद्देश्य रहेको देखिएकोमा सोबमोजिम पुनरावेदक करदाताबाट काम कारबाही हुन सकेको नदेखिने ।

तसर्थ: कानूनले तोकेको समयमा निर्णय नभएको, सुनुवाइको मौकासमेत नदिएको र ब्याज र विकास खर्च कट्टी सम्बन्धमा भएको निर्णय त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदकीय जिकिरलाई मिसिल संलग्न कागज, प्रमाण तथा सम्बद्ध कानूनको रोहबाट मनासिब मान्न मिलेन। पुनरावेदक करदाताको सम्बन्धमा आ.व. २०६६।०६७ को आयकर निर्धारणका सम्बन्धमा सुरू कार्यालय एवम् विभागको निर्णयलाई सदर गर्ने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७३।१२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : देवेन्द्र पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल मङ्सिर ७ गते रोज ४ शुभम् ।

## ४३

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-**CR**-०१९६, कर्तव्य ज्यान, नेपाल सरकार वि. कमल भन्ने कुलप्रसाद तामाङ*

प्रतिवादी र मृतक श्रीमान् श्रीमती नाताका व्यक्ति भएको र दुई जनाबिच भनाभन हुँदा प्रतिवादीले मृतकलाई सामान्य कुटपिट गरेको देखिन्छ तर मृतकको ज्यान लिनुपर्ने कारण वा रिसइवीसमेत प्रतिवादीमा देखिँदैन भने थाम्नै नसक्ने रिसको आवेगमा आई मार्ने नियतबाट कुटपिट गरेको भन्ने पनि देखिँदैन । यी तथ्यको आधारमा प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिमको भवितव्यको वारदात भएको देखिन आयो । यसरी मिसिल संलग्न तथ्य तथा प्रमाणहरूबाट प्रस्तुत वारदात कर्तव्य ज्यानको वारदात नदेखिई भवितव्यको वारदात देखिन आएको हुँदा यस अदालतबाट प्राप्त प्रमाणहरूका आधारमा विवादित वारदातलाई भवितव्यको वारदात मान्न मिल्ने अवस्था नदेखिएको भनी भएको मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरेको आदेशसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी कमल भन्ने कुलप्रसाद तामाङले मृतक कोपिला तामाङलाई कर्तव्य गरी मारेको पुष्टि हुन नसकी भवितव्य भई मृतकको मृत्यु भएको देखिएको हुँदा निज प्रतिवादीलाई कसुरबाट सफाइ दिने गरी झापा जिल्ला अदालतबाट भएको सुरू फैसला केही उल्टी भई यी प्रतिवादीलाई मुलुकी

ऐन, ज्यानसम्बन्धी महलको ५ नं. र ६(४) नं. बमोजिम ११/२ (एक वर्ष ६ महिना) कैद र रू. २,०००/- (दुई हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७४।०५।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ कात्तिक १६ गते रोज ४ शुभम् ।

**४४**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-**CR**-२०६६, गर्भपतन, कदिर साहसमेत वि. नेपाल सरकार*

जनकपुर अञ्चल अस्पतालबाट प्राप्त मेडिकल रिपोर्टमा पीडित सबनम खातुन ६ हप्ताको गर्भवती रहेको, गर्भमा बच्चाको विकास भएको नदेखिएको र केही मात्रामा पाठेघरमा भएको गर्भको अंश बाहिर निस्कासन भई केही मात्रा भित्र नै रहेको कारण **Incomplete abortion** भएको भनी मिति २०७१।०६।६ मा भएको **Lab report** र **USG report** बाट देखिन्छ । यसको आधारमा गर्भमा रहेको भ्रूण काम नलाग्ने अवस्थामा पुगेको अर्थ निस्किन्छ । यी तथ्यहरूबाट जाहेरीमा उल्लेख गरिएअनुसारको वारदात घटी सबनम खातुनको गर्भपतन भएको स्थापित हुने।

प्रतिवादीमध्येका कदिर साहले घटना घटेको समयमा आफू देशभित्र नरही भारतमा रहेको भनी **Alibi** को जिकिर लिए तापनि सो कुरा पुष्टि हुने ठोस प्रमाण पेस गर्न सकेको नदेखिँदा उक्त जिकिर विश्वसनीय देखिँदैन । अन्य प्रतिवादीहरूले गाउँघरको केही कुराको रिसका कारण वादीले जाहेरी दिएको भने तापनि कुन कस्तो रिसइवीका कारण निजहरू विरूद्ध जाहेरी दिएको भनी केही प्रमाणित गर्न सकेको देखिँदैन । गर्भाअवस्था महिलाहरूको जीवनमा आउने एक विशेष अवस्था हो जसमा हरेक गर्भवती महिलाले आफ्नो गर्भमा रहेको सन्तानको सुरक्षाको लागि विशेष सावधानी र सुरक्षा अपनाएका हुन्छन् । महिलाको शरीरभित्र रहेको गर्भमाथि उनीहरूको अधिकार रहने र कतिपय अनिच्छाका वा बच्चा वा आमाको स्वास्थ्यका कारण गर्भलाई निरन्तरता नदिने निर्णय गर्भवती महिलाले मात्र गर्नसक्ने कानूनी व्यवस्था हाम्रो कानूनी प्रणालीले समेत स्वीकारेको छ । सोबाहेक महिलाले आफ्नो गर्भलाई निरन्तरता दिन चाहेमा सोलाई अवरूद्ध गर्ने कार्यलाई दण्डनीय अपराध भनी सजायसमेतको व्यवस्था रहेको छ । प्रस्तुत विवादमा महिलाको इच्छाविपरीत बाह्य वारदातका कारण पीडितको गर्भपतन भएको अवस्था रहेको देखिन्छ। यस्तोमा महिलाले भोग्ने पीडा संवेदनशील र अपूरणीय क्षति स्वरूपको हुन जान्छ। आफ्नो गर्भ खेर गएको पीडा गर्भवती महिलाले जति अनुभूत गर्छन् अन्य व्यक्तिले उक्त कुराको अनुभूति त्यति नै मात्रामा गर्न सक्दैनन् भने सो कुराको लागि महिलाले अनावश्यक रूपमा अरूमाथि लाञ्छना लगाउँछन् भनी अनुमान गर्न मिल्ने देखिँदैन । प्रस्तुत वारदातमा पीडितकी आमा जाहेरवाला र पीडितले यी प्रतिवादीहरू विरूद्ध पीडितको इच्छाविपरीतको गर्भपतनजस्तो गम्भीर विषयमा बिनाकारण आरोप लगाउनुपर्ने कुनै पुरानो रिसइवी वा झगडा केही भएको मिसिल संलग्न प्रमाणहरूबाट देखिँदैन भने यी प्रतिवादीहरूले अन्य कुनै कारणबाट पीडितको गर्भ खेर गएको भनी खुलाउन सकेकोसमेत नदेखिने ।

प्रस्तुत वारदातपश्चात् पीडित जनकपुर अञ्चल अस्पतालमा स्वास्थ्य जाँचका लागि जाँदा पीडितको गर्भपतन भएको कुरा अस्पतालबाट प्राप्त **Lab Report** र **USG Report** बाट स्पष्ट रूपमा खुलेको अवस्थामा प्रतिवादीहरूले दाबी गरेअनुरूप रिपोर्ट तयार गर्ने डाक्टरलाई बकपत्रको लागि अदालतमा उपस्थित नगराइएको कारणबाट मात्र वारदात भएको थिएन भन्न सक्ने अवस्था रहेको देखिँदैन। विश्वसनीय प्रमाणहरू पेस भएको अवस्थामा रिपोर्ट तयार गर्ने डाक्टरलाई अदालतमा बकपत्र गर्न उपस्थित गराउनुपर्ने बाध्यात्मक अवस्था रहन्छ भन्न नमिल्ने।

अतः प्रतिवादीहरू कदिर साह, सुनिता खातुन, नजराना खातुनसमेतको कुटपिटबाट पीडित सबनम खातुनको ६ हप्ताको गर्भपतन भएको पुष्टि भएको हुँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २८ नं. बमोजिम कसुरदार ठहऱ्याई धनुषा जिल्ला अदालतले जनही १ (एक) महिना कैद हुने ठहऱ्याएको सुरू फैसला सदर गरेको उच्च अदालत जनकपुरको मिति २०७४।४।३२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ साल कार्तिक १६ गते रोज ४ शुभम्।

**४५**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-**WO**-१२२९, उत्प्रेषणसमेत, महेन्द्र राय यादव वि. जिल्ला सरकारी वकिलको कार्यालय रौतहट, गौरसमेत*

यसरी अधिकार प्राप्त निकायमा कुनै व्यक्तिले दिएको उजुरी अथवा सूचनाको आधारमा उक्त कार्यालय वा निकायले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा आवश्यक काम कारबाही सम्पन्न गर्ने अधिकार र जिम्मेवारी दुवै राख्ने नै हुन्छ । निवेदकले दाबी लिएको जबरजस्ती करणी उद्योग र ज्यान मार्ने उद्योग मुद्दा रिसइवीको कारणले दायर गरेको र झुठ्ठा आधारमा दायर भएको हो भने उक्त मुद्दामा अन्तिम सुनुवाइ हुँदा उक्त तथ्यहरू विचारणीय हुने नै देखिन्छ । यसरी साधारण अधिकारक्षेत्रअन्तर्गत मुद्दा विचाराधीन रहेको अवस्थामा अदालतको असाधारण अधिकार क्षेत्रबाट हस्तक्षेप गरिएमा साधारण क्षेत्राधिकारअन्तर्गतको कामकारबाही प्रभावित हुन गई निष्पक्ष न्याय निरूपण हुने प्रक्रिया नै अवरूद्ध हुन जान्छ । यसै सम्बन्धमा यस अदालतबाट "कानूनी राज्यमा **Due process of law** को पालना गर्नु प्रत्येक व्यक्ति तथा निकायको दायित्व हुने।

तसर्थ: जबरजस्ती करणी उद्योग र ज्यान मार्ने उद्योग मुद्दाको जाहेरवाला परिवर्तित नाम थर, वतन ३२ जिल्ला ०७७/०७८(२७) को जाहेरी दरखास्तको आधारमा उक्त मुद्दाको अनुसन्धान प्रक्रिया अगाडि बढेको र उक्त मुद्दामा भएको कामकारबाही साधिकार निकायको साधारण अधिकारक्षेत्रअन्तर्गत चलिरहेको देखिँदा निवेदन मागबमोजिमको कामकारबाहीहरू उत्प्रेषणको आदेशले बदर गर्न मिलेन। निवेदन दाबी एवं निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन सकिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

इजलास अधिकृत : रंजना विश्वकर्मा

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ मंसिर १९ गते रोज २ शुभम् ।

**४६**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-**CR**-०१३०, जबरजस्ती करणी, जितबहादुर पाठक वि. नेपाल सरकार*

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडित बालिकाको योनि तथा योनिको भित्री भाग च्यातिएको र रगत बगिरहेको तथा योनिको भित्री भागमा १५० ग्रामजति रगत जमेको, योनिको झिल्ली च्यातिएको भन्ने उल्लेख भएको पाइन्छ। वारदातस्थलमा सुकेका बाँस र बाँसका पात पतिङ्गरहरूमा रगतजस्तो पदार्थ लागेको देखिएको र जमिनमा रगतजस्तो पदार्थ यत्रतत्र छरिएको देखिएको भन्ने बेहोराको घटनास्थल मुचुल्का र प्रतिवादीको शरीरमा रहेका लुगा कपडाहरू हेर्दा कट्टुको भित्री भागमा रगतजस्तो पदार्थको सुकेको रातो टाटो तथा रगत जस्तो पदार्थका २ वटा छिटाहरू देखिएको भन्ने बेहोराको प्रतिवादीको शरीरको बरामदी खानतलासी मुचुल्का रहेको छ। घटनास्थलमा भेटिएको रगतजस्तो पदार्थ मानिसको रगत रहेको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०७२।०४।११ को प्रतिवेदनबाट देखिएको छ। पीडितको स्वास्थ्य परीक्षण गर्ने डाक्टरले अदालतमा उपस्थित भई पीडितको

योनि तथा योनिको भित्री भाग च्यातिएको, योनिबाट रगत बगिरहेको, योनिको भित्री भागमा १५० एम.एल. जति रगत जमेको, पीडितको पेन्टीमा रगत लागेको तर अन्यत्र चोट पटक देखिएन भनी बकपत्रसमेत गरेको पाइने।

तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने, सोही महलको ३(५) नं. मा "बिस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए निजलाई जबरजस्ती करणी गर्नेलाई पाँचदेखि सात वर्षसम्म कैद सजाय हुने छ" त्यसैगरी सोही महलको ३क. नं. मा "कसैले गर्भवती, असक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। बालबालिका परिपक्व मानसिक अवस्थाको भई नसकेको हुने हुँदा तिनमा आफूमाथि भइरहेको कुनै कार्यको प्रतिरोध गर्ने क्षमता नहुने तथा अरूको अनुचित बहकाउ र जालझेलमा सजिलैसँग पर्ने स्वभावका हुन्छन्। त्यसकारण प्रतिवादीले पसलबाट मिठाई दिइसकेपछि घरपछाडि लगी आफ्नो काखमा राखी म्वाईँ खाई उत्तेजित लिङ्गले पीडितको योनिमा घोच्दासमेत बालिकाले प्रतिकार गर्न सकेको नदेखिने।

तसर्थ, प्रतिवादी जितबहादुर पाठकले पीडित पोखरा ५३ लाई जबरजस्ती करणी गरेको स्थापित हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(१)नं. बमोजिमको कसुर गरेको देखिएबाट सोही महलको ३(१) नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद हुने र पीडितलाई प्रतिवादीबाट रू.५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्तिबापत भराइदिने ठहर्‍याएको सुरू कास्की जिल्ला अदालतको मिति २०७३।०२।०३ को फैसला सदर हुने गरी भएको उच्च अदालत, पोखराको मिति २०७३।११।०२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ फाल्गुन २५ गते रोज ५ शुभम् ।

**४७**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-**CI**-०६५९, बाटो निकास खुलाई चलन, मनराम भन्ने मनकुमार कुँवर वि. रामकृष्ण अधिकारी*

बाटो निकाससम्बन्धी विषयमा चन्द्रमान नाञ्जुसमेत विरूद्ध कृष्णभक्त खयरगोलीसमेत (ने. का.प. २०६९, निर्णय नं. ८९२०, अङ्क ११, पृ. १६९२) भएको भर्‍याङ्ग बाटो कायम गरिपाउँ मुद्दामा "विधिशास्त्रीय मान्यतामा स्वामित्वको अभाव भए पनि निकासको सुविधाको दृष्टिले निरन्तररूपमा भोगचलन गरिरहेको बाटो भर्‍याङ्ग आदिलाई विशेषाधिकार (**Servitude**) को रूपमा लिइने हुँदा कुनै वस्तु एकाको स्वामित्वमा भए पनि निकास आदिमा सो वस्तुउपर अरूको कायम रहेको भोगाधिकारको हक सुनिश्चित हुने" भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ। प्रस्तुत मुद्दामा यी पुनरावेदकले विपक्षीलाई बाटोको निकासा दिन्छु भनी रकम लिई बिक्रीनामाको लिखत गरी लिखित रूपमा नै कागज गरिदिएको र लामो समयसम्म निरन्तररूपमा विपक्षीले उक्त बाटो प्रयोगसमेत गरिआएको आधारमा हाल आफूले बिक्री गरिसकेको जग्गामा बाटो परेको कारण आफ्नो नाममा रहेको जग्गाबाट बाटो दिन सकिँदैन भन्न मिल्ने नदेखिने।

अतः साबिक कि.नं. २७८ कित्ताकाट भई कायमी कि.नं.३८७ को दक्षिणतर्फ कि.नं.३८८ को जग्गाबाट वादीको कि.नं.२८० को जग्गामा मानिस पशुसमेत ल्याउने लाने निकास बाटोको निमित्त प्रतिवादी मनकुमार कुँवरले बिक्रीनामाको लिखत गरी बाटोको लागि जग्गा दिएको अवस्थामा निकास बाटो खुलाई चलन पाउने ठहर्‍याएको सुरू मकवानपुर जिल्ला

अदालतको मिति २०७४।०५।९ को फैसला सदर हुने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७५।०२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। सुरू अदालतको फैसला सदर ठहऱ्याई भएको उच्च अदालतको फैसला खारेज गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ चैत्र १ गते रोज ४ शुभम् ।

**४८**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७८-**WO**-१३९५, परमादेशसमेत, सरली केवट वि. जिल्ला प्रशासन कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) समेत*

निवेदक सरली केवटले निवेदनमा उल्लेख गरेबमोजिम निजका बाबु लखन केवटको नागरिकता नं. ३६१४ जारी मिति २०३७।०४।२१ गते जिल्ला प्रशासन कार्यालय नवलपरासीबाट अङ्गीकृतको आधारमा नेपाली नागरिकता प्रमाण पत्र प्राप्त गरेको र निजको आमा अबतारी केबटिनको नागरिकता नं. २४४९ जारी मिति २०२९।०३।१० मा जिल्ला प्रशासन कार्यालय नवलपरासीबाट वंशजको नेपाली नागरिकता प्रमाण-पत्र प्राप्त गरेको र निवेदकका श्रीमान् गोरख मल्लाहले जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) बाट ना.प्र.नं. ३६३०७०/८३ जारी मिति २०६३।१०।१२ मा जन्मको आधारमा नागरिकता प्राप्त गरेको भन्ने मिसिल संलग्न कागजातबाट समेत देखिन्छ । नागरिकतासम्बन्धी नेपालको कानूनी प्रावधान हेर्दा हाल प्रचलित नेपालको संविधानको धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने हकबाट वञ्चित गरिने छैन भन्दै धारा ११(२) मा यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने मानी (क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति, (ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति भन्ने बेहोरा उल्लेख भएको छ । त्यसैगरी धारा ११(३) मा यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ भनी उल्लेख भएको देखिने।

निवेदकको बाबु र आमा दुबैले नेपाली नागरिकता प्राप्त गरेको देखिएको अवस्थामा निज निवेदकले उल्लिखित संवैधानिक व्यवस्थाको आधारमा नेपालको नागरिकता पाउन योग्यता पुगेको व्यक्ति रहेको देखिँदा निजको नेपाली नागरिकता प्राप्त गर्ने मागलाई अन्यथा भन्न मिल्ने देखिन आउँदैन। निवेदकका बाबुले अङ्गीकृत र आमाले वंशजको आधारमा नागरिकता प्राप्त गरेको भन्ने आधारमा यस अदालतबाट मिति २०७९।०२।३० मा अन्तरिम आदेशसमेत जारी भइसकेको र जिल्ला प्रशासन कार्यालय नवलपरासीको लिखित जवाफ हेर्दा नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(४) र नेपाल नागरिकता नियमावली, २०६३ को नियम (५)(६) बमोजिम आवश्यक प्रक्रिया पूरा गरी यस कार्यालयबाट अङ्गीकृत र वंशजको नागरिकता वितरण भइरहेको भन्ने उल्लेख गरेको देखिएको अवस्थामा निवेदकलाई नेपाली नागरिकता दिन नपर्ने कुनै आधार र कारण रहेको नदेखिएको हुँदा उल्लिखित संवैधानिक र कानूनी व्यवस्थाहरूको आधारमा यी निवेदकले नेपाली नागरिकता पाउनुपर्ने नै देखिने।

अतः निवेदकका बाबु आमा दुवै नेपाली नागरिक रहेको देखिएको अवस्थामा निज निवेदकले पनि नेपाली नागरिकता प्राप्त गर्नसक्ने योग्यता पुगेको देखिँदा जे जो गर्नुपर्ने कानूनी प्रक्रिया पूरा गरी नागरिकता दिनु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : सीता रेग्मी

इति संवत् २०८० साल साउन ३१ गते रोज ४ शुभम्।